पूर्णाङ्क २२, वर्ष १२, अंक १

"अभियोजनमा सुधार र व्यावसायिकता विकास"

# महान्यायाधिवक्ताको कार्यालयको बुलेटिन

## स्थापना दिवस विशेषाङ्क
## २०८२ पुस

प्रकाशक
**महान्यायाधिवक्ताको कार्यालय**
रामशाहपथ, काठमाडौं

**संरक्षक**

माननीय महान्यायाधिवक्ता श्री सबिता भण्डारी

**सल्लाहकारहरू**

नायब महान्यायाधिवक्ता श्री लोकराज पराजुली

नायब महान्यायाधिवक्ता श्री खेमराज ज्ञवाली

नायब महान्यायाधिवक्ता श्री सूर्यराज दाहाल

**सम्पादन समूह**

| | |
|---|---|
| नायब महान्यायाधिवक्ता श्री संजीवराज रेग्मी | संयोजक |
| सहन्यायाधिवक्ता श्री ईश्वरी प्रसाद ढकाल | सदस्य |
| सहन्यायाधिवक्ता श्री श्रीधर अर्याल | सदस्य |
| उपन्यायाधिवक्ता श्री प्रकाश गौतम | सदस्य |
| उपन्यायाधिवक्ता श्री पोषराज खनाल | सदस्य |
| उपसचिव (लेखा) श्री खडानन्द अधिकारी | सदस्य |
| सहायक न्यायाधिवक्ता श्री उमंग निरौला | सदस्य |

**डिजाइन** : डिजाइन चौतारी, अनामनगर

**मुद्रण** : गणपति अफसेट प्रेस, काठमाडौं ।

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(................................... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :-

मिति :-..............................

# मन्तव्य

नेपालको संविधान तथा प्रचलित कानूनले महान्यायाधिवक्ता तथा सरकारी वकीललाई प्रदान गरेको जिम्मेवारी बहन गर्न महान्यायाधिवक्ताको कार्यालय, उच्च सरकारी वकील कार्यालयहरू, विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयहरू गरी जम्मा ९७ वटा सरकारी वकील कार्यालयहरू स्थापित रहेका छन्। ती कार्यालहरूले मूलतः सरकार वादी मुद्दाको अभियोजन, नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दा मामिलामा सरकारको तर्फबाट बहस, पैरवी, प्रतिरक्षा र सङ्घीय सरकारलाई कानूनी राय प्रदान गर्ने कार्य सम्पादन गर्दछन्।

महान्यायाधिवक्ताको कार्यालयद्वारा आयोजित ७५ औं स्थापना दिवसको उपलक्ष्यमा महान्यायाधिवक्ताको कार्यालयबाट विगत एक वर्षमा भएका महत्वपूर्ण क्रियाकलाप, महान्यायाधिवक्ताबाट सरकारी वकीललाई प्रत्यायोजन भएका अधिकारहरू, महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएका निर्देशन तथा परिपत्रहरू समेत समावेश गरी महान्यायाधिवक्ताको कार्यालयको बुलेटिन (स्थापना दिवस विशेषाङ्क), २०८२ प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ। यस बुलेटिनमा समावेश भएका सामाग्रीहरूले महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूबाट सम्पादन हुने काम कारवाहीहरूमा एकरूपता ल्याउने एवं थप प्रभावकारी हुने कुरामा विश्वस्त छु।प्रकाशनमा समावेश भएका सामाग्रीहरूको व्यावहारिक प्रयोगबाट संस्था प्रतिको विश्वसनीयता अभिवृद्धि हुनुका साथै फौजदारी न्याय प्रशासनलाई अझ बढी सुदृढ बनाउन सहयोग पुग्नेछ।साथै संविधान एवं कानूनद्वारा निर्दिष्ट जिम्मेवारी प्रभावकारी रूपमा पूरा गर्न थप मद्दत पुग्ने विश्वास लिएको छु।

यो बुलेटिन तयारी गर्न निरन्तर लागि रहनुहुने सम्पादन समूहका संयोजक तथा सदस्यहरूलाई धन्यवाद दिन चाहन्छु। महान्यायाधिवक्ताको कार्यालयको ७५ औं स्थापना दिवसको अवसरमा सबै तहका सरकारी वकील, कर्मचारी तथा न्याय र कानूनको क्षेत्रसँग सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

सबिता भण्डारी

महान्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# विषय-सूची


| सि.नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | महान्यायाधिवक्ताको कार्यालयको परिचय | १ |
| २. | महान्यायाधिवक्ताको कार्यालयको वार्षिक गतिविधि | ५ |
| ३. | महान्यायाधिवक्ताको कार्यालयबाट गरिएका अध्ययनहरूको सार संक्षेप | १५ |
| ४. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन | २५ |
| ५. | अधिकार प्रत्यायोजन | ३० |
| ६. | कार्यशाला, अन्तरक्रिया, प्रशिक्षण तथा क्षमता विकास कार्यक्रम | ३२ |
| ७. | सङ्घीय प्रोवेशन तथा प्यारोल बोर्डका निर्णयहरू | ३८ |
| ८. | नियुक्त वा बढुवा हुनुभएका सरकारी वकीलहरूको विवरण | ४० |
| ९. | अधिकार प्रत्यायोजनसँग सम्बन्धित राजपत्रहरु | ४४ |
| १०. | महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएका निर्देशनहरू | ६३ |
| १२. | सरकार वादी फौजदारी मुद्दा मिलापत्र सम्बन्धी मापदण्ड, २०८० | १०४ |
| १३. | वि.स. २०८२ साल भदौ २४ गतेको घटनाबाट क्षति पुगेका सरकारी वकील कार्यालयहरू | १०९ |

# १. महान्यायाधिवक्ताको कार्यालयको परिचय

नेपालको संविधानले नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा मातहतका सरकारी वकीलबाट सरकारको प्रतिनिधित्व गर्ने, संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने, नेपाल सरकार विरूद्ध दायर भएका मुद्दा मामिलामा सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा आफन्त वा कानून व्यवसायीसँग भेटघाट गर्न नदिएको उजुरी वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने र नेपाल सरकार र सरकारी निकायलाई संवैधानिक एवं कानूनी प्रश्नमा कानूनी राय उपलब्ध गराउने समेतको काम, कर्तव्य र अधिकार महान्यायाधिवक्तालाई तोकेको छ। महान्यायाधिवक्ताको संवैधानिक जिम्मेवारी बहन गर्न र कार्यसम्पादन गर्न देशभर विभिन्न तहमा सरकारी वकील कार्यालयको स्थापना गरी फौजदारी न्याय प्रशासन लगायतका कार्यसम्पादन ती कार्यालयहरूबाट हुँदै आएको छ।

समग्रमा सरकारी वकील नेपाल सरकारको कानूनी सल्लाहकार हो। नेपाल सरकारको हक, हित र सरोकार निहित रहेको मुद्दामा नेपाल सरकारको तर्फबाट अदालतमा प्रतिनिधित्व गर्ने पदाधिकारी हो। नेपाल सरकारको मुख्य अभियोजनकर्ता हो। पीडितलाई न्याय र पीडकलाई सजाय दिलाउने पदाधिकारी हो। अदालतको सहयोगी हो। कानूनी शासनको प्रवर्धनकर्ता हो। सरकारी वकीलको तहगत वर्गीकरण सरकारी वकील सम्बन्धी नियमावली, २०७७ ले गरेको छ। जस अनुसार महान्यायाधिवक्ताको पद संवैधानिक पद र सो बाहेक अन्य सरकारी वकीलको पद निजामती सेवाको नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्राङ्कित पद हो।

## १.१ पूर्व महान्यायाधिवक्ताहरूको नाम, थर र पदावधि

| क्र.स. | नाम थर | पदावधि |
|---|---|---|
| १ | श्री कालीप्रसाद उपाध्याय | २००९ – २०१२ |
| २ | श्री शम्भुप्रसाद ज्ञवाली | २०१६ – २०२७ |
| ३ | श्री रमानन्दप्रसाद सिंह | २०२७।०८।२५ – २०३८।०१।२८ |

| क्र.स. | नाम थर | पदावधि |
|---|---|---|
| ४ | श्री कृष्णप्रसाद घिमिरे | २०३८।२।१४ – २०४४।२।१३ |
| ५ | श्री मेघराज बहादुर विष्ट | २०४४।२।१४ – २०४७।१०।२० |
| ६ | श्री मोतीकाजी स्थापित | २०४७।१०।२३ – २०५१।०८।१३<br>२०५२।०७।२० – २०५३।११।२७ |
| ७ | श्री सर्वज्ञरत्न तुलाधार | २०५१।०८।२६ – २०५२।०५।२७ |
| ८ | श्री प्रेमबहादुर विष्ट | २०५४।०१।०५ – २०५५।०१।२८<br>२०५९।०१।२३ – २०५९।०९।०५ |
| ९ | श्री बद्रीबहादुर कार्की | २०५५।०२।०१ – २०५८।१२।२२ |
| १० | श्री कृष्णराम श्रेष्ठ | २०५९।११।०९ – २०६०।०५।२६ |
| ११ | श्री सुशिलकुमार पन्त | २०६०।०५।३० – २०६१।०४।०६ |
| १२ | श्री महादेव प्रसाद यादव | २०६१।०४।२२ – २०६१।१०।२२ |
| १३ | प्रा. पवनकुमार ओझा | २०६१।११।०६ – २०६२।०९।१० |
| १४ | श्री लक्ष्मीबहादुर निराला | २०६२।०९।११ – २०६३।०१।१५ |
| १५ | श्री यज्ञमूर्ती बन्जाडे | २०६३।०१।२९ – २०६५।०४।३१ |
| १६ | श्री राघवलाल बैद्य | २०६५।०५।०५ – २०६६।०२।११ |
| १७ | प्रा. डा. भरतबहादुर कार्की | २०६६।०३।०४ – २०६७।०८।०३ |
| १८ | प्रा. डा. युवराज संग्रौला | २०६७।११।०२ – २०६८।०५।१२ |
| १९ | श्री मुक्तिनारायण प्रधान | २०६८।०५।२३ – २०६९।१२।०२ |
| २० | श्री द्रोणराज रेग्मी | २०६९।१२।११ – २०७०।१०।२७ |
| २१ | श्री बाबुराम कुँवर | २०७०।११।०५ – २०७२।०६।२५ |
| २२ | श्री हरिकृष्ण कार्की | २०७२।०६।२८ – २०७२।११।१८ |
| २३ | श्री हरि प्रसाद फुयाल | २०७३।०१।०६ – २०७३।०४।१९ |

| क्र.स. | नाम थर | पदावधि |
|---|---|---|
| २४ | श्री रमणकुमार श्रेष्ठ | २०७३।०४।२४ – २०७४।०४।२९ |
| २५ | श्री वसन्तराम भण्डारी | २०७४।०५।०२ – २०७४।११।०३ |
| २६ | श्री अग्नि प्रसाद खरेल | २०७४।११।०८ – २०७७।१२।०६ |
| २७ | श्री खम्मबहादुर खाती | २०७८।०३।३१ – २०७९।०९।११ |
| २८ | डा. दिनमणी पोखरेल | २०७९।०९।१३ – २०८१।०३।३० |
| २९ | श्री रमेश बडाल | २०७७।१२।०८ – २०७८।०३।२९<br>२०८१।०४।०२ – २०८२।०५।२४ |

## १.३ महान्यायाधिवक्ताको कार्यालयको संगठनात्मक स्वरूप तथा दरबन्दी



नेपाल भर रहेका १८ वटा उच्च सरकारी वकील कार्यालयमा नेपाल न्याय सेवा सरकारी वकील समूहका राजपत्राङ्कित प्रथम श्रेणीका सहन्यायाधिवक्ताको नेतृत्वमा रहने व्यवस्था छ। विशेष प्रकृतिका मुद्दाहरू जस्तैः भ्रष्टाचार, प्रशासकीय अदालत र राजश्व न्यायाधीकरणमा दायर हुने मुद्दाहरूमा विशेष सरकारी वकील कार्यालयबाट बहसपैरवी र प्रतिरक्षा हुन्छ। साथै वैदेशीक रोजगार न्यायाधीकरणमा दायर हुने वैदेशीक रोजगारसम्बन्धी मुद्दाहरू वैदेशीक रोजगार विभागबाट अनुसन्धान भई प्राप्त मिसिलमा मुद्दा चलाउने वा नचलाउने निर्णय यही कार्यालयबाट हुनुका साथै बहस पैरवी हुन्छ। विशेष सरकारी वकील कार्यालयमा पनि नेपाल न्याय सेवा सरकारी वकील समूहका राजपत्राङ्कित प्रथम श्रेणीका सहन्यायाधिवक्ताको नेतृत्वमा रहने व्यवस्था छ।

त्यसै गरी प्रत्येक जिल्लामा एउटा सरकारी वकील कार्यालय गरी कुल ७७ वटा जिल्ला सरकारी वकील कार्यालयहरू रहेका छन्। जिल्ला सरकारी वकील कार्यालय, काठमाण्डौमा राजपत्राङ्कित प्रथम श्रेणीका र अन्य ७६ जिल्लामा राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी वकीलको नेतृत्व रहेको छ।

हाल महान्यायाधिवक्ताको कार्यालयमा १ संवैधानिक, ४ रा.प. विशिष्ट श्रेणी, १४ रा.प. प्रथम श्रेणी, २४ रा.प. द्वितीय श्रेणी र १६ रा.प. तृतीय श्रेणीका गरी जम्मा ५९ जना सरकारी वकीलको दरबन्दी रहेको छ। उच्च सरकारी वकील कार्यालयमा १८ रा.प. प्रथम श्रेणी, ३२ रा.प. द्वितीय श्रेणी र ६१ रा.प. तृतीय श्रेणीका गरी जम्मा १११ जना सरकारी वकील, विशेष सरकारी वकील कार्यालयमा १ रा.प. प्रथम श्रेणी, १४ रा.प. द्वितीय श्रेणी र ५ रा.प. तृतीय श्रेणीका गरी जम्मा २० सरकारी वकीलको दरबन्दी रहेको छ। जिल्ला सरकारी वकील कार्यालयमा १ रा.प. प्रथम श्रेणी, ८६ रा.प. द्वितीय श्रेणी र १७१ रा.प. तृतीय श्रेणीका गरी जम्मा २५८ सरकारी वकील गरी महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरूमा हाल ४४८ सरकारी वकीलको दरबन्दी रहेको छ। सरकारी वकील कार्यालय बाहेकका अन्य निकायमा ४ रा.प. प्रथम श्रेणी, १८ रा.प. द्वितीय श्रेणी र ५१ रा.प. तृतीय श्रेणीका गरी जम्मा ७३ सरकारी वकीलको दरबन्दी गरी देशभर सरकारी वकीलको कुल दरबन्दी ५२१ रहेको छ।

# २. महान्यायाधिवक्ताको कार्यालयको वार्षिक गतिविधि

## २.१ महान्यायाधिवक्ताको पदमा नियुक्ति र पदवहाली



सम्माननीय प्रधानमन्त्री श्री सुशीला कार्कीको सिफारिसमा नेपालको संविधानको धारा १५७ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलबाट मिति २०८२।०५।२९ मा श्री सबिता भण्डारीलाई माननीय महान्यायाधिवक्ताको पदमा नियुक्त गर्नु भएको थियो।



माननीय महान्यायाधिवक्ता श्री सबिता भण्डारीले सोही मितिमा सम्माननीय प्रधानन्यायाधीशज्यूबाट शपथ ग्रहण गरी पदवहाली गर्नु भएको थियो।

## २.२ सरकारी वकील कार्यालयहरूको भवन शिलान्यास

तत्कालीन माननीय महान्यायाधिवक्ता श्री रमेश वडालबाट देहायका सरकारी वकील कार्यालयहरूको भवन शिलान्यास भएको थियो। शिलान्यास भएका कार्यालयका भवनहरू हाल निर्माणाधीन अवस्थामा रहेका छन्।

| सि.नं. | सरकारी वकील कार्यालय | शिलान्यास मिति |
|---|---|---|
| १ | उच्च सरकारी वकील कार्यालय, पाटन | २०८२।०१।२९ |
| २ | उच्च सरकारी वकील कार्यालय, दिपायल | २०८२।०५।१६ |
| ३ | जिल्ला सरकारी वकील कार्यालय, मनाङ्ग | २०८१।१०।२८ |




जिल्ला सरकारी वकील कार्यालय, मनाङ्गको नवनिर्मित भवनको शिलान्यास





जिल्ला सरकारी वकील कार्यालय, मनाङ्गको निर्माणाधीन भवन



उच्च सरकारी वकील कार्यालय, दिपायलको नवनिर्मित भवनको शिलान्यास




उच्च सरकारी वकील कार्यालय, पाटनको नवनिर्मित भवनको शिलान्यास

## २.३ महान्यायाधिवक्तासँग कूटनीटिक प्रतिनिधिहरूको भेटघाट

मानानीय महान्यायाधिवक्ताज्यूबाट भएको कुटनीतिक भेटघाट यसप्रकार रहेको छ।

| S. N. | Name/Head of the Delegation | Position | Country/ Institute | Visit Date |
|---|---|---|---|---|
| 1. | Mr. Igor Krasnov | Prosecutorate General | Russia | May 16, 2025 |
| 2. | Mr. Nicolas Levrat | Special Rapporteur on minority issues | UNHRC | December 5, 2025 |



रूसका Prosecutorate General र तत्कालिन माननीय महान्यायाधिवक्ता श्री रमेश बडालज्यू बीच शिष्टाचार भेटघाट पछि लिईएको तस्विर



अल्पसंख्यक सम्बन्धी मामिलामा संयुक्त राष्ट्रसंघको विशेष प्रतिवेदक श्री निकोलस लेभराट र माननीय महान्यायाधिवक्ता श्री सबिता भण्डारीबीच सम्बन्धित विषयहरूमा छलफल पश्चात लिइएको तस्विर

## २.४ समुदायमा सरकारी वकील तथा कानूनी सचेतना कार्यक्रम

महान्यायाधिवक्ताको कार्यालयबाट सञ्चालित समुदायमा सरकारी वकील कार्यक्रमको विवरण

| क्र.स. | कार्यक्रम सञ्चालन मिति | कार्यक्रम सञ्चालन भएको जिल्ला | सहभागी संख्या |
|---|---|---|---|
| १ | २०८१ फाल्गुन चैत्र २ देखि ८ | तनहुँ, लम्जुङ्ग र मनाङ्ग | १८७ |
| २ | २०८२ वैशाख ९ देखि १५ | ओखलढुङ्गा र सोलुखुम्बु | ९८ |
| ३ | २०८२ वैशाख १२ देखि १८ | पर्वत, म्याग्दी र मुस्ताङ्ग | १९८ |
| ४ | २०८२ श्रावण ३ देखि ६ | बाँके, बर्दिया र हुम्ला | ११२ |
| ५ | २०८२ श्रावण २९ देखि भाद्र ३ | रसुवा, नुवाकोट र धादिङ्ग | १४२ |

## २.५ सरकारी वकील कार्यालयको निरीक्षण तथा अभियोजन परीक्षण

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ९ को उपनियम (६) मा महान्यायाधिवक्ताको कार्यालयले सबै सरकारी वकील कार्यायलयको वर्षको कम्तीमा एक पटक निरीक्षण तथा अनुगमनगर्नु पर्ने कानूनी व्यवस्था छ। सो बमोजिम महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका कार्यालयहरूको काम कारवाहीको बारेमा निरीक्षण तथा अनुगमन गरी अभियोजन परीक्षण लगायत सरकारी वकील कार्यालयबाट सम्पादन भएका काम कारवाहीको अवस्था मूल्याङ्कन गरी आवश्यक निर्देशन दिइएको छ। अनुगमन तथा निरीक्षणबाट सरकारी वकीलको कार्यसम्पादनमा एकरूपता कायम गर्न तथा आगामी दिनका लागि मार्गदर्शन समेत प्रदान गरेको अवस्था छ। विगत एक वर्षमा देहायका अधिकारीबाट देहायका सरकारी वकील कार्यालयहरूको काम कारबाहीको निरीक्षण तथा अभियोजन परीक्षण गरी आवश्यक निर्देशन समेत दिइएको छः

| क्र. स. | निरिक्षण गर्ने अधिकारी | निरीक्षण भएको कार्यालय, हिरासत तथा कारागार | अनुगमन मिति |
|---|---|---|---|
| १ | सहन्यायाधिवक्ता श्री ध्रुवकुमार चौहान | झापा | २०८१ पौष |
| २ | नायब महान्यायाधिवक्ता डा. टेक बहादुर घिमिरे | रामेछाप | २०८१ माघ |
| ३ | माननीय महान्यायधिवक्ता श्री रमेश बडाल | बीरगंज | २०८१ माघ |
| ४ | उपन्यायाधिवक्ता श्री पोषराज खनाल | पाल्पा, अर्घाखाँची | २०८१ माघ |
| ५ | सहन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली | चितवन, तनहुँ | २०८१ माघ |
| ६ | सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल | झापा | २०८१ माघ |
| ७ | नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल | तनँहु, लम्जुङ्ग, मनाङ्ग | २०८१ चैत्र |
| ८ | सहन्यायाधिवक्ता श्री कृष्णराज पन्त | म्यागदी, बाग्लुङ्ग | २०८१ चैत्र |
| ९ | नायब महान्यायाधिवक्ता श्री लोकराज पराजुली | सिरहा, महोत्तरी, सर्लाही, बारा, रौतहट | २०८१ चैत्र |
| १० | नायब महान्यायाधिवक्ता डा. टेक बहादुर घिमिरे | कैलाली, कञ्चनपुर | २०८१ चैत्र |

| क्र.स. | निरिक्षण गर्ने अधिकारी | निरीक्षण भएको कार्यालय, हिरासत तथा कारागार | अनुगमन मिति |
|---|---|---|---|
| ११ | माननीय महान्यायधिवक्ता श्री रमेश बडाल | सुर्खेत | २०८१ चैत्र |
| १२ | सहन्यायाधिवक्ता श्री गोबिन्द खनाल | सुर्खेत, दैलेख, अछाम, बझाङ्ग | २०८१ चैत्र |
| १३ | नायब महान्यायाधिवक्ता श्री लोकराज पराजुली | मोरङ्ग, झापा | २०८२ वैशाख |
| १४ | माननीय महान्यायधिवक्ता श्री रमेश बडाल | रुपन्देही, कपिलवस्तु, अर्घाखाँची | २०८२ वैशाख |
| १५ | नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल | खोटाङ्ग, भोजपुर, संखुवासभा, मोरङ्ग | २०८२ जेठ |
| १६ | सहन्यायाधिवक्ता श्री सन्देश श्रेष्ठ | बाँके, बर्दिया, कैलाली | २०८२ जेठ |
| १७ | नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल | मकवानपुर, बारा | २०८२ जेठ |
| १८ | सहन्यायाधिवक्ता श्री दिनेश प्रसाद घिमिरे | कास्की, पाल्पा, रुपन्देही | २०८२ जेठ |
| १९ | माननीय महान्यायधिवक्ता श्री रमेश बडाल, नायब महान्यायाधिवक्ता श्री लोकराज पराजुली | बाँके, दाङ, सल्यान | २०८२ असार |
| २० | नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल | सुर्खेत, दैलेख, जाजरकोट | २०८२ साउन |
| २१ | नायब महान्यायाधिवक्ता श्री लोकराज पराजुली | सुनसरी, धनकुटा | २०८२ असोज |
| २२ | माननीय महान्यायधिवक्ता श्री सबिता भण्डारी | हेटौंडा, मकवानपुर | २०८२ असोज |
| २३ | सहन्यायाधिवक्ता श्री मिना गुरुङ्ग | कास्की, पर्वत, बाग्लुङ्ग | २०८२ कार्तिक |

| क्र.स. | निरिक्षण गर्ने अधिकारी | निरीक्षण भएको कार्यालय, हिरासत तथा कारागार | अनुगमन मिति |
|---|---|---|---|
| २४ | सहन्यायाधिवक्ता श्री ईश्वरी ढकाल | तनँहु, म्याग्दी, मुस्ताङ | २०८२ कार्तिक |
| २५ | सहन्यायाधिवक्ता श्री दिनेश प्रसाद घिमिरे | सुर्खेत, मुगु, कालिकोट | २०८२ कार्तिक |
| २६ | सहन्यायाधिवक्ता श्री कृष्णराज पन्त | खोटाङ्ग, सोलुखुम्बु, ओखलढुङ्गा | २०८२ कार्तिक |
| २७ | सहन्यायाधिवक्ता श्री गंगाप्रसाद पौडेल | नेपालगंज, बर्दिया, रुकुम पश्चिम | २०८२ कार्तिक |
| २८ | माननीय महान्यायधिवक्ता श्री सबिता भण्डारी | पर्सा, रौतहट | २०८२ कार्तिक |
| २९ | उपन्यायाधिवक्ता श्री गोपाल लामिछाने | बाँके, बर्दिया, नवलपरासी पूर्व | २०८२ मंसिर |
| ३० | सहन्यायाधिवक्ता श्री अच्यूतमणि नेउपाने | सर्लाही, धनुषा, रौतहट | २०८२ मंसिर |
| ३१ | नायब महान्यायाधिवक्ता श्री खेमराज ज्ञवाली | रामेछाप, दोलखा, सिन्धुपालचोक, काभ्रेपलाञ्चोक | २०८२ मंसिर |

## २.६ बालसुधार गृह, हिरासत तथा कारागारको अनुगमन र निर्देशन

नेपालको संविधानको धारा १५८ को उपधारा (६) को देहाय (ग) मा महान्यायाधिवक्तालाई हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्नेउजूरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार रहेको छ। कारागार ऐन, २०७९ को दफा ४२ ले कारागारमा रहेको बन्दीलाई मानवोचित व्यवहार गरेको वा नगरेको, बन्दीलाई आफन्त तथा कानून व्यवसायीसँग भेटघाट गर्न दिए नदिएको, कारागारका बन्दीले प्रचलित कानून बमोजिम कैद वा थुनामा बस्नु पर्ने अवधि पूरा भएपछि तत्काल थुना मुक्त हुने

गरे नगरेको, प्रचलित कानून बमोजिम कारागार प्रशासकले गर्नु पर्ने काम कारबाही गरे नगरको, ऐन बमोजिम बन्दीले पाउने सुविधा प्राप्त गरेको सम्बन्धी विषयहरू महान्यायाधिवक्ता वा निजले तोकेको अधिकारीले प्रत्येक वर्ष कम्तीमा एक पटक निरीक्षण गर्नु वा गराउनु पर्नेछ भनि कारगार निरीक्षणको जिम्मेवारी महान्यायाधिवक्तालाई दिएको छ। यसै गरी सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ११ को उपनियम (१) को खण्ड (छ) बमोजिम कारागार तथा हिरासतमा रहेका कैदी तथा थुनुवाको मानव अधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने अधिकार समेत महान्यायाधिवक्तालाई रहेको छ। सो बमोजिम महान्यायाधिवक्ता तथा निजले अधिकार प्रत्यायोजन गरे बमोजिम नायब महान्यायाधिवक्ता र सहन्यायाधिवक्ताहरूबाट विभिन्न जिल्लाका हिरासत, कारागार तथा बालसुधार गृहको अनुगमन गरी सुधारका लागि सुझाव दिइएको छ।विगत एक वर्षमा देहायका अधिकारीवाट देहायका जिल्लाका हिरासत, कारागारमा रहेका थुनुवा तथा कैदी एवं बालसुधार गृहमा रहेका बालबालिकाको मानव अधिकारको अवस्थाका बारेमा अनुगमन गरी सम्बन्धित अधिकारीलाई निर्देशन दिइएको थियो।

| क्र. सं. | अनुगमन मिति | हिरासत तथा कारागार रहेका जिल्लाहरू | बालसुधार गृह रहेको जिल्ला | अनुगमन गर्ने अधिकारी |
|---|---|---|---|---|
| १ | २०८१ फाल्गुन १६ देखि १८ गते सम्म | बारा, पर्सा, रौतहट | पर्सा | नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल |
| २ | २०८१ चैत्र २७ देखि २०८२ वैशाख ०२ गते सम्म | सुर्खेत, दैलेख, अछाम, डोटी | डोटी | महान्यायाधिवक्ताश्री रमेश बडाल, नायब महान्यायाधिवक्ता डा. टेक बहादुर घिमिरे |
| ३ | २०८२ जेठ ०२ देखि ०९ गते सम्म | मोरङ्ग, संखुवासभा, खोटाङ्ग र भोजपुर | मोरङ्ग | नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल |
| ४ | २०८२ जेठ ११ देखि १७ गते सम्म | कास्की, रूपन्देही, पाल्पा | कास्की रूपन्देही | सहन्यायाधिवक्ता श्री दिनेश प्रसाद घिमिरे |
| ५ | २०८२ जेठ ११ देखि १७ गते सम्म | बाँके, बर्दिया र कैलाली | बाँके | सहन्यायाधिवक्ता श्री सन्देश श्रेष्ठ |
| ६ | २०८२ जेठ २३ देखि २९ गते सम्म | मकवानपुर र बारा | मकवानपुर | नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल |
| ७ | २०८२ भदौ १५ गते | - | भक्तपुर | सहन्यायाधिवक्ता श्री ध्रुवकुमार चौहान |

# ३. महान्यायाधिवक्ताको कार्यालयबाट गरिएका अध्ययनहरूको सार संक्षेप

## ३.१ सुधारात्मक दण्ड व्यवस्थाका सम्बन्धमा तुलनात्मक विश्लेषण सहितको अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०८१

फौजदारी न्याय प्रणालीमा मानव अधिकार, मानवीय संवेदना र वैज्ञानिक सजायले मान्यता पाए पछि सुधारात्मक दण्ड व्यवस्था फौजदारी कानूनको अभिन्न अंगको रूपमा देखिएको छ। सुधारात्मक दण्ड प्रणाली सम्बन्धी तुलनात्मक विश्लेषण सहितको अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०८१ तयार गर्नका लागि कार्यदल गठन भएको थियो। प्रतिवेदनको निष्कर्ष देहाय बमोजिम रहेको छः

- फौजदारी न्याय प्रणालीप्रति सर्वसाधारणको भरोसा र जनआस्था अभिवृद्धि गर्नुपर्ने प्रमुख अभिभारा रहने महान्यायाधिवक्ताको संयोजकत्वमा रहने सजाय सुझाव समिति, निजको संयोजकत्वमा रहने सङ्घीय प्रोवेशन तथा प्यारोल बोर्ड, निजको संयोजकत्वमा रहने अपराध पीडित संरक्षण समिति आदिबाट नीतिगत, कानूनी र संस्थागत प्रबन्ध मार्फत मुलुकको फौजदारी न्याय प्रशासनलाई थप सुदृढ गर्दै सोको निरन्तर सुधारमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।
- यस अध्ययनमा समस्या समाधानमुखी पद्धति अपनाई सुधारात्मक दण्ड प्रणालीको कार्यान्वयनमा देखिएका समस्याहरू र कारक तत्वहरू पहिल्याई समस्या समाधानको लागि चाल्नुपर्ने कदमहरू सुझाइएको छ।
- आधुनिक र सुधारात्मक दण्ड प्रणालीमा पीडित, पीडक र समाज समेतको सहभागिता रहने सजायको मुख्य उद्देश्य कसूरदारको आचरण र चालचलनमा सुधार गर्ने र मूलतः कसूरदारलाई रोगीको रुपमा हेरी चिकित्सकले बिरामीको रोग पहिचान गरी निको पारे झैं कसूरदारको शारीरिक, मानसिक, मनोवैज्ञानिक, सामाजिक, आर्थिक अवस्था समेतको पहिचान गर्दै यथोचित उपचार मार्फत सुधार गरेर समाजमा पुनर्स्थापित गर्ने, मानवीयताको हिसाबले हेर्ने, निजको मानव अधिकारको संरक्षण गर्ने, निजलाई त्यस्ता कसूर पुनः नदोहोरिने प्रतिबद्धता व्यक्त गर्न लगाई निजबाट समाजलाई सुरक्षित राख्ने, निजलाई पश्चाताप गर्ने मौका दिने र पीडितप्रति दायित्वाधिन बनाउने एवं पीडितलाई क्षतिपूर्ति दिलाई निजको समेत पुनर्स्थापनामा कसूरदारको प्रमुख भूमिका हुने कुरामा जोड दिइएको छ।
- वर्तमान समयमा विकसित र सभ्य समाजमा दिनानुदिन सुधारात्मक दण्ड प्रणालीलाई अत्याधुनिक

बनाउने होड नै चलेको भएपनि पीडितले क्षतिपूर्ति तथा पुनर्स्थापना सहितको न्याय पाउने अधिकार र समाजले सुरक्षाको महसुस गर्ने कुरामा भने कुनै सम्झौता (कम्प्रमाइज) नहुने तर्फ उत्तिकै सतर्क हुने गरेको पाइन्छ।

- सुधारात्मक दण्ड प्रणालीको अवलम्बन गर्दा एकातर्फ कैदीको उर्जाशील समयको पूर्ण सदुपयोग गर्दै निजको समेत राष्ट्र निर्माणमा योगदान पुग्न सक्ने, निजको चालचलन र चरित्रमा सुधार आई पुनर्स्थापनाको माध्यमबाट निज अनुशासित र सभ्य नागरिक बन्न उत्प्रेरित हुने सम्भावना प्रबल हुन्छ भने अर्कोतर्फ कैदीलाई कारागारमा राख्दा हुने सरकारी खर्चमा कटौती भई सो रकम विकास निर्माण कार्यमा लगाउन पाइने,कैदी उपर मानवीयता प्रदर्शन भई निजको मानव अधिकारको संरक्षण हुने र निजलाई सुधार गर्नमा समाजको समेत योगदान रहने सम्भावना रहन्छ।
- आधुनिक र सुधारात्मक दण्ड प्रणाली अन्तर्गत विश्वमा हालसम्म प्रचलनमा रहेका विभिन्न विधिहरू मध्ये नेपालमा आत्मसात गरिएका विधिहरूमा कैदीलाई सामुदायिक सेवामा लगाउने, प्रोवेशन वा प्यारोलमा छाड्ने, सुधार गृह तथा पुनर्स्थापना केन्द्रमा पठाउने, खुला कारागारमा पठाउने, रात्रीकालीन तथा सप्ताहको अन्तिम दिन कारागारमा बस्ने सुविधा दिने, कैद बापत शारीरिक श्रम गर्ने लगायतका रहेका छन्।
- कैदलाई अन्तिम विकल्पको रुपमा आत्मसात् गर्नुपर्ने कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र कैदी उपर मानवीय व्यवहार प्रदर्शन गर्दै निजको मानव अधिकारको पनि संरक्षण गर्ने तर्फ थप सजग र सतर्क हुन जरुरी देखिन्छ।
- अध्ययनमा मूलतः प्रचलित नेपाल कानूनमा आत्मसात् गरिएका सुधारात्मक दण्ड प्रणाली सम्बन्धी सबै विधिहरू वा पद्धतिहरूलाई कार्यान्वयनमा ल्याउनु पर्ने लगायतका विषयमा सुझाव दिइएको छ।
- सुधारात्मक दण्ड विधि मध्ये कतिपय विधिहरू जस्तै प्रोवेशन र प्यारोलमा छाड्ने विषय अवधारणात्मक रुपमै भिन्न भए तापनि एउटै प्रोवेशन तथा प्यारोल बोर्डको गठन तथा सो बोर्डको काम, कर्तव्य, अधिकार तोकिएको अवस्था एवं प्रोवेशन अधिकृत र प्यारोल अधिकृतको दायित्व, भूमिका र जिम्मेवारी फरक फरक हुने भए तापनि नेपाल सरकारले प्रोवेशन वा प्यारोल अधिकृत तोक्ने विषयलाई एउटै विषय भए जसरी भएको कानूनी व्यवस्थामा संशोधन मार्फत सुधार ल्याउनु पर्ने समेतका सुझाव दिइएको छ।

## ३.२ मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) को कार्यान्वयन सम्बन्धमा तयार पारिएको प्रतिवेदन, २०८१

लैङ्गिक हिंसाका मुद्दामा पीडितलाई न्यायमा पहुँच सुनिश्चित गर्न, पीडितलाई उद्धार तथा संरक्षण गर्न र कसूरदारलाई कानूनको दायमा ल्याउन यो प्रतिवेदन तयार गरिएको छ। यसका मुख्य उद्देश्यहरू लैंगिक हिंसा र यसको निवारणका सम्बन्धमा विभिन्न दस्तावेजमा छरिएर रहेका कानूनी र नीतिगत व्यवस्था एकिकृत गर्ने, लैङ्गिक हिंसासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाबारे जानकारी दिने, लैङ्गिक हिंसाको न्यायमा सहज पहुँचका लागि कसूरको सूचमा दिने, अभियोजन प्रक्रिया, प्रमाण सङ्कलन र पीडितको संरक्षणका उपायहरूबारे जानकारी दिने, सरोकारवालालाई लैङ्गिक हिंसा सम्बन्धी कसूरमा संवेदनशील बन्न तथा पीडित-केन्द्रित न्याय प्रणाली कार्यान्वयन गर्न सहयोग गर्ने र लैङ्गिक हिंसा सम्बन्धी चुनौतीहरू र तिनलाई समाधान गर्ने उपायहरू सुझाउने रहेका छन्।कार्यदललेमहिला विरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवं नियन्त्रणको लागि कानूनी उपचार सम्बन्धमानीतिगत, कानूनी, संरचनागत, व्यवस्थापकीय र कार्यविधिगत पक्षलाई समेटि प्रतिवेदन तयारगरेको छ। प्रतिवेदनको निष्कर्ष देहाय बमोजिमरहेको छः

१. सङ्घीय प्रोवेशन तथा प्यारोल बोर्डको कार्य प्रभावकारिताका लागि निम्नानुसारका तरिका तथा उपायहरू सिफारिस गरेको छः

- प्रोवेशन तथा प्यारोल बोर्डको संगठन, व्यवस्थापन र कार्यसञ्चालनका लागि नियमावली तर्जुमा गरी दक्ष जनशक्तियुक्त साधन, स्रोत सम्पन्न बनाउने,
- आवश्यक जनशक्ति, बजेट र भौतिक पूर्वाधार सुनिश्चित गर्ने,
- हाल तर्जुमा गरिएको प्यारोल तथा प्रोवेशन नीतिले आत्मसाथ गरेका विषयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- प्यारोलमा राख्ने सम्बन्धी प्रचलित कानूनी व्यवस्था पुनरावलोकन गरी नकारात्मक सूची हटाई यसको दायरालाई फराकिलो बनाउने साथै प्यारोलका शर्तको उल्लङ्घनका कार्यलाई अपराधिकरण गरी थप सजायको व्यवस्था गर्ने,
- प्यारोलमा राख्ने मापदण्ड तथा कार्यविधिलाई समय सापेक्ष रूपमा पुनरावलोकन गरी स्पष्ठ र सरल बनाउने,
- प्रोवेशन तथा प्यारोल सम्बन्धी संस्थागत र कानूनी सुधार तथा प्रभावकारी कार्यान्वयनका लागि अध्ययन गरी सुझाव दिन प्रतिबद्ध विज्ञ समूह गठन गर्ने,
- विशेषज्ञ अध्ययन समूहबाट प्राप्त प्रतिवेदनको कार्यान्वयन गर्ने,

- प्रोवेशन तथा प्यारोल सम्बन्धी कार्य गर्ने स्थायी जनशक्तिका चयनका साथै क्षमता अभिवृद्धि गर्ने।
- असल र सफल अभ्यास भएका देशले अवलम्बन गरेका अनुगमन र निगरानी प्रणालीलाई अवलम्बन गर्ने, यस्तो निगरानी प्रणाली अवलम्वन गर्दा विद्युतीय निगरानीका (Digital Tracking, Electronic Monitoring) साथै सामाजिकीकरणको अवस्थाको अध्ययनलाई प्राथमिकता दिने,
- प्यारोलमा छाडिएका व्यक्ति र प्यारोल अधिकृत बीचको निरन्तर सम्पर्क, निगरानी र प्रतिवेदन दिने व्यवस्था गर्ने,
- प्यारोलमा छुटेका व्यक्तिलाई शीपमूलक/आय आर्जन/व्यावसायिक कार्यमा संलग्न गराई आचरण, स्वास्थ्य र व्यवहारमा आएको सुधारको मूल्याङ्कन गर्ने,
- प्रोवेशन वा प्यारोलमा छाडिएका व्यक्तिलाई रोजगारी, परामर्श, तालिम र सामाजिक समायोजनमा सहयोग गर्ने,
- कारागार अनुगमन गर्ने कर्तव्य र जिम्मेवारीमा रहेका अधिकारीले कारागार भित्र कानूनी सचेतना र जानकारीमूलक कार्यक्रम आयोजना गर्ने,
- नेपाल सरकारले स्थानीय तह, गैरसरकारी संस्था, र निजी क्षेत्रसँग समन्वय गरेर पुनस्थापना कार्यक्रम कार्यान्वयन गर्ने।
- अपराध गर्ने कैदीलाई समाजमा सुधार र दोस्रो मौका दिने क्षमाशील संस्कार विकास गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
- जनचेतनामूलक कार्य समेत सुधारात्मक दण्ड प्रणालीसँग जोडिने अन्य निकायसँग समन्वय र सहकार्य गरी गर्ने,
- सञ्चार जगत, विद्यालय र समुदायस्तरमा सकारात्मक सन्देश फैलाउने गरी कार्य गर्ने।
- न्याय प्रशासन सम्बद्ध र सहयोगी निकाय कारागार, अदालत, प्रहरी, सरकारी वकील सामाजिक सेवा निकाय र स्थानीय तहबीच नियमित समन्वय कायम गरी कार्य गर्ने,
- अन्तरसंस्थागत समन्वय गरी कार्य गर्दा अन्तर्राष्ट्रिय सहयोग समेत लिई संयुक्त कार्यदल वा कार्यसमूह बनाएर कार्यक्रम गर्ने,
- निर्णयको कार्यान्वयनमा समेत समन्वय र सहकार्यलाई अवलम्बन गरी सहजता ल्याउने।

२. संक्रमणकालिन न्याय प्रशासन सम्पादनमा सरकारी वकीलको भूमिका प्रभावकारी बनाउने सम्बन्धमा

- सरकारी वकीललाई कानूनले सुम्पिएको जिम्मेवारी सम्बन्धमा सिफारिस गरेको छ।
- सरकारी वकीलले महान्यायधिवक्ताको कार्यालयबाट संक्रमणकालीन न्यायमा निर्वाह गर्नुपर्ने भूमिका सम्बन्धमा सिफारिस गरेको छ।
- सरकारी वकीलले आयोगमा रही आयोगका कर्मचारीका हैसियतले निर्वाह गर्नुपर्ने भूमिका बिस्तार गर्ने सम्बन्धमा सिफारिस गरेको छ।
- संक्रमणकालीन न्याय प्रशासन सम्पादनमा सरकारी वकीलको भूमिकाको प्रभावकारिताका लागि छुट्टै एकाइको व्यवस्था गर्ने, अधिकार प्रत्यायोजन गर्ने, दक्षता अभिवृद्धि गर्ने, अभियोजन नीति र मार्गदर्शन तर्जुमा गर्ने, सशस्त्र द्वन्द्वसँग सम्बन्धित मुद्दा अन्य अदालतमा विचाराधिन रहे नरहेको सर्वेक्षण गरी विशेष अदालतमा लेखि पठाउने विधि निर्धारण गर्ने, विशेष अदालतको गठनमा पहल गर्ने, पुनरावेदन सम्बन्धी मापदण्डको तर्जुमा गर्ने लगायतका विषयमा सिफारिस गरेको छ।

### ३.३ सरकारी वकीलको पेशागत स्वतन्त्रता र व्यावसायिक उन्मुक्ति सम्बन्धमा तुलनात्मक अध्ययन प्रतिवेदन, २०८१

सरकारी वकीलहरूको पेशागत स्वतन्त्रता र व्यावसायिक उन्मुक्ति सुनिश्चित गर्न आवश्यक नीति, संरचना र अभ्यासहरूको पहिचान गर्दै नेपालका सन्दर्भमा उपयुक्त सिफारिसहरू प्रस्तुत तथा विद्यमान समस्याहरूको विश्लेषण गर्दै, अन्तर्राष्ट्रिय अभ्याससँग तुलना गर्ने र नेपालका लागि सान्दर्भिक सुधारको खाका कोर्ने उद्देश्य राखेको छ। कार्यदलले सरकारी वकीलहरूको पेशागत स्वतन्त्रता र व्यवसायिक उन्मुक्ति सम्बन्धमा नीतिगत, कानूनी, संरचनागत, व्यवस्थापकीय र कार्यविधिगत पक्षलाई समेटी प्रतिवेदन तयार गरेको छ। प्रतिवेदनको निष्कर्ष देहाय बमोजिम रहेको छः

- नेपालको संविधान तथा प्रचलित कानूनले महान्यायाधिवक्ता तथा मातहतका सरकारी वकीलहरूलाई प्रदान गरेको जिम्मेवारी पूरा गर्न व्यावसायिक सरकारी वकीलको आवश्यकता पर्दछ। अभाव, प्रभाव र दबाबमा रही कार्य गर्नुपर्ने अवस्था भएमा व्यावसायिक एवं स्वतन्त्रता पूर्वक कार्य सम्पादन गर्न कठिन हुन्छ। यसका लागि व्यावसायिक क्षमता र व्यावसायिक उन्मुक्ति अथवा स्वतन्त्रता आवश्यक रहेको,
- नेपालमा न्यायपालिका को स्वतन्त्रता सम्बन्धी आधारभूत सिद्धान्त (Basic principles of independence of judiciary १९८५) लाई नेपाल अधिराज्य को संविधान, २०४७ देखि अवलम्बन गरीएको छ। संयुक्त राष्ट्र संघद्वारा पारित अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन (Guidelines on the Role of Prosecutors, १९९०) मा अभियोजन कर्ताहरू स्वतन्त्र

र निष्पक्ष निकायद्वारा नियुक्ति हुनुपर्ने व्यवस्था गरिएबाट सोही अनुसार हुनुपर्ने,

- सेवाका शर्तहरू उच्च हैसियतलाई सम्बोधन हुने गरी व्यवस्था गर्नुपर्ने र मर्का पर्ने गरी नघटाइने, व्यक्तिगत र संस्थागत स्वतन्त्रता हुनुपर्ने, अभिव्यक्ति र संगठनको स्वतन्त्रता हुनुपर्ने, फौजदारी कारबाहीमा स्वविवेकीय अधिकार हुनुपर्ने,
- अभियोजनको वैकल्पिक उपाय समेत राखिनुपर्ने, अभियोजनकर्तालाई सबै प्रकारका धम्की, अवरोध, हैरानी, अनुचित हस्तक्षेप मुक्त व्यावसायिक कार्य सम्पादन र दायित्व वहन गर्दा सेवाको सुरक्षा, व्यवसायिक उन्मुक्तिको प्रत्याभूति, अभियोजनकर्ता र निजको परिवारका सदस्यको भौतिक सुरक्षा, पर्याप्त पारिश्रमिक, कार्यकाल, निवृतिभरण तथा अवकाशको उमेरको कानून द्वारा सुनिश्चितता, नियुक्ति, सरुवा, बढुवा गर्दा मापदण्डका आधारमा व्यावसायिक योग्यता, क्षमता, इमानदारी र अनुभव जस्ता कुराका आधार मा हुनुपर्ने,
- कतिपय अन्य मुलूकमा सरकारी वकीलले समग्र प्रमाण मूल्याङ्कन गरी अभियोजनमा लचकता प्रदान गर्ने वा प्रमाणले खामे न खामेको (Evidential Test) गरी मुद्दा चलाउने नचलाउने निर्णय लिन सक्ने र मुद्दा चलाउन सार्वजनिक हितमा छ छैन भनी विश्लेषण गरी मुद्दा चलाउदा जनहित विरोधी देखिएमा स्थगित गर्ने अधिकार प्रदान गरिनुपर्ने ,
- जापानमा जस्तै प्रमाणद्वारा पुष्टि नहुने प्रकृति का दाबीलाई थप अनुसन्धानका लागि फिर्ता पठाइने, अभियोग दाबी पूरा नहुने जति मुद्दा नचल्ने निर्णय गर्ने र साना तिना प्रकृतिका मुद्दा नचलाउने गरी स्थगन गर्ने अधिकार प्रदान गरिनुपर्ने ,
- विश्वव्यापीकरण, उदारीकरण, पूंजीवाद, सूचना प्रविधिको विकास, वातावरणीय विषय, आतंकवाद, बसाई सराई, सम्पत्ति शुद्धीकरण, संगठित अपराध, विद्युतीय अपराधको विकास , आधुनिकीकरण, विज्ञान र प्रविधिको विकास तथा त्यसले फौजदारी कानूनको क्षेत्रमा पारेको प्रभाव तथा फौजदारी न्याय प्रणालीको सन्दर्भमा सूचना प्रविधिको विकासले जुन वारदातहरूको थप जटिलता उत्पन्न भएबाट सरकारी वकीलमा व्यवसायिक क्षमता विकास अनिवार्य भएको छ। सरकारी वकीलको व्यवसायिकता विकासका लागि सेवाको सुरक्षा, सुविधाको पर्याप्तता र कार्यगत स्वायत्तता वा उन्मुक्ति जस्ता आधारभूत तत्वहरूको वैधानिक मान्यता प्रदान गर्न नेपालको संविधान को धारा १६१ तत्कालै कार्यान्वयन हुनुपर्ने।

### ३.४ लागू औषध सम्बन्धी कानूनको द्वन्द्वमा परेका बालबालिकाहरुमा परेको प्रभावको अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०८२

लागू औषध सम्बन्धी कानूनको द्वन्द्वमा परेका बालबालिकाहरुमा परेको प्रभावको अनुसन्धानमूलक

अध्ययन लागू औषध सम्बन्धी कसूरमा संलग्न वा प्रभावित भएर कानूनको विवादमा परेका बालबालिकाहरूको जीवनमा पर्ने प्रभावहरूको समग्र विश्लेषण गर्न केन्द्रित छ। लागू औषध सम्बन्धी कानूनको द्वन्द्वमा परेका बालबालिकाहरुमा परेको प्रभावको अनुसन्धानमूलक अध्ययनका मुख्य उद्देश्यहरू लागू औषध प्रयोग/ तस्करीमा बालबालिकाको संलग्नता हुने कारणहरू पत्ता लगाउने, कानूनको प्रक्रियामा उनीहरूको अनुभव (पक्राउ, अनुसन्धान, थुनावास, सुधारगृह), शारीरिक, मानसिक र सामाजिक प्रभावहरू अध्ययन गर्ने, सुधार र पुनर्स्थापनाका उपायहरू पत्ता लगाउने रहेका छन्। प्रतिवेदनको निष्कर्ष देहाय बमोजिम रहेको छः-

- नेपालको संविधान २०७२, बालबालिका सम्बन्धी ऐन २०७५, लागू औषध (नियन्त्रण) ऐन, २०३३, लागू औषध राष्ट्रिय नीति, २०६३ लगायतले बालबालिकाको संरक्षण र लागू औषध नियन्त्रणमा कानूनी प्रावधानहरू गरेको भए तापनि व्यवहारमा ती प्रावधानहरूको कार्यान्वयनको अवस्था सन्तोषजनक देखिँदैन।
- अदालतले सुधारात्मक न्यायलाई प्राथमिकता दिने नजीरहरू प्रतिपादन गरे तापनि सुधार गृहको अवस्था, पुनर्स्थापनाका संरचनात्मक चुनौतीहरूर समाजको दृष्टिकोणले कानूनको द्वन्द्वमा परेका बालबालिकाको पुनर्स्थापना प्रक्रिया जटिल बनाएको छ। यस सन्दर्भमा लागू औषध सम्बन्धी कानूनको द्वन्द्वमा परेका बालबालिकाहरूको अवस्था, अनुभव, चुनौती र सुधारका सम्भावनाहरूको तथ्यमा आधारित विश्लेषण अपरिहार्य भएको छ, जसले नीति निर्माण, न्याय प्रणालीमा सुधार र बालमैत्री हस्तक्षेप विकास (Child-friendly Intervention) गर्न महत्वपूर्ण योगदान पुर्‍याउनु पर्ने देखिन्छ।
- नेपालको खुला सिमाना, बेरोजगारी, गरिबी, अभिभावकीय उपेक्षा, प्रविधिमा पहुँचर लागू औषधसम्बन्धी सचेतनाको अभावले गर्दा बालबालिकाहरू सजिलै यस्तो आपराधिक सञ्जालमा पर्न थालेका छन्। पछिल्लो समय लागू औषध प्रयोगकर्ता कम उमेरका किशोरहरूमा वृद्धि हुनु, सुधारगृहमा रहेका बालबालिकाको अनुपातमा लागू औषधसम्बन्धी मुद्दाको उल्लेखनीय उपस्थिति, र समाजबाट निजहरूलाई हेर्ने दृष्टिकोणले थप चुनौती उत्पन्न गरिरहेको छ।
- राज्यलाई नागरिकको अभिभावकको रुपमा लिइन्छ। आफ्नो अधिकार संरक्षण गर्न नसक्नेका लागि राज्यले नै संरक्षकत्व लिनु पर्ने सिद्धान्त (Doctrine of parens patriae) को विकास भई बालबालिकाको संरक्षणको लागि राज्यको दायित्व सिर्जना हुन पुगेको छ। सोही अनुरुप बालमैत्री न्याय सुनिश्चित गर्नुपर्ने दायित्व राज्यको रहेको हुन्छ। अतः बालबालिकाको क्षमता, अवस्था र सर्वोत्तम हित (Best Interest of Child) कायम गर्न "Parens Patriae" र "Doli incapax" जस्ता सिद्धान्तहरूलाई अक्षरश कार्यान्वयन गरी बाल न्याय प्रणालीलाई सुदृढीकरण गर्नुपर्छ।

## ३.५ यौनजन्य अपराधले पीडित बालबालिका र कानूनको द्वन्द्वमा परेका बालबालिकाहरूमा पारेको प्रभावको सम्बन्धी अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०८२

बालन्याय सम्बन्धी विकसीत तथा नवीनतम् अवधारणा, विधिशास्त्र, मूल्य मान्यता, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अभ्यास र कानूनहरु, अदालतको दृष्टिकोण लगायतको विषय समेटी यो प्रतिवेदन तयार गरिएको छ। यौनजन्य अपराधले पीडित बालबालिका र कानूनको द्वन्द्वमा परेका बालबालिकाहरूमा पारेको प्रभावको अनुसन्धानमूलक अध्ययन प्रतिवेदन तयार गरिनुको उद्देश्य यौनजन्य अपराधबाट पीडित तथा कानूनको द्वन्द्वमा परेका बालबालिकाहरूको जीवनमा पर्न सक्ने मनोवैज्ञानिक, सामाजिक, शैक्षिक र कानूनी प्रभावको अनुसन्धान गर्नु, पीडित बालबालिका तथा कानूनको द्वन्द्वमा परेका बालबालिकाहरूमा हुने मानसिक, सामाजिक र शारीरिक प्रभावहरूको मूल्याङ्कन गर्नु, बालबालिका सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूको साथै बालमैत्री न्याय प्रणाली, पुनस्थापकीय न्याय आदिको प्रभावकारिता परीक्षण गर्नु, यौनजन्य अपराध सम्बन्धी विभिन्न प्रवृत्ति र प्रकृतिका सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको सर्वेक्षण र विश्लेषण गर्ने, यौनजन्य अपराध सम्बन्धी कानूनको कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने लगायतका रहेका छन्। प्रतिवेदनको निष्कर्ष देहाय बमोजिम रहेको छः-

- स्कुल र समुदायमा यौन शिक्षा र सामाजिक सञ्जालको सुरक्षित प्रयोगबारे कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने।
- प्रहरी र फरेन्सिक ल्याबको क्षमता वृद्धि गरी प्रमाण सङ्कलनलाई तीव्र बनाउनुपर्छ।
- पीडितसँग संवेदनशील ढङ्गले छलफल गर्ने र गोपनीयता कायम गर्न सहज हुने गरी प्रहरीलाई बालमैत्री अनुसन्धान प्रशिक्षण अनिवार्य गर्नुपर्छ।
- पीडित र उनीहरूका परिवारले निःशुल्क परामर्श प्राप्त गर्नका लागि मनोसामाजिक परामर्श, कानूनी सहायता, र क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ। प्रत्येक जिल्लामा मनोसामाजिक परामर्श केन्द्रहरू स्थापना गर्नुपर्छ।
- कानूनी सहायता प्रदान गर्न निःशुल्क कानूनी सहायता सेवालाई सुदृढ गर्नुपर्छ।
- क्षतिपूर्तिको लागि विशेष कोष स्थापना गरी पीडितलाई तत्काल आर्थिक सहायता उपलब्ध गराउनुपर्छ। सेफहाउसहरूको सङ्ख्या बढाएर पीडितहरूलाई सुरक्षित आवास र सामाजिक पुनस्थापना सुनिश्चित गर्नुपर्छ।
- नाबालिग कसूरदारलाई सुधार केन्द्रहरूमा पुनर्स्थापना गर्नुपर्छ।
- सजायको सट्टा, यस्ता बालबालिकालाई सुधार केन्द्रहरूमा शिक्षा, सीप विकास, र मनोसामाजिक परामर्श प्रदान गर्नुपर्छ।

- कानूनको विवादमा परेका बालबालिकालाई समाजमा पुनस्थापना गर्न सहयोग पुर्याउन सुधार केन्द्रहरूमा बाल मनोबेत्ता, बाल परामर्शदाता र सामाजिक कार्यकर्ताहरूको व्यवस्था गरिनुपर्दछ।
- सामुदायिक सेवालाई सजायको वैकल्पिक रूपमा प्रयोग गर्नुपर्छ, जसले कानूनको द्वन्द्वमा परेका बालबालिकालाई पश्चाताप र जिम्मेवारीको भावना विकास गर्न सहयोग पुऱ्याउँदछ।
- पीडित, कसूरदार, र अभिभावकलाई कानूनी प्रक्रियाको जानकारी अनिवार्य गराउनुपर्छ। प्रहरीले जाहेरी दर्ता गर्दा र अनुसन्धानका क्रममा पीडित र कसूरदारलाई उनीहरूका अधिकारबारे लिखित र मौखिक रूपमा जानकारी दिनुपर्छ।
- अभिभावकहरूलाई कानूनी प्रक्रिया, सम्भावित सजाय, र पुनस्थापनाका अवसरहरूबारे नियमित रूपमा सचेत गराउनु पर्दछ।
- स्थानीय तहमा कानूनी सचेतना केन्द्रहरू स्थापना गरी सर्वसाधारणले सजिलै जानकारी प्राप्त गर्न सक्ने बाताबरण सिर्जना गरिनुपर्दछ।
- बालबालिकालाई असर गर्ने सामाजिक संजालका विषयबस्तु तथा सामग्रीबाट जोगाउन सामाजिक सञ्जाल प्लेटफर्महरूमा उमेर आधारित सामग्री फिल्टर र अभिभावकीय नियन्त्रणलाई अनिवार्य गर्नुपर्छ। साइबर अपराध निगरानी इकाई गठन गरी अनलाइन प्रलोभन र यौनजन्य सामग्रीको प्रसारण रोक्नुपर्छ।
- स्कुल र अभिभावकलाई सामाजिक सञ्जालको सुरक्षित प्रयोगबारे प्रशिक्षण दिनुपर्छ। यस्ता उपायले बालबालिकालाई अनलाइन जोखिमबाट जोगाउन सकिन्छ। बालबालिकालाई हानिकारक सामग्रीबाट जोगाउन सामाजिक सञ्जाल प्लेटफर्महरूमा कडा नियम लागू गर्नुपर्छ। अभिभावक र शिक्षकलाई सामाजिक सञ्जाल निगरानी प्रशिक्षण दिनुपर्छ।
- एकान्त स्थानहरूमा सुरक्षा व्यवस्था बढाउनुपर्छ। गाउँ र शहरका एकान्त स्थानहरूमा सीसीटीभी क्यामेरा र रात्री गस्तीको व्यवस्था गर्नुपर्छ। सामुदायिक निगरानी समूहहरू गठन गरी स्थानीय बासिन्दालाई सुरक्षा जिम्मेवारी दिनुपर्छ। स्कुल, पार्क, र सार्वजनिक स्थलहरूमा सुरक्षाकर्मीको उपस्थिति अनिवार्य गर्नुपर्छ। यस्ता उपायले अपराधको सम्भावनालाई कम गर्न सकिन्छ।
- अभिभावकहरूलाई बालबालिकाको रेखदेख र संगतबारे प्रशिक्षण दिनुपर्छ। स्थानीय तहमा अभिभावक प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरी बालबालिकाको व्यवहार, संगत, र अनलाइन गतिविधिको निगरानी गर्ने तरिकाहरू सिकाउनुपर्छ।
- यौनजन्य अपराधका जोखिमहरू, संकेतहरू, र रोकथामका उपायहरूबारे जानकारी दिनुपर्छ। अभिभावक-शिक्षक सङ्घहरूमार्फत नियमित छलफल आयोजना गर्नुपर्छ जसले अभिभावक र

शिक्षकबीच सहकार्य बढाओस्।

- बालबालिका सम्बन्धी ऐन, २०७५ मा यौनजन्य अपराधको अनुसन्धान र सजायको समयसीमा स्पष्ट गर्नुपर्छ। पीडितलाई तत्काल क्षतिपूर्ति र कसूरदारलाई सुधार केन्द्रित नीति लागू गर्नुपर्छ।
- बालमैत्री सुनुवाइ प्रक्रियालाई अनिवार्य गर्नुपर्छ।
- स्कुलहरूमा यौन शिक्षा र सामाजिक सञ्जालको सुरक्षित प्रयोगबारे पाठ्यक्रम समावेश गर्नुपर्छ। समुदायमा लैङ्गिक समानता र यौनजन्य अपराधविरुद्ध अभियान सञ्चालन गर्नुपर्छ।
- पीडित र कसूरदार दुवैलाई मनोसामाजिक परामर्श केन्द्रहरू स्थापना गर्नुपर्छ। सेफहाउस र पुनस्थापना केन्द्रहरूको सङ्ख्या बढाउनुपर्छ।

# ४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन

## ४.१ डिजिटल अपराध सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, २०८१

महान्यायाधिवक्ताको कार्यालयले डिजिटल अपराध सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, २०८१ फाल्गुन १५ र १६ गते आयोजना गरेकोथियो। डिजिटल अपराध नियन्त्रण, अनुसन्धान, अभियोजन तथा न्यायिक प्रक्रियामा अन्तर्राष्ट्रिय सहकार्य प्रवर्द्धन गर्ने उद्देश्यले सम्मेलन आयोजना गरिएको थियो। काठमाडौंमा सम्पन्न भएको उक्त सम्मेलनमा नेपाल, भारत, चीन, श्रीलंका,संयुक्त अधिराज्य बेलायत (युके), नेदरल्यान्ड्स, मलेसिया, साउदी अरेबिया, सिङ्गापुर, माल्दिभ्स, दक्षिण कोरिया, अजरबैजान, नर्वे र रुस लगायत १३ राष्ट्रका ९० जना भन्दा बढी सरकारी वकील, कानून विज्ञ, न्यायाधीश तथा सम्बन्धित निकायका उच्च अधिकारीहरूको सहभागिता रहेको थियो।

नेपालका तर्फबाट सर्वोच्च अदालत, नेपाल राष्ट्र बैंक, विभिन्न मन्त्रालयहरू, सरकारी वकीलहरूतथा अन्य सम्बन्धित निकायका अन्य अधिकारीहरू सहभागी रहेका थिए। उक्त सम्मेलनको उद्‌घाटन तत्कालीन प्रधानमन्त्री के.पी. शर्मा ओलीले  गर्नु भएको थियो भने समापन तत्कालीन गृहमन्त्री रमेश लेखकले गर्नु भएको थियो। दुई दिनको दौरानमा ४ वटा प्लेनरी सत्र, ८ वटा समानान्तर सत्रमा १६ वटा कार्यपत्रहरु उपर छलफल भएको थियो।

उक्त सम्मेलनमा डिजिटल प्रविधिको माध्यमबाट गरिने अपराधहरूको विविध आयामका साथै तिनका अनुसन्धान, अभियोजन र न्यायिक निरूपणका प्रभावकारी विधिहरूको विषयमा गहन छलफल गरिएको थियो। विशेष रूपमा प्रविधि मार्फत हुने यौनजन्य हिंसा, साइबर अपराध, डिजिटल ठगी तथा वित्तीय अपराध, अनलाइन शोषण, व्यक्तिगत गोपनीयता उल्लंघन, डिजिटल प्रमाण सङ्कलनका विधि, अन्तर्राष्ट्रिय कानूनी सहकार्य तथा साइबर कानूनी नीति निर्माण जस्ता विषयहरूमा कार्यपत्र प्रस्तुत भई छलफल भएको थियो। सम्मेलनले अन्तर्राष्ट्रिय समुदायका बीचमा वैज्ञानिक अनुसन्धान प्रविधि, डिजिटल प्रमाणको स्वीकार्यता तथा अभियोजन रणनीतिको साझा मञ्च उपलब्ध गराउने तथा अपराध अनुसन्धान र कानूनी प्रक्रिया थप प्रभावकारी हुने अपेक्षा गरिएको छ।

डिजिटल अपराधका कारण पीडितले भोग्नुपर्ने मानसिक, सामाजिक तथा आर्थिक असरहरू दीर्घकालीन हुने भएकाले पीडित—केन्द्रित न्याय प्रणालीलाई सुदृढ गर्नका लागि समेत यस सम्मेलनमा विशेष छलफल गरिएको थियो।डिजिटल अपराधको बढ्दो प्रभावलाई मध्यनजर गर्दै अनुसन्धानकर्ताहरू, अभियोजनकर्ताहरू, न्यायालय तथा नीति निर्माताहरूबीच समन्वयात्मक संरचना विकास गर्ने

आवश्यकतामा विशेष जोड दिइएको थियो। सम्मेलनको आयोजनाले नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा प्रविधि अनुकूल कानूनी संरचना निर्माण, मानव अधिकार संरक्षण तथा साइबर अपराध नियन्त्रणका सन्दर्भमा सक्रिय राष्ट्रको रूपमा प्रस्तुत गर्ने अवसर प्रदान गर्नेछ। साथै, नेपालका सरकारी वकील, अनुसन्धानकर्ता तथा अन्य निकायहरूलाई डिजिटल अपराध सम्बन्धी अनुसन्धान, अभियोजन तथा न्याय निरूपणका आधुनिक प्रविधिहरूमा सशक्त तुल्याउने अपेक्षा गरिएको छ।







## ४.२ अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलन, २०८२

अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको दुई दिवसीय तेस्रो राष्ट्रिय सम्मेलन, २०८२ जेठ ३० र ३१ गते काठमाडौंमा आयोजना भएको थियो। उक्त सम्मेलनमा ११ बुँदे घोषणापत्र जारी भएको थियो। नेपाल प्रहरी प्रधान कार्यालय नक्सालमा आयोजित उक्त

सम्मेलनमा प्रमुख अतिथि तत्कालीन गृहमन्त्री रमेश लेखकले सम्मेलनले फौजदारी न्यायको विषयमा सहभागीहरूबीच सार्थक र साझा निष्कर्षमा पुग्न सहयोग गर्नुका साथै आगामी दिनहरूका लागि महत्वपूर्ण प्रतिबद्धता सहित मार्गनिर्देशन गर्न सफल भएको बताउनु भएको थियो। समय र प्रविधिको विकाससँगै नयाँ-नयाँ चुनौति र फरक शैलीका अपराधहरू वृद्धि भइरहेको सन्दर्भमा त्यसलाई सामना गर्न नयाँ पद्दतिको अवलम्बन गरी बयानमुखी अनुसन्धान भन्दा वैज्ञानिक अनुसन्धान तथा अभियोजनमा केन्द्रित रहेको थियो।

उक्त सम्मेलनमा सर्वोच्च अदालतका न्यायाधीश महेश शर्मा पौडेलले कार्यसम्पादनका क्रममा आई परेका समस्याहरूलाई सम्बोधन गर्न र भावी कार्यदिशा कोर्न तथा फौजदारी न्याय प्रणालीलाई प्रभावकारी बनाउन सम्मेलन सफल भएको विचार व्यक्त गर्नुभएको थियो। उक्त सम्मेलनमा तत्कालीन महान्यायाधिवक्ता श्री रमेश बडालले फौजदारी न्याय प्रणालीको क्षेत्रमा भइरहेका अभ्यासहरूलाई समायानुकूल परिवर्तन गर्न सम्मेलन प्रभावकारी भएको तथा विधिविज्ञान प्रयोगशालाबाट हुने परीक्षणमा सुधार, विकास र विस्तार गर्नुपर्ने जोड दिँदै उहाँले थप लगानी आवश्यक रहेको बताउनुभएको थियो।

सम्मेलनमा तत्कालीन प्रहरी महानिरीक्षक दिपक थापाले अपराध अनुसन्धानमा नयाँ प्रविधिको प्रयोग, नयाँ कानूनी व्यवस्था र अभ्यासका बारेमा अनुसन्धानकर्ता, अभियोजनकर्ता र सम्बन्धित विज्ञ तथा विशेषज्ञहरूबीच गहन अन्तरक्रिया, ज्ञान र अनुभव आदानप्रदानका विषयमा सम्मेलन प्रभावकारी भएको बताउनुभएको थियो।

सम्मेलनमा भएका गहन छलफल र विषयगत मन्थन पश्चात पारित घोषणापत्रले आगामी दिनमा अनुसन्धानकर्ता र अभियोजनकर्ताको लागि थप पेशागत मार्ग प्रशस्त हुनुका साथै फौजदारी न्याय प्रणाली अझ सुदृढ हुने विश्वास गरिएको छ।

’प्रविधिको सहयोगमा वस्तुनिष्ठ अनुसन्धान, विश्वासिलो अभियोजन पीडितको सम्मान÷, भन्ने अवधारणा सहित दुई दिनसम्म संचालन भएको उक्त सम्मेलनमा सरकारवादी फौजदारी मुद्दाको अनुसन्धानकर्ता नेपाल प्रहरीका अनुसन्धान अधिकृतहरू, अभियोजनकर्ता सरकारी वकीलहरू, विधिविज्ञान विज्ञ समेतका सरोकारवाला निकायका प्रतिनिधिहरू तथा महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरी प्रधान कार्यालयबाट तोकिएका प्रतिनिधिहरूको सहभागिता रहनुका साथै सातवटै प्रदेश प्रहरी कार्यालयका प्रमुखहरू, मुद्दा चल्ने एकाइका प्रमुखहरू तथा सरकारी वकीलहरूको विद्युतीय सहभागिता रहेको थियो।



### ४.३ महिला सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन, २०८२

महिला सरकारी वकीलको प्रथम राष्ट्रिय सम्मेलन, २०८२ भाद्रको २३ (भौतिक उपस्थितिमा) र असोज २ गते (विद्युतीय माध्यमबाट) आयोजना गरिएको थियो। महान्यायाधिवक्ताको कार्यालयको आयोजनामा गरिएको उक्त सम्मेलन सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले उद्धाटन गर्नु भएको थियो। उद्घाटनको क्रममा उहाँले २९.४ प्रतिशत सरकारी वकील महिला हुनु उत्साहजनक अवस्था भएको र अझै निर्णायक तहमा महिला सरकारी वकील आवश्यक रहेको बताउनु भयो। सम्मेलनको मूल नारा ’महिला सरकारी वकीलको सशक्तीकरण फौजदारी न्याय प्रणालीको सुदृढीकरण÷ रहेको थियो। उक्त सम्मेलनमा महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालय तथा अन्य निकायमा कार्यरत सबै महिला सरकारी वकील सहित करिब २५० जनाको सहभागिता रहेको थियो। सम्मेलनमा पाँचवटा कार्यपत्र प्रस्तुत भएकोमा कार्यपत्रमा मूलतः महिला सरकारी वकीलको वर्तमान अवस्था, महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजनाले सम्बोधन गर्नुपर्ने महिला सरकारी वकीलको सवालहरू, प्रविधिको प्रयोगबाट हुने कसूरको पीडितको न्यायिक उपचारमा सरकारी वकीलको भूमिका, नेपाल न्याय सेवामा महिला सरकारी वकीलको सहभागितालगायत मुख्य विषयवस्तुमा केन्द्रित रही प्रस्तुतीकरण भएको थियो। कार्यक्रमको समापन २०८२ असोज २ गते सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री सारङ्गा सुवेदीको मुख्य आतिथ्यतामा विद्युतीय माध्यमबाट सु-सम्पन्न भएको थियो।


"महिला सरकारी वकीलको शसक्तिकरण,
फौजदारी न्याय प्रणालीको सुदृढीकरण"
महिला सरकारी वकीलहरूको
प्रथम राष्ट्रिय सम्मेलन, २०८२
1st National Women Prosecutors Conference, 2025
२०८२ भाद्र २३ र २४ गते
(नेपाल पुलिस क्लब, भृकुटीमण्डप, काठमाडौं)

# ५. अधिकार प्रत्यायोजन

## ५.१ अभियोजन सम्बन्धी थप अधिकार प्रत्यायोजन

(१) नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरीमहान्यायाधिवक्ताले आफूमा निहित अधिकार मातहत सरकारी वकीलले प्रयोग र पालना गर्ने गरी प्रत्यायोजन गरेकोमा मिति २०८२।०४।२६ देखि लागू हुने गरी देहाय बमोजिम हेरफेर गर्नुभएको छः

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० बमोजिम सम्बन्धितअनुसन्धान अधिकृतबाट मुद्दाको अनुसन्धान पूराभई अनुसन्धान प्रतिवेदनसहित सम्बन्धित मुद्दाकोअनुसन्धान गर्ने निकाय रहेको जिल्ला सरकारीवकील कार्यालयमा पेश हुन आएको मिसिलकागज अध्ययन गर्दा सम्बन्धित सरकारीवकीलले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दाचलाउनु पर्ने देखेमा आधार र कारण खुलाईनिर्णय गरी निर्णयको प्रतिलिपि सहित मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकारी समक्ष पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण खुलाइ निर्णय गरी निर्णयको प्रतिलिपि सहित मिसिल सम्बन्धित उच्च सरकारीवकील कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने।

(२) नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले आफूमा निहित अधिकार मातहत सरकारी वकीलले प्रयोग र पालना गर्ने गरी प्रत्यायोजन गरेकोमा मिति २०८२।०६।३० देखि लागू हुने गरी देहाय बमोजिम हेरफेर गर्नुभएको छः

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका नेपाल सरकार वादी हुने मुद्दामा अनुसन्धानको चरणमा प्रतिवादीले पीडितलाई बुझाउनुपर्ने बिगो, हर्जना तथा अन्य रकम बुझाई वा अन्य कुनै शर्तमा मुद्दाको कारबाही अगाडि नबढाउन पीडित र प्रतिवादी दुवै पक्ष सहमत भै दिएको निवेदन बमोजिम सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयको सरकारी वकीलले मुद्दा नचलाउने गरी गरेको निर्णय सोही कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले अन्तिम निर्णय निकासा दिने।
- राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २४क. को व्यवस्था बमोजिम मुद्दा दायर भई विचाराधीन रहेको मुद्दामा प्रतिवादीले बिगो र लाग्ने जरिबाना भुक्तानी

गरी मिलापत्र गराई पाऊँ भनी निवेदन दिएमा त्यस्तो मुद्दामा मिलापत्र हुन सक्नेछ भन्ने व्यवस्था रहेकोले सोही ऐनको दफा २४क. को उपदफा (४) बमोजिम सम्बन्धित सरकारी वकील कार्यालयको सरकारी वकीलले मिलापत्र गर्ने गरी गरेको निर्णय सोही कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले अन्तिम निर्णय निकासा दिने।

## ५.२ पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा अधिकार प्रत्यायोजन

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले आफूमा निहित अधिकार मातहत सरकारी वकीलले प्रयोग र पालना गर्ने गरी प्रत्यायोजन गरेकोमा मिति २०८२।०४।२६ देखि लागू हुने गरी देहाय बमोजिम अधिकारहरू प्रत्यायोज गरिएको छः

(१) नेपाल सरकार वादी हुने मुद्दामा सर्वोच्च अदालतबाट भएको फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ११ बमोजिम पुनरावलोकन गर्ने वा नगर्ने अन्तिम निर्णय सम्बन्धित नायब महान्यायाधिवक्ताले गर्ने।

(२) नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा सम्बन्धित अदालतबाट अभियोग माग दाबी बमोजिम सबै प्रतिवादीको हकमा कसूर ठहर भई सजाय भएको तर जफतको माग दाबी लिइएका साधन वा सम्पत्ति जफत नहुने वा सो विषयमा फैसलामा नबोलेकोमा सो हदसम्म पुनरावेदन गर्नुपर्ने अवस्था नभएमा पुनरावेदन नगर्ने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने।

(३) मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २० (चोरी तथा डाँका सम्बन्धी कसूर) बमोजिमको कसूरमा सम्बन्धित अदालतबाट अभियोग माग दाबी बमोजिम सबै प्रतिवादीको हकमा कसूर ठहर भई सजाय भएको तर माग दाबी लिइएको बिगो मध्ये बरामद भएको बिगो मात्र भराउने गरी फैसला भएकोमा सो हदसम्म पुनरावेदन गर्नुपर्ने अवस्था नभएमा पुनरावेदन नगर्ने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने।

(४) अभियोजन गर्दाका बखत प्रचलनमा रहेको कानून बमोजिम जरिबाना वा क्षतिपूर्तिको माग दाबी लिइएकोमा फैसला हुँदाको बखत त्यस्तो कानून निष्क्रिय/खारेज भएको कारण जरिबाना वा क्षतिपूर्ति भराउने ठहर नभएको वा सो सम्बन्धमा फैसलामा नबोलेको अवस्था भएकोमा पुनरावेदन नगर्ने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने।

# ६. कार्यशाला, अन्तरक्रिया, प्रशिक्षण तथा क्षमता विकास कार्यक्रम

## ६.१ राष्ट्रिय

महान्यायाधिवक्ताको कार्यालयले अन्य संस्थाहरू सँगको सह-संयोजनमा देहायका कार्यशाला, अन्तरक्रिया, प्रशिक्षण तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिएको थियो:

| सि.नं. | कार्यक्रम मिति | स्थान | कार्यक्रमको विषय | सह-संयोजन |
|---|---|---|---|---|
| १ | २०८१।०९।१३ | कैलाली | Provincial Workshop for Prosecutors and Investigators on 'Organized Crime and Money Laundering' | UNODC |
| २ | २०८१।१२।१५ | काठमाडौं | Workshop on Right based rehabilitation and reintegration: addressing GBV, stigma and discrimination against drug users | UNODC |
| ३ | २०८२।०१।२६ | सुर्खेत | महान्यायाधिवक्ताको कार्यालय र मुख्य न्यायाधिवक्ताको कार्यालय बीच अन्तरक्रिया कार्यक्रम | |
| ४ | २०८२।०२।०५ | मोरङ्ग | बाल न्यायको सन्दर्भमा दिशान्तरको प्रयोग सम्बन्धी प्रशिक्षण | UNICEF |
| ५ | २०८२।०२।०८ | मोरङ्ग | Workshop on Right based rehabilitation and reintegration: addressing GBV, stigma and discrimination against drug users | UNODC |

| सि. नं. | कार्यक्रम मिति | स्थान | कार्यक्रमको विषय | सह-संयोजन |
|---|---|---|---|---|
| ६ | २०८२।०२।१५ | कास्की | Workshop on Right based rehabilitation and reintegration: addressing GBV, stigma and discrimination against drug users | UNODC |
| ७ | २०८२।०२।१६ | कास्की | बाल न्यायको सन्दर्भमा दिशान्तरको प्रयोग सम्बन्धी प्रशिक्षण | UNICEF |
| ८ | २०८२।०३।०५ | रूपन्देही | Provincial Workshop for Prosecutors and Investigators on 'Organized Crime and Money Laundering' | UNODC |
| ९ | २०८२।०४।२१ | सुर्खेत | Workshop on Right based rehabilitation and reintegration: addressing GBV, stigma and discrimination against drug users | UNODC |
| १० | २०८२।०५।१२ | कास्की | Workshop on Right based rehabilitation and reintegration: addressing GBV, stigma and discrimination against drug users | UNODC |
| ११ | २०८२।०५।२०-२१ | काठमाडौं | अनुसन्धानमूलक अध्ययन प्रतिवेदनहरूको उपलब्धी सम्प्रेषण तथा सुझाव सङ्कलन विषयक आवसीय अन्तरक्रिया कार्यक्रम | UNICEF |
| १२ | २०८२।०६।०८ | कालिकोट | Workshop on Right based rehabilitation and reintegration: addressing GBV, stigma and discrimination against drug users | UNODC |

| सि. नं. | कार्यक्रम मिति | स्थान | कार्यक्रमको विषय | सह-संयोजन |
|---|---|---|---|---|
| १३ | २०८२।०६।०९ | मुगु | Workshop on Right based rehabilitation and reintegration: addressing GBV, stigma and discrimination against drug users | UNODC |
| १४ | २०८२।०६।११ | दैलेख | Workshop on Right based rehabilitation and reintegration: addressing GBV, stigma and discrimination against drug users | UNODC |
| १५ | २०८२।०७।२८ | मोरङ्ग | Provincial Workshop for Prosecutors and Investigators on 'Organized Crime and Money Laundering' | UNODC |
| १६ | २०८२।०८।०५ | चितवन | Provincial Workshop for Prosecutors and Investigators on 'Organized Crime and Money Laundering' | UNODC |
| १७ | २०८२।०८।०८ | भक्तपुर | Two days' workshop on TIP/ SoM in relation to victim's' rights | UNODC |
| १८ | २०८२।०८।१२ | धनुषा | Community Outreach Program on the Rights of Victims with a particular focus on Trafficking in Persons (TIP) and Smuggling of Migrants (SoM) | UNODC |
| १९ | २०८२।०८।१२ | काभ्रे | मानव बेचबिखन र प्रभावित/ पीडितमैत्री छिटोछरितो न्याय सम्पादन विषयक कार्यशाला गोष्ठी | माइती नेपाल |

| सि. नं. | कार्यक्रम मिति | स्थान | कार्यक्रमको विषय | सह-संयोजन |
|---|---|---|---|---|
| २० | २०८२।०८।२४-२५ | चितवन | महान्यायाधिवक्ताको कार्यालय र मुख्य न्यायाधिवक्ताको कार्यालय बीच अन्तरक्रिया कार्यक्रम | |
| २१ | २०८२।०८।२८-०९।०१ | काठमाडौं | नवप्रवेशी सरकारी वकीलहरूको लागि प्रशिक्षण कार्यक्रम | |
| २२ | २०८२।०९।०१ | नेपालगंज | Community Outreach Program on the Rights of Victims with a particular focus on Trafficking in Persons (TIP) and Smuggling of Migrants (SoM) | UNODC |



नवप्रवेशी सरकारी वकीलहरूको लागि प्रदान गरिएको प्रशिक्षण कार्यक्रम समापन पश्चात लिईएको सामूहिक तस्विर

## ६.२ अन्तर्राष्ट्रिय

सरकारी वकीलहरूले गर्नुभएको वैदेशिक अध्ययन भ्रमणको विवरण निम्नानुसार रहेको छः

| क्र. स. | सरकारी वकीलको नाम र पद | आयोजक स्थान / देश | मिति | विषय |
|---|---|---|---|---|
| १ | सहन्यायाधिवक्ता श्री ध्रुवकुमार चौहान, उपन्यायाधिवक्ता श्री सविता शर्मा | JICA/Japan | Jan 14 – Feb 15, 2025 | Enhancing Policy and Practice in the Field of Crime Prevention and Criminal Justice: Senior Seminar |
| २ | नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल, सहन्यायाधिवक्ता श्री सन्देश श्रेष्ठ, उपन्यायाधिवक्ता श्री हरिहर पौडेल, प्रकाश मरासिनि, विष्णुप्रसाद आचार्य, बद्रीकुमार कार्की, पूर्णप्रसाद शर्मा, रक्षा ज्ञवाली, सहायक न्यायाधिवक्ता श्री रेणुका राई, दिपक बस्याल, बसन्त काफ्ले, सृजना ढकाल, ठाकुरराम भण्डारी, कल्याण पराजुली, चन्द्र प्रसाद संजेल, मदन न्यौपाने, बिपिनराज तिवारी, विनिता कपाली, उशा गजमेर, दीपिका गजुरेल, सुस्मिता पौडेल, विमल पन्थी, विश्वास तिमिल्सिना, हिरालाल भोलन, वर्षा ढकाल, आदित्यकुमार यादव, अवसर मादेन, तेजबहादुर सिंजाली मगर, कपिल रोक्का, सुरबाहदुर परियार, प्रकाश सुवेदी, भरत कुमार मैनाली, कविराज शर्मा पाध्या | National Law University Jodhpur / India | 10-21 February, 2025 | Training Programme for Judicial Officers from Office of Attorney General, Nepal |
| ३ | सहन्यायाधिवक्ता श्री ध्रुवकुमार चौहान, उपन्यायाधिवक्ता श्री प्रकाश घिमिरे, टीकाभूषण घिमिरे, शान्ती न्यौपाने, श्यामप्रसाद दाहाल, कमला काफ्ले, पुष्पराज बास्तोला, जनकप्रसाद घिमिरे, सहायक न्यायाधिवक्ता श्री रमुना राउत, प्रभात क्षेत्री | Supreme People's Prosecutorate Office / China | 14-27 April, 2025 | Training for Nepalese Prosecutors |

| क्र. स. | सरकारी वकीलको नाम र पद | आयोजक स्थान / देश | मिति | विषय |
|---|---|---|---|---|
| ४ | सहायक जिल्ला न्यायाधिवक्ता श्री सृजना ढकाल | Shanghai Business School/China | 7-22 May, 2025 | Nepal Judicial Practice Seminar |
| ५ | सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल, उपन्यायाधिवक्ता शुसिला ज्ञवाली | UNODC and TIJ Thailand / Thailand | 26-20 May, 2025 | Training on Crime Prevention and Criminal Justice fro South East Asia (T4SEA) |
| ६ | नायब महान्यायाधिवक्ता श्री संजीवराज रेग्मी | Austria | 24-25 June | Global Forum for Human Trafficking Survivors – Voice of Resilience |
| ७ | नायब महान्यायाधिवक्ता श्री संजीवराज रेग्मी | APG / Japan | 25-29 August, 2025 | Asia Pacific Group on Money Laundering (APG) Plenary |
| ८ | सहन्यायाधिवक्ता श्री दिनेश प्रसाद घिमिरे, सहायक न्यायाधिवक्ता श्री उमंग निरौला | IAP / Singapore | 7-10 September, 2025 | 30th Annual Conference and General Assembly of the International Association of Prosecutors (IAP) |
| ९ | उपन्यायाधिवक्ता श्री प्रकाश मरासिनी | UNSAD / Thailand | 14-16 October, 2025 | 9th Wildlife Inter-Regional Enforcement(WIRE) Meeting |
| १० | जिल्ला न्यायाधिवक्ता श्री खेमराज पाठक | IAP/ South Korea | 18-20 November, 2025 | 4th IAP Asia Pacific Regional Workshop |

# ७. सङ्घीय प्रोवेशन तथा प्यारोल बोर्डका निर्णयहरू

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ मा कैद सजाय पाएका कसूरदारको सामाजिक पुनस्थापना तथा एकीकरण गर्ने कार्यमा सहयोग समेत पुऱ्याउनको लागि माननिय महान्यायाधिवक्ताको अध्यक्षतामा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, गृह मन्त्रालयका सचिव समेत सदस्य रहेको आठ सदस्यीय एक सङ्घीय प्रोवेशन तथा प्यारोल बोर्डको व्यवस्था रहेको छ।

कारागार व्यवस्थापन विभागबाट पेश भएका विवरण अनुसार असल चालचलन भएका, दुई तिहाई कैद भुक्तान भएका र प्यारोलमा राख्न उपयुक्त छ भनी प्यारोल अधिकृतबाट सिफारिस भई आएका कैदी तथा कानूनको विवादमा परेका बालबालिकाहरूको नामवालीहरू उपर छलफल गरी उक्त बोर्डले प्यारोलमा राख्नको लागि सम्बन्धित कारागार मार्फत शुरु फैसला भएको अदालतमा र कानूनको विवादमा परेका बालबालिकाहरूको हकमा बाल सुधार गृह मार्फत शुरु फैसला भएको अदालतमा पेश गर्न सिफारिस गर्दछ। सिफारिस भई आएका कैदी तथा कानूनको विवादमा परेका बालबालिकाहरू मध्ये कसैलाई प्यारोलमा राख्न नसकिने भए सो को आधार कारण समेत बोर्ड निर्णयमा खुलाउँदछ।

सङ्घीय प्रोवेशन तथा प्यारोल बोर्डबाट हाल सम्म भएका निर्णयहरूको तथ्याङ्क देहायको तालिकामा प्रस्तुत गरिएको छः

**सङ्घीय प्रोवेशन तथा प्यारोल बोर्डबाट भएको निर्णयहरूको विवरण**

| क्र.स. | निर्णय मिति | माननीय महान्यायाधिवक्ता | प्यारोलमा राख्नको लागि सिफारिस प्रदान गरिएको संख्या | | जम्मा | शर्त पालना नगरेकोले अदालतमा पेश गरएिको |
|---|---|---|---|---|---|---|
| | | | वयश्क | बालबालिका | | |
| १ | २०८०।१२।१८ | डा. दिनमणि पोखरेल | १५४ | ० | १५४ | ० |
| २ | २०८१।०२।०१ | डा. दिनमणि पोखरेल | ११७ | ० | ११७ | ० |
| ३ | २०८१।०३।१९ | डा. दिनमणि पोखरेल | १३५ | ० | १३५ | ० |
| ४ | २०८१।०४।३१ | श्री रमेश वडाल | ८६ | ० | ८६ | ० |

| क्र. स. | निर्णय मिति | माननीय महान्यायाधिवक्ता | प्यारोलमा राख्नको लागि सिफारिस प्रदान गरिएको संख्या | | जम्मा | शर्त पालना नगरेकोले अदालतमा पेश गरिएको |
|---|---|---|---|---|---|---|
| | | | वयश्क | बालबालिका | | |
| ५ | २०८१।०६।०७ | श्री रमेश वडाल | १७९ | ० | १७९ | ० |
| ६ | २०८१।०८।०७ | श्री रमेश वडाल | २७७ | ८ | २८५ | २ |
| ७ | २०८१।०९।२६ | श्री रमेश वडाल | १८५ | ३ | १८८ | ४ |
| ८ | २०८१।११।११ | श्री रमेश वडाल | १९७ | ३ | २०० | १४ |
| ९ | २०८१।११।२१ | श्री रमेश वडाल | १८२ | ६ | १८८ | ९ |
| १० | २०८२।०२।११ | श्री रमेश वडाल | २५५ | ६ | २६१ | ४ |
| ११ | २०८२।०३।२५ | श्री रमेश वडाल | १६६ | ३ | १६९ | ९ |
| १२ | २०८२।०५।२० | श्री रमेश वडाल | १४८ | ७ | १५५ | ७ |
| १३ | २०८२।०८।१४ | श्री सबिता भण्डारी | १०० | २ | १०२ | ३ |
| कुल जम्मा | | | २१८१ | ३८ | २२१९ | ५२ |

# ८. नियुक्त वा बढुवा हुनुभएका सरकारी वकीलहरूको विवरण

## ८.१ विशिष्ट श्रेणी

| सि.नं. | सरकारी वकीलको नाम, थर | बढुवा मिति |
|---|---|---|
| १ | श्री सूर्यराज दाहाल | २०८२।०४।१२ |
| २ | श्री उद्धवप्रसाद पुडासैनी | २०८२।०६।२३ |

## ८.२ सहन्यायाधिवक्ता (रा.प. प्रथम श्रेणी)

| सि.नं. | सरकारी वकीलको नाम, थर | नियुक्त वा बढुवा मिति |
|---|---|---|
| १ | श्री रामहरि शर्मा काफ्ले | २०८१।०९।१९ |
| २ | श्री सुशिल देवकोटा | २०८१।०९।१९ |
| ३ | श्री धर्मअवतार कोइराला | २०८१।०९।१९ |
| ४ | श्री शारदा राउत | २०८१।११।०५ |
| ५ | श्री युवराज महत | २०८१।११।०५ |
| ६ | श्री विवेक बराल | २०८१।१२।१९ |
| ७ | श्री श्रीधर अर्याल | २०८१।१२।१९ |

## ८.३ उपन्यायाधिवक्ता (रा.प. द्वितिय श्रेणी)

| सि.नं. | सरकारी वकीलको नाम, थर | नियुक्त वा बढुवा मिति |
|---|---|---|
| १ | श्री प्रयागदत्त जैसी | २०८१।०९।१९ |
| २ | श्री सरिता कट्टेल | २०८१।०९।१९ |
| ३ | श्री तिलकराम लम्साल | २०८१।०९।१९ |

| सि.नं. | सरकारी वकीलको नाम, थर | नियुक्त वा बढुवा मिति |
|---|---|---|
| ४ | श्री जित प्रसाद लुईटेल | २०८१।०९।१९ |
| ५ | श्री नवराज रेग्मी | २०८१।०९।१९ |
| ६ | श्री रविन सापकोटा | २०८१।०९।१९ |
| ७ | श्री लक्ष्मण खनाल | २०८१।०९।१९ |
| ८ | श्री रुकमेडा पोखेल | २०८१।०९।१९ |
| ९ | श्री सचितकुमार वाईवा | २०८१।०९।१९ |
| १० | श्री ललिता श्रेष्ठ | २०८१।०९।१९ |
| ११ | श्री हरिबहादुर पुन मगर | २०८१।०९।१९ |
| १२ | श्री रेणुका राई | २०८१।०९।१९ |
| १३ | श्री प्रकाश थापा | २०८१।०९।१९ |
| १४ | श्री गोविन्द बहादुर चन्द | २०८१।०९।१९ |
| १५ | श्री परीक्षा ढकाल | २०८२।०२।०२ |
| १६ | श्री प्रभात क्षेत्री | २०८२।०२।०२ |
| १७ | श्री स्नेहा शर्मा | २०८२।०२।०२ |
| १८ | श्री प्रकाश घिमिरे | २०८२।०२।०२ |
| १९ | श्री नेत्रप्रसाद पौडेल | २०८२।०३।०१ |
| २० | श्री नरेश राय यादव | २०८२।०३।०१ |
| २१ | श्री ओजा लामिछाने | २०८२।०३।०१ |

८.४ सहायक न्यायाधिवक्ता (रा.प. तृतीय श्रेणी)

| सि.नं. | सरकारी वकीलको नाम, थर | बढुवा मिति |
|---|---|---|
| १ | श्री भोलानाथ बराल | २०८२।०३।१० |
| २ | श्री जगत बहादुर पाठक | २०८२।०३।१० |
| ३ | श्री सुरेश प्रसाद यादव | २०८२।०३।१० |
| ४ | श्री दिनेश कुमार यादव | २०८२।०३।१० |
| ५ | श्री प्रवेश गिरी | २०८२।०३।१० |
| ६ | श्री दुर्गादिवी शर्मा सुवेदी | २०८२।०३।१० |
| ७ | श्री उमापति गैरे | २०८२।०३।१० |

८.५ सहायक न्यायाधिवक्ता (रा.प.तृतीय श्रेणी) को पदमा सेवा प्रवेश

| सि.नं. | सरकारी वकीलको नाम, थर | नियुक्ति मिति |
|---|---|---|
| १ | श्री निशा खनाल | २०८२।०५।१६ |
| २ | श्री निशा दाहाल | २०८२।०५।१६ |
| ३ | श्री मोनिका कार्की | २०८२।०५।१६ |
| ४ | श्री प्यारे अनवर | २०८२।०५।१६ |
| ५ | श्री आयुशा जोशी | २०८२।०५।१६ |
| ६ | श्री नमुना गिरी | २०८२।०५।१६ |
| ७ | श्री मनसा प्रधान | २०८२।०५।१६ |
| ८ | श्री सुप्रिया खड्का | २०८२।०५।१६ |
| ९ | श्री आस्था ढुंगेल | २०८२।०५।१६ |
| १० | श्री प्रश्ना लुईटेल | २०८२।०५।१६ |

| सि.नं. | सरकारी वकीलको नाम, थर | नियुक्ति मिति |
|---|---|---|
| ११ | श्री पुष्पा बस्याल | २०८२।०५।१६ |
| १२ | श्री शशिरंजन ठाकुर वरही | २०८२।०५।१६ |
| १३ | श्री महम्मद इजहार शेष | २०८२।०५।१६ |
| १४ | श्री शिक्षा राई | २०८२।०५।१६ |
| १५ | श्री कपिल कोइराला | २०८२।०५।१६ |

# ९. अधिकार प्रत्यायोजनसँग सम्बन्धित राजपत्रहरु


## नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, वैशाख १३ गते, २०७८ साल (संख्या २


## भाग ४

### महान्यायाधिवक्ताको कार्यालयको

### सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी माननीय महान्यायाधिवक्ताले आफूमा निहीत अधिकार देहायको शर्तको अधीनमा रही सरकारी वकीलले प्रयोग र पालना गर्न पाउने गरी प्रत्यायोजन गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छः-

१. मुद्दा चलाउने वा नचलाउने सम्बन्धमाः

(क) कुनै अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट दायर हुने मुद्दामा सम्बन्धित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि अनुसन्धान प्रतिवेदन सहित जिल्ला सरकारी वकील कार्यालयमा पेश हुन आएको मिसिल कागज अध्ययन गर्दा सम्बन्धित सरकारी वकीलले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा सोही बमोजिम निर्णय गरी आवश्यक कानूनी प्रक्रिया पूरा गरी गराई आफूले मुद्दा दायर गर्नुपर्ने भए प्रचलित कानून बमोजिम सम्बन्धित अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्ने र अन्य निकायले मुद्दा दायर गर्नु पर्ने भए निर्णयको प्रतिलिपि सहित सम्बन्धित अनुसन्धान अधिकारी समक्ष पठाउने,

(ख) खण्ड (क) बमोजिम प्राप्त मिसिल अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी सोको प्रतिलिपिसहित मिसिल सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(ग) प्रचलित कानूनबमोजिम जिल्ला न्यायाधिवक्ताले प्रयोग गर्ने काम, कर्तव्य र अधिकार जिल्ला सरकारी वकील कार्यालयमा सहन्यायाधिवक्ता खटिएको अवस्थामा सहन्यायाधिवक्ता वा निजले तोकेको जिल्ला न्यायाधिवक्ताले प्रयोग गर्ने,

(घ) खण्ड (ख) बमोजिम सम्बन्धित सरकारी वकीलबाट प्राप्त मिसिल अध्ययन गर्दा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारण सहित निर्णय गरी निर्णयको प्रतिलिपि सहित मिसिल

२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(ङ) खण्ड (ख) बमोजिम प्राप्त मिसिलमध्ये आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका मुद्दा, वारदातबाट कसूर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका मुद्दा र प्रतिवादी खुलेको भएपनि निजको मृत्यु भई सकेको मुद्दामा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले अन्तिम निकासा दिने,

(च) सुरक्षित कारोबार ऐन, २०६३ र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ बमोजिमको कसूर सम्बन्धी मुद्दामा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका हकमा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि प्राप्त मिसिल अध्ययन गर्दा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहित निर्णय गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) वैदेशिक रोजगार ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिमको कसूर सम्बन्धी मुद्दामा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि अनुसन्धान प्रतिवेदनसहित विशेष सरकारी वकील कार्यालयमा पेश हुन आएको मिसिल सो कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा सोको आधार र कारण खुलाई निर्णय गरी निर्णयको प्रतिलिपिसहित मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकारीसमक्ष पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(ज) राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० बमोजिम सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित पेश हुन आएका मुद्दामा सो मुद्दा दायर हुने उच्च अदालतको भौगोलिक क्षेत्राधिकारभित्र पर्ने उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले मिसिल अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकारीसमक्ष पठाउने र मुद्दा चलाउनु नपर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(झ) खण्ड (घ),(च),(छ) र (ज) बमोजिम महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुन आएको मिसिल अध्ययन गर्दा सम्बन्धित नायब महान्यायाधिवक्ताले थप अनुसन्धान गर्नु गराउनु पर्ने वा मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपि साथै राखी मिसिल सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित महान्यायाधिवक्तासमक्ष पेश गरी निर्णय भएबमोजिम गर्ने,

(ञ) माथि विभिन्न खण्डमा उल्लेख भए बमोजिम सहन्यायाधिवक्तालाई प्रत्यायोजन गरिएको अधिकार निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतमा कामकाज गर्ने सरकारी वकीलले प्रयोग गर्ने।

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३४ को उपदफा (१) को प्रयोजनको लागि खास किसिमका सानातिना कसूरमा सो दफाको प्रक्रिया पूरा गरी मुद्दा दायर नगर्ने निर्णय गर्न सम्बन्धित जिल्लाका सरकारी वकीललाई स्वीकृति प्रदान गर्ने।

३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ को उपदफा (८) बमोजिम मुद्दा नचलाईएको प्रतिवादीको हकमा सोही दफाको उपदफा (११) को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुन आएका मिसिल अध्ययन गरी सम्बन्धित नायब महान्यायाधिवक्ताले मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा आवश्यक निर्देशन दिने।

५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड ७१) संख्या २ नेपाल राजपत्र भाग ४ मिति २०७८।०१।१३

४. **हिरासतमा रहेको व्यक्तिको मानव अधिकारको अवस्थाबारे अनुगमन गर्ने सम्बन्धमाः**

(क) हिरासतमा रहेको व्यक्तिलाई नेपालको संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायीमार्फत भेटघाट गर्न नदिएको भन्ने उजूरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने सम्बन्धमा नेपालको संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ग) ले प्रदान गरेको अधिकार सम्बन्धित क्षेत्रभित्रका उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतमा काम गर्ने सरकारी वकीलले प्रयोग र पालना गर्ने,

(ख) खण्ड (क) बमोजिम अनुगमन गर्ने क्रममा हिरासतमा रहेको व्यक्तिको मानव अधिकार संरक्षण गर्न र हिरासत व्यवस्थालाई सुदृढ पार्नको लागि आवश्यक व्यवस्था मिलाउन सम्बन्धित अधिकारीलाई निर्देशन दिनुपर्ने भए निर्देशन समेत दिने,

(ग) खण्ड (क) वा (ख) बमोजिम गरेको अनुगमन तथा दिएको निर्देशन सम्बन्धी कार्यको प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्ने।

(घ) खण्ड (क), (ख) वा (ग) बमोजिम अधिकार प्रत्यायोजन गरेको कारण महान्यायाधिवक्ता वा महान्यायाधिवक्ताको कार्यालयबाट हिरासतको अनुगमन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने र सम्बन्धित अधिकारीलाई निर्देशन दिनसक्ने विषयमा कुनै असर नपर्ने ।

५. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र गराउन आदेश दिन सक्ने अधिकार सरकारी वकील सम्वन्धी नियमावली, २०७७ को नियम ३३ मा उल्लिखित शर्तको अधीनमा रही सम्बन्धित नायब महान्यायाधिवक्ताले प्रयोग गर्ने।

६. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (त) बमोजिम महान्यायाधिवक्ताको कार्यालय, उच्च सरकारी वकील कार्यालय तथा विशेष सरकारी वकील कार्यालयका सहायक न्यायाधिवक्ताले महान्यायाधिवक्ता कार्यालयबाट अन्यथा आदेश भएकोमा बाहेक नेपाल सरकार वादी हुने मुद्दा तथा नेपाल सरकारको हक, हित वा सरोकार निहीत रहेका मुद्दामा आफ्नो कार्यक्षेत्र भित्रका अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष बहस, पैरबी तथा प्रतिरक्षा गर्ने।

द्रष्टव्यः नेपाल राजपत्रमा प्रकाशन भएका देहाय बमोजिमका सूचनाहरु खारेज गरिएका छन्:-

१. खण्ड ६५, अतिरिक्ताङ्क १५ क, मिति २०७२।६।३ को नेपाल राजपत्र भाग ४ तथा भाग ५ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयका सूचनाहरु,

२. खण्ड ६६, सङ्ख्या ४६, मिति २०७३।०९।१८ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयका सूचनाहरु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. खण्ड ६८, सङ्ख्या २६, मिति २०७५।६।१ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचना,

४. खण्ड ६८, सङ्ख्या ३८, मिति २०७५।७।१३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचना,

५. खण्ड ६९, सङ्ख्या ४७, मिति २०७६।११।१९ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयका सूचनाहरु।

आज्ञाले,
पद्मप्रसाद पाण्डेय
नायब महान्यायाधिवक्ता ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड ७२) संख्या ८ नेपाल राजपत्र भाग ४ मिति २०७९।०१।२६

# भाग ४

## महान्यायाधिवक्ताको कार्यालयको

## सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) बमोजिम माननीय महान्यायाधिवक्ताले आफूमा निहीत अधिकार सरकारी वकीललाई प्रत्यायोजन गरी खण्ड ७१) संख्या २, मिति २०७८।०१।१३ को नेपाल राजपत्र भाग ४ मा सूचना प्रकाशन भएकोमा माननीय महान्यायाधिवक्ताले सो सूचनाको प्रकरण १ अन्तर्गत प्रत्यायोजित अधिकारको खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) रहने गरी हेरफेर गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छः-

"(झ) खण्ड (घ), (च), (छ) र (ज) बमोजिम महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुन आएको मिसिल अध्ययन गर्दा सम्बन्धित नायब महान्यायाधिवक्ताले थप अनुसन्धान गर्नु गराउनु पर्ने वा मुद्दा चलाउनु पर्ने वा मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहित महान्यायाधिवक्ता समक्ष पेश गरी निर्णय भए बमोजिम गर्ने,"

आज्ञाले,
कृष्णजीवी घिमिरे
नायब महान्यायाधिवक्ता ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड ७३) संख्या १७ नेपाल राजपत्र भाग ४ मिति २०८०।०३।२५

# भाग ४

## महान्यायाधिवक्ताको कार्यालयको

## सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले आफूमा निहीत अधिकार मातहतका सरकारी वकीलले प्रयोग र पालना गर्ने गरी प्रत्यायोजन गर्नु भएको अधिकार मिति २०८०।०४।०१ देखि लागू हुने गरी देहाय बमोजिम हेरफेर गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छः-

१. खण्ड ७१) सङ्ख्या २, मिति २०७८/०१/१३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचनाको,-

(क) प्रकरण १ को खण्ड (ङ) र (च) को सट्टा देहायका खण्ड (ङ) र (च) राखिएका छन्ः-

"(ङ) खण्ड (क) बमोजिम प्राप्त मिसिल मध्ये आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका अन्य ज्यान मुद्दा, बारदातबाट कसूर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका अन्य मुद्दा र प्रतिवादी खुलेको भए पनि निजको मृत्यु भइसकेको मुद्दामा मुद्दा नचलाउने अन्तिम निर्णय जिल्ला सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने,

४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) सुरक्षित कारोबार ऐन, २०६३ बमोजिमको कसुर सम्बन्धी मुद्दा र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) मा उल्लिखित कसूर बाहेक सो ऐन बमोजिमका अन्य कसूर सम्बन्धी मुद्दामा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका हकमा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि प्राप्त मिसिल अध्ययन गर्दा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनुपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,"

(ख) प्रकरण ५ को सट्टा देहायको प्रकरण ५ राखिएको छः-

"५. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका मुद्दामा मिलापत्र गर्न आदेश दिन सक्ने अधिकार सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम

५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३ मा उल्लिखित शर्तको अधीनमा रही देहायका सरकारी वकीलले प्रयोग गर्ने:-

(क) जिल्ला अदालतमा विचाराधीन मुद्दामा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले,

(ख) उच्च अदालतमा विचाराधीन मुद्दामा सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले,

(ग) वैदेशिक रोजगार न्यायाधीकरणमा विचाराधीन मुद्दामा विशेष सरकरी वकील कार्यालयको सहन्यायाधिवक्ताले,

(घ) सर्वोच्च अदालतमा विचाराधीन मुद्दामा महान्यायाधिवक्ताको कार्यालयमा सो मुद्दा रहेको महाशाखाको नायब महान्यायाधिवक्ताले ।"

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका नेपाल सरकार वादी हुने मुद्दामा अनुसन्धानकै चरणमा प्रतिवादीले पीडितलाई बुझाउनुपर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाई वा अन्य कुनै शर्तमा मुद्दाको कारबाही अगाडी नबढाउन पीडित र प्रतिवादी दुबै पक्ष सहमत भै दिएको निवेदन बमोजिम मातहतको जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी प्राप्त भएका मिसिलमा मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा

६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

काम गर्ने सरकारी वकीलले गर्ने । विशेष सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुने यस प्रकृतिका मुद्दामा सम्बन्धित नायब महान्यायाधिवक्ताले मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्ने ।

**द्रष्टव्यः** खण्ड ७१ ) अतिरिक्ताङ्क ७(क), मिति २०७८/०१/१९ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचना खारेज गरिएको छ ।

**आज्ञाले,**
**विश्वराज कोईराला**
**नायब महान्यायाधिवक्ता ।**



मुद्रण विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, कात्तिक १ गते, २०८१ साल (संख्या ३२

## भाग ४

## महान्यायाधिवक्ताको कार्यालयको

### सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) बमोजिम माननीय महान्यायाधिवक्ताले आफूमा निहित अधिकार सरकारी वकीललाई प्रत्यायोजित गरी खण्ड ७१) संख्या २, मिति २०७८/०१/१३ र खण्ड ७२) संख्या ८ मिति २०७९/०१/२६ को नेपाल राजपत्र भाग ४ मा सूचना प्रकाशन भएकोमा माननीय महान्यायाधिवक्ताले सो सूचना बमोजिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रत्यायोजित अधिकारको खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) रहने गरी हेरफेर गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

"(झ) खण्ड (घ), (च), (छ) र (ज) बमोजिम महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुन आएको मिसिल अध्ययन गर्दा सम्बन्धित नायब महान्यायाधिवक्ताले थप अनुसन्धान गर्नु गराउनु पर्ने वा मुद्दा चलाउनु पर्ने देखेमा आधार कारण सहित निर्णय गरी निर्णयको प्रतिलिपि साथै राखी मिसिल सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहित महान्यायाधिवक्ता समक्ष पेश गरी निर्णय भए बमोजिम गर्ने ।"

**आज्ञाले,**
**डा. टेकबहादुर घिमिरे**
**नायब महान्यायाधिवक्ता ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड ७५) संख्या २४ नेपाल राजपत्र भाग ४ मिति २०८२।०४।२६

# भाग ४

## महान्यायाधिवक्ताको कार्यालयको

### सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) बमोजिम माननीय महान्यायाधिवक्ताले आफूमा निहित अधिकार सरकारी वकीललाई प्रत्यायोजन गरेको सूचना खण्ड ७१, सङ्ख्या २, मिति २०७८।०१।१३ को नेपाल राजपत्रको भाग ४ मा प्रकाशन भएकोमा माननीय महान्यायाधिवक्ताले सो सूचनाको प्रकरण १ अन्तर्गत प्रत्यायोजित अधिकारको खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) रहने गरी हेरफेर गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छः-

"(ज) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० बमोजिम सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित सम्बन्धित मुद्दाको अनुसन्धान गर्ने निकाय रहेको जिल्ला सरकारी वकील कार्यालयमा पेस हुन आएको मिसिल कागज अध्ययन गर्दा सम्बन्धित सरकारी वकीलले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारण खुलाई निर्णय गरी निर्णयको प्रतिलिपिसहित मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकारीसमक्ष पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड ७५) संख्या २४ नेपाल राजपत्र भाग ४ मिति २०८२।०४।२६

कारण खुलाई निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,"

**आज्ञाले,**
**गोपाल प्रसाद रिजाल**
**नायब महान्यायाधिवक्ता ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, असोज ३० गते, २०८२ साल (संख्या ३६

## भाग ४

## महान्यायाधिवक्ताको कार्यालयको

## सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) बमोजिम माननीय महान्यायाधिवक्ताले आफूमा निहित अधिकार सरकारी वकीललाई प्रत्यायोजन गरेको सूचना खण्ड ७१, सङ्ख्या २, मिति २०७८/०१/१३ को नेपाल राजपत्रको भाग ४ मा प्रकाशन भएकोमा माननीय महान्यायाधिवक्ताले सो सूचना बमोजिम प्रत्यायोजित अधिकारको प्रकरण ५ पछि देहायका प्रकरण ५क. र ५ख. थप गरी हेरफेर गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"५ क. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका नेपाल सरकार वादी हुने मुद्दामा अनुसन्धानकै चरणमा प्रतिवादीले पीडितलाई बुझाउनुपर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाई वा अन्य कुनै शर्तमा मुद्दाको कारबाही अगाडि नबढाउन पीडित र प्रतिवादी दुवै पक्ष सहमत भै दिएको निवेदन बमोजिम सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयको सरकारी वकीलले मुद्दा नचलाउने गरी गरेको निर्णय सोही कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले अन्तिम निर्णय निकासा दिने।

५ख. राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २४क. को व्यवस्था बमोजिम मुद्दा दायर भई विचाराधीन रहेको मुद्दामा प्रतिवादीले बिगो र लाग्ने जरिबाना भुक्तानी गरी मिलापत्र गराई पाँऊ भनी निवेदन दिएमा त्यस्तो मुद्दामा मिलापत्र हुन सक्नेछ भन्ने व्यवस्था रहेकोले सोही ऐनको दफा २४क. को उपदफा (४) बमोजिम सम्बन्धित सरकारी वकील कार्यालयको सरकारी वकीलले मिलापत्र गर्ने गरी गरेको निर्णय सोही कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले अन्तिम निर्णय निकासा दिने।"

**द्रष्टव्य**ः खण्ड ७३, सङ्ख्या १७, मिति २०८०/०३/२५ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचनाको प्रकरण २ खारेज गरिएको छ।

**आज्ञाले,**
**संजीवराज रेग्मी**
**नायब महान्यायाधिवक्ता।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# १०. महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएका निर्देशनहरू

## महान्यायाधिवक्ताको कार्यालय

(..................... प्रशासन ..................... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७७/०७८(निर्देशन)

चलानी नं. :- १६४०

मिति :- २०७८।०१।०२

विषय :- निर्देशन सम्बन्धमा

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री बिशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

उपरोक्त सम्बन्धमा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा मिति २०७७।१२।२६ मा बसेको व्यवस्थापन समितिको बैठकबाट सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (१) बमोजिम नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन देहायबमोजिमका निर्देशनहरु जारी गर्ने निर्णय भएको हुँदा सो बमोजिम गर्नु गराउनहुन निर्णयानुसार अनुरोध गरिन्छ।

देहाय

निर्देशन नं. १. मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ अनुसार एकीकृत कसूर वापत थप सजायको दाबी लिने सम्बन्धमा:-

यस दफाको उपदफा (२) मा जन्म कैदको सजाय हुने कसूरदारमा बाहेक एकीकृत कसूर गर्ने कसूरदारलाई थप सजाय हुने व्यवस्था छ। सोही दफाको उपदफा (१) मा कुनै व्यक्तिले एउटै वारदातमा एक भन्दा बढी कसूर गरेमा त्यस्तो व्यक्तिले एकीकृत कसूर गरेको मानिनेछ भनी एकीकृत कसूरको परिभाषा गरिएको छ। एउटा वारदातमा कुनै एक कसूर गर्दा सो कसूरसँग अन्योन्याश्रित रुपमा सँगै जोडिएर आउने कार्यलाई प्रचलित कानूनले कसूर मानेको रहेछ भने त्यसरी जोडिएर आएको कार्यलाई यस उपदफाको परिभाषा अनुसार एकीकृत कसूर मानिंदैन। एकीकृत कसूर हुन एकै वारदातमा दुईवटा फरक फरक (Independent) कसूर भएको हुनु पर्दछ। महान्यायाधिवक्ताको कार्यालयमा पुनरावेदन/निवेदन सम्बन्धी कारवाहीका लागि प्राप्त हुने मिसिल हेर्दा कतिपय मुद्दामा हाडनातामा जबरजस्ती करणी गरेको कसूर, सामूहिक रुपमा गरेको जबरजस्ती करणीको कसूर आदिमा पनि यस दफा बमोजिम एकीकृत कसूर वापत थप सजाय हुन मागदाबी लिएको तर अदालतबाट सो दावी कायम नभएको देखिएको छ। तसर्थ एउटा कार्य गर्दा छुट्याउन नसकिने किसिमको अर्को कार्य (Inextricable act) भएको अवस्थामा एकीकृत कसूर वापत थप सजायको दाबी नलिने तर कुनै एउटा कसूर गर्ने सिलसिलामा कानूनद्वारा निषेधित कसूर मानिने अर्को छुट्टै (Separate) कार्य भएको अवस्था जस्तैः जबरजस्ती करणीको कसूर गर्ने सिलसिलामा पीडितको धनमाल चोरेको, घरमा आगो लगाएको, पीडितको हार गुहार सुनी पीडितलाई उद्धार गर्न आउने व्यक्तिहरु उपर कुनै कसूर गरेको आदि जस्ता अवस्थामा मात्र त्यसरी भएका प्रत्येक कसूरबापत दाबी लिई दफा ४३ बमोजिम एकीकृत कसूर बापत थप सजायको मागदाबी लिने।

निर्देशन नं. २. मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ अनुसार थप सजायको दाबी सम्बन्धमा:-

यस दफाको उपदफा (१) मा जन्म कैदको सजाय पाएको कसूरदारको हकमा बाहेक जघन्य वा गम्भीर कसूरमा सजाय पाएको व्यक्तिले अर्को कसूर गरेमा निजले पछिल्लो पटक गरेको कसूरमा हुने सजायको दोब्बरसम्म सजाय हुने तथा सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिमको कसूर बाहेक अन्य कसूरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान गरेको पाँच वर्षभित्र अर्को कसूर गरेमा निजलाई

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(............................ शाखा)
प्रशासन

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७७/०७८(निर्देशन)

चलानी नं. :-

मिति :-

पछिल्लो पटक गरेको सजायको दोब्बरसम्म सजाय हुने व्यवस्था छ। यो कानूनी व्यवस्था अनुसार थप सजाय हुनका लागि जघन्य वा गम्भीर कसूरमा अदालतबाट सजाय पाईसकेको (तर सजाय भुक्तान गरेको हुनु नपर्ने) र सो बाहेकका अन्य कसूरमा सजाय पाएर सो सजाय भुक्तान गरेको पाँच वर्षभित्र अर्को कसूर गरेको हुनुपर्ने पूर्वशर्त रहेको छ। महान्यायाधिवक्ताको कार्यालयमा पुनरावेदन/निवेदन सम्बन्धी कारबाहीका लागि प्राप्त भएका कतिपय मिसिलबाट सो पूर्वशर्त नरहेको अवस्था जस्तैः अघिल्लो कसूरसम्बन्धी मुद्दा अदालतमा विचाराधीन रहिरहेको वा एकैपटक वा एकभन्दा बढी कसूर गरेको तर अदालतबाट सजाय पाइ नसकेको अवस्थामा पनि थप सजायको मागदाबी लिएको भएपनि अदालतबाट फैसला हुँदा सो दाबी नपुगने गरी फैसला भएको देखिएको छ। तसर्थ कानूनले प्रष्ट शब्दमा निर्धारण गरेका माथि उल्लेखित पूर्व शर्तहरु नरहेको अवस्थामा दफा ४४ बमोजिम थप सजायको मागदाबी नलिने। यस्तो थप मागदाबी मुलुकी अपराध संहिता, २०७४ लागू भएपछि अर्थात् २०७५।०५।०१ वा सो भन्दा पछि कसूर गरी सजाय पाएको वा सजाय भुक्तान गरेको प्रतिवादीको हकमा मात्र लिने।

<u>निर्देशन नं. ३.</u> मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीको पुनरावेदन/निवेदन परेको तर प्रत्यार्थी झिकाउने आदेश वा निस्सा नभइसकेको अवस्थामा मिलापत्रको कारवाही अगाडि बढाउने सम्बन्धमाः-

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) अनुसार मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका फौजदारी मुद्दामा कसूर कायम भई प्रतिवादीको पुनरावेदन/दोहोऱ्याई पाउने/पुनरावलोकन निवेदन परेको तर प्रत्यर्थी झिकाउने आदेश वा निस्सा नभइसकेका मुद्दाहरुमा पनि मिलापत्र सम्बन्धी प्रक्रिया अगाडि बढाउने।

<u>निर्देशन नं. ४.</u> मुद्दासँग सरोकार नराख्ने पीडित उपस्थित नभए पनि मिलापत्र हुने सम्बन्धमाः-

प्रचलित कानून बमोजिम मिलापत्र हुने प्रकृतिका मुद्दामा धेरै पीडितहरु रहेका तर केही पीडितले मात्र जाहेरी दिएको वा मुद्दामा सरोकार देखाएको अवस्थामा अदालत वा सरकारी वकील कार्यालयबाट खोजी गर्दा उपस्थित नहुने वा मुद्दासँग सरोकार नराख्ने पीडितहरुले मिलापत्रको लागि निवेदन नदिएको भए पनि मुद्दामा सरोकार राख्ने पीडित आफैले वा सम्पर्कमा आएका वा नआएका पीडितका तर्फबाट पीडितका एकासगोलका परिवारका सदस्य वा कानूनबमोजिमका संरक्षकले आ-आफ्नो हकमा मिलापत्र गर्न निवेदन दिएमा सम्बन्धित सरकारी वकील कार्यालयले मिलापत्रको प्रक्रिया अगाडि बढाउने। सम्पर्कमा नरहेका वा सम्पर्कमा आउने अवस्था नदेखिएका पीडितका हकमा त्यस्ता पीडितहरुको नोक्सानी भए अनुसारको रकम, सोमा कानून बमोजिम लाग्ने हर्जाना र अन्य खर्च समेत प्रतिवादीले सुरक्षित राखेको (धरौटी वा अन्य उपायबाट) र त्यस्ता पीडितहरु पछि सम्पर्कमा आएका बखत त्यस्तो रकम प्राप्त गर्न सक्ने देखिएमा उपस्थित भएका पीडित र प्रतिवादीको निवेदन परेमा समेत मिलापत्रको लागि कारवाही अगाडि बढाउने।

<u>निर्देशन नं. ५.</u> चेक अनादर सम्बन्धी बैंकिङ्ग कसूर मुद्दामा मिलापत्र गराउन आदेश दिने सम्बन्धमाः-

सर्वोच्च अदालतबाट पुरुषोत्तम दंगाल विरुद्ध महान्यायाधिवक्ताको कार्यालय समेत भएको परमादेश मुद्दामा (०७७-WO-००१५) मिति २०७७।१०।०८ मा भएको आदेश समेतलाई विचार गरी बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) अनुसारका सर्वसाधारण पीडित भएको बैंकिङ्ग कसूर मुद्दामा पीडित पक्ष र प्रतिवादीले मिलापत्र गराई पाउँ भनी निवेदन दिएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) अनुसार मिलापत्र सम्बन्धी कारवाही अगाडि बढाउने।

☎: ४२००८००, ४२००८०१, ४२००८६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(........................ शाखा)
प्रशासन

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या :- ०७७/०७८(निर्देशन)

रामशाहपथ, काठमाडौं

चलानी नं. :-

मिति :-..........................

**निर्देशन नं. ६.** चेक अनादर सम्बन्धी बैंकिङ्ग कसूर मुद्दामा प्रतिवादीले पीडितलाई बिगो बुझाईसकेको अवस्थामा मुद्दा नचलाउने र पुनरावेदन नगर्ने सम्बन्धमाः

बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) अनुसारका कसूर अन्तर्गतको ललिता कुमारी सिंहको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रेश्मा शाह भएको बैंकिङ्ग कसूर (चेक अनादर) मुद्दा (०७५-RB-०१४१) मा"जाहेरवालाले प्रतिवादीबाट बिगो रकम प्राप्त गरिसकेको छु भनी अदालतमा गरेको बकपत्र साथै रकम प्राप्त भएको भरपाई समेत पेश गरेको देखिएकोले बिगो बाँकी नहुँदा प्रतिवादीलाई बिगो बमोजिम जरीवाना र बिगो भराईदिनु नपर्ने ठहर गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला सदर हुने" भनी सर्वोच्च अदालतबाट मिति २०७६।०३।०२ मा भएको फैसला उपर प्रतिवादीलाई बिगो बमोजिम जरीवाना नभएको हकमा सर्वोच्च अदालतमा पुनरावलोकनका लागि निवेदन गरिएकोमा (०७६-RV-०२२४) पुनरावलोकनको अनुमति नहुने गरी मिति २०७७।०१।०८ मा आदेश भएको छ। यस प्रकृतिका कसूरमा पीडित पक्ष र प्रतिवादीले मिलापत्र गराई पाउँ भनी निवेदन दिएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) मा उल्लिखित "सर्वसाधारणको हानि, नोक्सानी" को कसूर अन्तर्गत मिलापत्र सम्बन्धी कारबाही अगाडि बढाउने भनी आजै व्यवस्थापन समितिबाट निर्णय भएको छ। कानून बमोजिम मिलापत्र हुन सक्ने र मिलापत्र गर्न उपयुक्त हुने प्रकृतिका सरकारवादी फौजदारी मुद्दामा अनुसन्धानको क्रममा वा अभियोजन गर्नु अगाडि पीडित र प्रतिवादी मिलापत्र गर्न सहमत भएका मुद्दामा सामान्यतया अभियोजन गरिने छैन भन्ने महान्यायाधिवक्ताको कार्यालयको नीति रहेको (महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७७ को परिच्छेद २ को २.२(२.२.२६)) छ। अतः यस प्रकृतिका मुद्दामा अभियोजन पूर्व प्रतिवादीबाट पीडितले रकम प्राप्त गरिसकेको भए मुद्दा नचलाउने निर्णय गर्ने र अदालतमा मुद्दा दायर भएपछि पीडितले त्यस्तो रकम प्राप्त गरिसकेको अवस्थामा त्यस्तो फैसला उपर पुनरावेदन नगर्ने।

**निर्देशन नं. ७.** अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २० अनुसार पीडितले गरेको पुनरावेदन/निवेदनमा बहस पैरवी प्रतिरक्षा नगर्ने सम्बन्धमाः-

नेपाल सरकार वादी हुने मुद्दामा अदालतबाट भएका आदेश/फैसला उपर नेपाल सरकारको तर्फबाट निवेदन/पुनरावेदन नगर्ने निर्णय भइसकेको अवस्थामा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २० अनुसार पीडितको निवेदन/पुनरावेदन परेको र सरकारी वकील कार्यालयमा सो मुद्दाको पेशीको सूचना प्राप्त हुन आएमा नेपाल सरकारको तर्फबाट निवेदन/पुनरावेदन नगर्ने निर्णय भएको व्यहोराको जानकारीसहित त्यस्ता निवेदन/पुनरावेदनमा नेपाल सरकारका तर्फबाट बहस पैरवी प्रतिरक्षा नगरिने व्यहोरा अदालतलाई लेखी पठाउने।

**निर्देशन नं. ८.** अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ अनुसारको क्षतिपूर्ति शुल्क (कम्पेनसेसनलेभी) सम्बन्धी दाबी नपुगेको अवस्थामा पुनरावेदन नगर्नेः-

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ अनुसार क्षतिपूर्ति शुल्क (कम्पेनसेसन लेभी) पीडित राहत कोषमा बुझाउन समेतको मागदावी अभियोग पत्रमा लिइएको रहेछ र त्यस्तो मुद्दामा अन्य दाबी पुगेको वा गिसिल संलग्न प्रमाण बमोजिम फैसला मिलेको देखिएको तर क्षतिपूर्ति शुल्कको मात्र दाबी नपुगेको वा तत् सम्बन्धमा केही नबोलिएको अवस्थामा सो सम्बन्धमा मात्र पुनरावेदन नगर्ने ।

**निर्देशन नं. ९.** वयस्क महिलाले नाबालकलाई यौन दुरुपयोग गरे गराएमा मुद्दा दायर गर्नेः-

मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ को उपदफा (२) एवम् बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (३) को खण्ड (ग), (ङ), (च), (छ), (ज), (झ) र (ट) मा उल्लेख भएको

☎: ४२००८००, ४२००८०१, ४२००८३६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(............................ प्रशासन ........... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७७/०७८(निर्देशन)

चलानी नं. :-

मिति :-

कसूर बालिकाका विरुद्ध मात्र नहुने भै बालकको विरुद्ध पनि हुने भएकोले मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ को उपदफा (२) र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२) र (३) मा उल्लेखित जुनसुकै कसूर कुनै वयस्क महिलाले बालक वा बालिका जोसुकै उपर गरेको भए पनि त्यस विरुद्ध उजूरी पर्न आएमा त्यस्ता महिला उपर उक्त कानूनी व्यवस्था अनुसारको कसूरमा अनुसन्धान तथा अभियोजन सम्बन्धी कारवाही गर्ने।

<u>निर्देशन नं. १०:</u> सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान तहकिकातबाट संकलित कागजात मध्ये अभियोग लगाइएको दाबीलाई समर्थन नगर्ने प्रमाण कागज मिसिलमा नराख्ने गरी छनौट गर्न नसकिने सम्बन्धमाः-

पुनरावेदन सरकारी वकील कार्यालय नेपालगञ्ज विरुद्ध राजु थापा भएको परमादेश मुद्दा (ने.का.प. २०५७, अंक १०/११, नि नं. ६९५३) मा सर्वोच्च अदालतबाट "सरकारी वकील कार्यालयले आफू समक्ष प्रहरी कार्यालयबाट पेश गरेका मिसिल कागजातमध्ये कुनै कागज मिसिलमा राख्नु नपर्ने देखिएमा सम्बन्धित मिसिलबाट त्यस्तो कागज निकाल्न वा मिसिल संलग्न नगर्न सक्ने गरी त्यस्तो कुनै तजबिजी अधिकार, कर्तव्य र दायित्व सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को कुनै पनि कानूनी व्यवस्थाबाट सरकारी वकीललाई प्रदान नगरेको" भनी मिति २०५६।१२।०७ मा सर्वोच्च अदालतबाट फैसला भएको छ। यो आदेश मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले गरेको कानूनी व्यवस्थाका सम्बन्धमा पनि उत्तिकै सान्दर्भिक छ। अनुसन्धानकर्ता एवम् अभियोजनकर्ताले राज्यको तर्फबाट निष्पक्ष रुपमा काम गर्नुपर्ने हुन्छ। तसर्थ, जे जस्ता प्रमाणहरु संकलन हुन आएका छन् कसूर ठहरको पक्षमा नहुने भए पनि मिसिलबाट अलग नगरी मिसिल सामेल राखी त्यस्तो प्रमाणलाई अभियोग दाबी पुष्टि गर्न सहयोग पुग्ने प्रमाणको आधारमा खण्डन गर्ने। तर कसूर ठहरको पक्षमा नहुने त्यस्ता प्रमाण कागजलाई अभियोग पत्रको प्रमाण खण्डमा भने उल्लेख नगर्ने।

<u>निर्देशन नं. ११:</u> प्रचलित कानूनमा जनही जरिवाना हुने भनी उल्लेख भएकोमा बाहेक जरिवाना दामासाहीले हुने गरी भएका फैसला उपर पुनरावेदन नगर्नेः-

ने.का.प. २०६३, अंक ९, निर्णय नं. ७७६७, पृष्ठ १२३५ (नेपाल सरकार विरुद्ध इन्द्रप्रसाद नेपाल समेत, मुद्दा ठगी), ने.का.प. २०६१, अंक ३, नि.नं. ७३४८, पृष्ठ ३१० (समीन अन्सारी विरुद्ध नेपाल सरकार, मुद्दा डाँका), ने.का.प. २०७२, अंक १, नि.नं. ९३२९, पृष्ठ ९९ (दयाप्रसाद घिमिरे विरुद्ध नेपाल सरकार, मुद्दाः ठगी), ने.का.प. २०६५, अंक १०, नि.नं. ८०२८, पृष्ठ १२७१ (नेपाल सरकार विरुद्ध बाजे राना समेत, मुद्दाः वनपैदावार हटाई पाऊँ) मा सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजीरहरुबाट दुई वा सो भन्दा बढी कसूरदार भएको मुद्दामा प्रचलित कानूनमा जनही जरिवाना हुने भनी उल्लेख भएकोमा बाहेक जरिवाना दामासाहीले हुने सिद्धान्त स्थापित भएको छ। तसर्थ सोही कुरालाई विचार गरी जनही जरिवाना हुने भनी प्रचलित कानूनमा उल्लेख भए बाहेकका मुद्दाहरुमा दामासाहीले जरिवाना गर्ने गरी भएका फैसला उपर पुनरावेदन नगर्ने।

☎: ४२००८००, ४२००८०१, ४२००८४६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.................... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७७/०७८(निर्देशन)

चलानी नं. :-

मिति :-

**निर्देशन नं. १२.** कसूरको अनुसन्धान, अभियोजन तथा अन्य काम कारवाही गर्दा नयाँ शब्दावलीको प्रयोग गर्नेः-

मुलुकी संहिताहरु समेतका नयाँ कानूनहरुले गरेको कानूनी व्यवस्था तथा यस क्षेत्रमा विश्वमा आएको परिवर्तित अवधारणा समेतलाई मध्यनजर गरी अनुसन्धान, अभियोजन तथा अन्य काम कारवाहीमा प्रयोग गरिदैं आएको शब्दावलीहरुको सट्टा निम्नानुसारका शब्दावली प्रयोग गर्नेः-

| प्रयोग गरिदैं आएको शब्दावली | अब प्रयोग गर्ने शब्दावली |
|---|---|
| अपराध | कसूर |
| अपराधी | कसूरदार |
| प्रारम्भिक प्रतिवेदन | प्रारम्भिक अनुसन्धान प्रतिवेदन |
| राय प्रतिवेदन | अनुसन्धान प्रतिवेदन |
| सफल | कसूर ठहर |
| असफल | कसूर ठहर नभएको/सफाई |
| बालबालिकाको हकमा | |
| प्रतिवादी | कानूनको विवादमा परेका बालक/बालिका |
| अपराध | कसूरजन्य कार्य |
| हिरासत | निगरानी कक्ष |
| पक्राउ | नियन्त्रणमा लिने |
| बयान | सोधपुछ |

लोकराज पराजुली
सहन्यायाधिवक्ता

**अवगतार्थः**

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय, महान्यायाधिवक्ताको कार्यालय,

श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरु, महान्यायाधिवक्ताको कार्यालय ।

**बोधार्थः**

श्री प्रवक्ताज्यू, महान्यायाधिवक्ताको कार्यालय,

श्री मुद्दा व्यवस्थापन महाशाखा, महान्यायाधिवक्ताको कार्यालय ।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..................प्रशासन.................. शाखा)

पत्र संख्या :- ०७७/०७८(निर्देशन)

चलानी नं. :- १९६४

रामशाहपथ, काठमाडौं

मिति :- २०७८।०३।२९

विषय :- निर्देशन सम्बन्धमा ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

उपरोक्त सम्बन्धमा सम्माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा मिति २०७८।०३।२५ मा बसेको व्यवस्थापन समितिको बैठकबाट देहायबमोजिमका निर्देशनहरु जारी गर्ने निर्णय भएको हुँदा सो बमोजिम गर्नु गराउनहुन निर्णयानुसार अनुरोध गरिन्छ।

देहाय

निर्देशन नं. १३. बालबालिका हुँदा गरेको कसूरजन्य कार्य गर्ने व्यक्ति बयस्क भएपछि पक्राउ परेमा अनुसन्धान तथा अभियोजन गर्दा बाल न्यायसम्बन्धी कार्यविधि नै लागू गर्ने सम्बन्धमाः-

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा (२) को खण्ड (ञ) अनुसार बालबालिका मानिने कुनै व्यक्तिले कसूरजन्य कार्य गरी फरार रहेकोमा निज १८ वर्ष उमेर पूरा भएपछि पक्राउ परेमा कसूरको अनुसन्धान तथा अभियोजन सम्बन्धी कारबाही गर्दा बालबालिका सम्बन्धी ऐन, २०७५ तथा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को कानूनी व्यवस्थाले निर्धारित गरेको प्रक्रिया अनुसार गर्ने गराउने ।

निर्देशन नं. १४. संगठित अपराध निवारण ऐन, २०७० अनुसार थप सजायको दावी लिएको मुद्दामा अन्य कानून अनुसार थप सजाय हुन मागदावी नलिने सम्बन्धमाः-

संगठित अपराध निवारण ऐन, २०७० अनुसारको थप सजायको मागदावी लिईएको मुद्दामा अन्य कानून अनुसार थप सजायको मागदावी नलिने ।

निर्देशन नं. १५. आंशिक निर्णय गर्दा मुद्दा चलाउने र नचलाउने निर्णय छुट्टाछुट्टै नगरी एउटै निर्णय गर्ने सम्बन्धमाः-

कसूरको अनुसन्धानको दायरामा परेका शंकित व्यक्तिमध्येका केही व्यक्तिका हकमा मुद्दा चलाउने र केही व्यक्तिका हकमा मुद्दा नचलाउने निर्णय गर्दा छुट्टाछुट्टै निर्णय नगरी एउटै निर्णय गर्ने ।

निर्देशन नं. १६. कसूरसँग असम्बन्धित चिजवस्तु जफतको दावी नलिने, दशीका रुपमा अदालतमा पेश नगर्ने र प्रतिवेदक/सुराकी लाई पुरस्कार दिलाउन अभियोग दावी नलिने सम्बन्धमाः-

कतिपय मुद्दाहरुमा कसूरसँग असम्बन्धित मोबाइल, घडी, नगद रुपैया, सवारी साधन आदि चिजवस्तु कसूरदार पक्राउ पर्दा निजको साथबाट बरामद भएको आधारमा जफत हुन मागदावी लिई अदालतमा दशीको रुपमा पेश गर्ने गरेको देखिएको छ। यसका साथै केही मुद्दाहरुमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ मा समावेश नभएको प्रतिवेदक/सुराकीलाई पुरस्कार

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..........प्रशासन.......... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :-

मिति :-..............................

दिलाइदिने विषय (जस्तैः लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ ख. भन्सार ऐन,२०६४ को दफा ७१, राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा २९ आदिमा) समेत अभियोग दावी लिने गरिएको तर अदालतमा सो मागदाबी ठहर नहुने गरेको र उक्त विषयका लागि मात्र पुनरावेदन सम्बन्धी कारबाही गर्ने गरिएको प्रचलनमा सुधार गर्न आवश्यक देखिएको छ । त्यसर्थ कसूरसँग सम्बन्धित नदेखिएका घडी, मोबाइल, नगद रुपैया, सवारी साधन आदि चिजवस्तु जफत हुन मागदावी नलिने, त्यस्ता चिजवस्तु दशीका रुपमा अदालतमा पेश नगरी सम्बन्धित धनीलाई फिर्ता दिने र प्रतिवेदक/सुराकीलाई पुरस्कार दिलाउने विषयमा अभियोग दावी नलिने ।

<u>निर्देशन नं. १७.</u> अदालतमा दायर भएका मुद्दाहरुको अभियोगपत्र सम्बन्धित कार्यालयले वेभसाईटमा अपलोड गर्ने सम्बन्धमा:-

सरकारी वकील कार्यालयबाट मुद्दा हेर्ने निकायसमक्ष दायर हुने अभियोगपत्रहरुमा सम्बन्धित पीडित, अभियुक्त र कानून व्यवसायी लगायत सम्बद्द सबैको पहुँचलाई सहज बनाउनु पर्ने आवश्यकता रहेको छ । यसबाट कार्यालयको कामको सम्बन्धमा सम्बन्धित सरोकारवाला व्यक्तिलाई जानकारी प्राप्त गर्न सहज हुन्छ । त्यसर्थ सबै सरकारी वकील कार्यालयहरुले अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष अभियोग पत्र दर्ता भएपश्चात् अभियोगपत्रको विद्युतीय प्रति कार्यालयको वेभसाईटमा रहेको "अभियोग" खण्डमा नियमित रुपमा अपलोड गर्ने व्यवस्था गर्ने । सो कार्यको अनुगमन मुद्दा व्यवस्थापन महाशाखाले गर्ने । अनुसूची - २ का मुद्दामा सम्बन्धित अनुसन्धानकर्ताबाट मुद्दा दायर भएपश्चात् अभियोगपत्रको विद्युतीय प्रति प्राप्त गरी सो अनुसार अपलोड गर्ने ।

<u>निर्देशन नं. १८.</u> मुद्दा चलाउने, नचलाउने सम्बन्धी अभियोजनको निर्णय गर्ने सम्बन्धमा:-

अभियोजन नीति तथा मार्गदर्शन, २०७७ ले मुद्दा चलाउने, नचलाउने सम्बन्धी आधारहरु उल्लेख गरेको छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ मा समेत प्रमाणका आधारमा मुद्दा चल्ने भन्ने उल्लेख भएको छ । यस सम्बन्धमा विगतमा पनि निर्देशन जारी भएको विदैतै छ । (२०६७,२०६८,२०७३ असार, २०७६ मा समेत निर्देशन जारी भएका छन्।) अभियोजन गर्दा कसूरमा संलग्न भएको आधार, प्रमाण र संलग्नताको भूमिकालाई विचार गर्नुपर्ने हुन्छ । यसको अर्थ निर्दोष वा कसूरमा असंलग्न व्यक्तिलाई अभियोजनको विषय बनाइनु हुँदैन भन्ने नै हो । जाहेरी/सूचनामा नाम उल्लेख भएको वा शंका रहेको भन्ने आधारमा मात्र पक्राउ गर्ने, हिरासतमा राख्ने अनुमति माग्ने, मुद्दा चलाउने समेतका कार्यहरु हुनु उपयुक्त हुँदैन । यसका लागि अनुसन्धानकर्तासँग समन्वय गरी प्रमाणलाई नै अभियोजन गर्ने आधारको रुपमा ग्रहण गर्नुपर्ने अभियोजन नीति तथा मार्गदर्शनको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्ने गराउने । कुनै संगठित संस्थाका पदाधिकारी तथा कर्मचारीमध्ये कुनै व्यक्ति कसूरमा संलग्न रहेको अवस्थामा त्यस्तो

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(.................प्रशासन..........शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-..............................

व्यक्तिउपर मुद्दा चलाउने र कसूरमा संलग्न नभएका त्यस्तो संस्थाका अन्य व्यक्तिउपर मुद्दा चलाउन नहुने कुरामा विशेष ध्यान पुऱ्याउने।

<u>निर्देशन नं. १९.</u> **अनुसन्धान गर्ने निकायको निरीक्षण गरी हदम्याद भित्र अनुसन्धान र अभियोजन गर्ने व्यवस्था मिलाउनेः-**

मुलुकी अपराध संहिता, २०७४ तथा प्रचलित कानूनमा उल्लेख भएअनुसारको हदम्याद भित्रै मुद्दा दायर गर्नु पर्ने अनिवार्यता हुन्छ। कतिपय कसूरका अभियुक्त तत्काल फेला नपरेको कारण प्रहरी कार्यालयमा दर्ता भएको उजूरी/जाहेरी उपर वर्षौंसम्म अनुसन्धानको कार्य पुरा नभएको र हदम्याद सकिने अन्तिम अवस्थामा मात्र मुद्दा चलाउने वा नचलाउने गरी अनुसन्धान प्रतिवेदन पेश भएको पाईएको छ। यसबाट कसूरमा संलग्न व्यक्ति समयमा नै पहिचान हुन नसक्ने र कानूनको दायरामा ल्याउन नसकिने हुन्छ । त्यसैले यस सम्बन्धमा अनुसन्धानलाई पूर्णता दिन सम्बन्धित निकायसँगको समन्वयमा अनुसन्धानमा संलग्न निकायको अनुगमन र निरीक्षण गरी देहाय बमोजिम गर्ने गराउने व्यवस्था मिलाउनेः-

क. सबै सरकारी वकील कार्यालयहरुले प्रत्येक वर्ष श्रावण महिनामा अनुसन्धान गर्ने निकायको निरिक्षण गरी, मुद्दाको संख्यात्मक विवरण, फरार प्रतिवादीको नाम/ हुलिया, मुद्दा दायर गर्न बाँकी रहेको हदम्याद आदि विषयका बिवरण महान्यायाधिवक्ताको कार्यालय, मुद्दा व्यवस्थापन महाशाखामा पठाउने,

ख. मुद्दाको प्रकृतिबाट अनुसन्धान गर्नु पर्ने देखिए तत्काल अनुसन्धान गर्न गराउन आवश्यक निर्देशन दिने र प्रतिवादी फरार रहेकोमा खोजतलास गर्न सम्बन्धित निकायसँग समन्वय र ताकेता गर्ने गराउने ।

<u>निर्देशन नं. २०.</u> **सामाजिक सञ्जाल प्रयोग गर्ने सम्बन्धमाः**

निजामती सेवा तथा सरकारी सेवामा रहेका कुनै पनि कर्मचारीलाई आफ्नो पेशागत हक हितको लागि संगठित हुन बाहेक राजनैतिक गतिविधिमा संलग्न हुने अनुमति प्रचलित कानूनले दिएको छैन। महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील तथा कर्मचारीहरुले कुनै राजनैतिक दल वा कुनै दलको पक्ष वा विपक्षमा कुनै कुरा लेख्न, बोल्न तथा संकेत गर्न नपाउने व्यवस्था निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० मा उल्लेख रहेको जानकारी नै छ । सरकारी वकील तथा कर्मचारीले सामाजिक सञ्जाल मार्फत् कुनै राजनैतिक दल तथा नेताको पक्ष/विपक्षमा अभिमत दिने, अनुचित तथा पदीय मर्यादा विपरीतका स्टाटस राख्ने तथा शेयर गर्ने प्रवृत्ति देखिनु कर्मचारीको आचारसंहिता समेतको प्रतिकूल कार्य हो। यस्तो क्रियाकलाप पदीय मर्यादाको समेत विपरीत भई जवाफदेहिता सृजना गर्ने कार्य हो। त्यसर्थ कुनै पनि राजनैतिक दल वा राजनैतिक दलको नेताको पक्ष वा विपक्ष वा कुनै व्यक्तिको सम्बन्धमा पदीय मर्यादा विपरितका कुरा

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..........प्रशासन.......... शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-............................

सामाजिक सञ्जालमा पोष्ट गर्ने, शेयर गर्ने र कमेन्ट गर्ने कार्य नगर्न र सरकारी वकील तथा कर्मचारीको आचारसंहिताको पूर्ण पालना गर्ने गराउने। कार्यालय प्रमुखले यस्तो कार्य भएमा तत्काल महान्यायाधिवक्ताको कार्यालयको प्रशासन शाखामा जानकारी गराउने। यस्तो गरेको पाइएमा प्रचलित कानून अनुसार कारवाही हुने।

(पुनश्चः यस कार्यालयको च.नं. १७६०, मिति २०७८।०१।०२ को पत्रबाट १२ बुँदाको निर्देशन यसअगावै सम्प्रेषण गरिएको व्यहोरा अनुरोध छ ।)

लोकराज पराजुली
सहन्यायाधिवक्ता

अवगतार्थः
माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय, महान्यायाधिवक्ताको कार्यालय,
श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरु, महान्यायाधिवक्ताको कार्यालय ।

बोधार्थः
श्री प्रवक्ताज्यू, महान्यायाधिवक्ताको कार्यालय,
श्री मुद्दा व्यवस्थापन महाशाखा, महान्यायाधिवक्ताको कार्यालय ।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(कर्मचारी प्रशासन शाखा)

पत्र संख्या :- ०७९/०८० (निर्देशन)

रामशाहपथ, काठमाडौं

चलानी नं :- १६६३

मिति :- २०८०।०२।०२

विषयः निर्देशन सम्बन्धमा।

श्री उच्च सरकारी वकील कार्यालय, सबै

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं

श्री जिल्ला सरकारी वकील कार्यालय, सबै

माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८०।०२।०२ को निर्णय अनुसार सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम देहाय बमोजिमको निर्देशन जारी भएको छ। प्रस्तुत निर्देशन यस कार्यालयको च.नं. १७६३, मिति २०७८।१।२ को पत्र र च.नं. १९७४, मिति २०७८।३।२९ को पत्रबाट जारी निर्देशनको निरन्तरता भएकाले यस अघि जारी गरिएका उल्लिखित निर्देशन र प्रस्तुत निर्देशन कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।

**निर्देशन नं. २१ः ठगी, चेक बाउन्स सम्बन्धी बैंकिङ्ग कसूर तथा वैदेशिक रोजगार जस्ता दुनियाँको बिगो समावेश भएका मुद्दामा अभियोजन गर्दा बिगो यकिन गर्ने सम्बन्धमाः-**

ठगी, चेक बाउन्स सम्बन्धी बैंकिङ्ग कसूर तथा वैदेशिक रोजगार जस्ता दुनियाँको बिगो समावेश भएका कसूरमा प्रतिवादी सावित भएको वा तथ्ययुक्त प्रमाणले यकिन भए भन्दा बाहेकको बिगो कायम गर्दा जाहेरवाला वा पीडितले प्रतिवादीलाई दिएको वा प्रतिवादीबाट पाउनुपर्ने रकम भन्दा बढी रकम दावी गरी बढी जाहेरी दिने र जाहेरीमा उल्लिखित अंकलाई नै बिगो कायम गरी अभियोग माग दावी लिंदा अभियोगपत्र यथार्थपरक नभएको र दावी स्थापित हुने नगरेको देखिन्छ। माथि उल्लिखित दुनियाँको बिगो समावेश भएका मुद्दासँग सम्बन्धित कसूरको अनुसन्धान गर्दा नै जाहेरवाला वा कसूर पीडितबाट प्रतिवादीले लिएको भनिएको रकमको स्रोत र रकम दिएको माध्यम (बैंकिङ प्रणाली वा कुनै भरपाई कागज) जाहेरवालाबाट खुलाउन लगाई स्रोत र भुक्तानीलाई पुष्टि गर्ने कागजात जाहेरवाला वा पीडितसंग रहे भएको पुष्टि हुने गरी प्रमाण संकलन गरी जाहेरीमा उल्लिखित रकमको अंक पुष्टि हुने कागज प्रमाणका आधारमा बिगो कायम गर्ने गराउने।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज : ४२००८२४, ४२००८२४
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

G:\My Drive\... शाखा आ.व. २०७९।८०\पत्रहरु\परिपत्र.docx

# महान्यायाधिवक्ताको कार्यालय

(............................ शाखा)

पत्र संख्या :-

चलानी नं. :-१६६२

रामशाहपथ, काठमाडौं

मिति :-...........................

**निर्देशन नं. २२ः बरामद भएको चोरीको धनमाल जाहेरवाला वा माल धनीलाई तत्काल फिर्ता दिलाउने सम्बन्धमाः-**

चोरी सम्बन्धी कसूरमा बरामद भएको चोरीको धनमाल तत्काल जाहेरवाला वा धनीलाई फिर्ता नगरी अदालतमा दसीको रूपमा पेश गर्ने र अदालतबाट फिर्ता दिने आदेश / फैसला हुँदासम्म त्यस्ता धनमाल नासिने, बिग्रने वा तत्काल प्रयोग गर्न नपाई कसूर पीडितलाई थप पीडा हुने भई जाहेरी नै दिन नमान्ने तथा तत्काल सामान फिर्ता पाउनु पर्नेमा नपाएको भनी गुनासो आउने गरेको सन्दर्भमा मुलुकी फौजदारी कार्यविधि नियमावली,२०७५ को नियम १४ बमोजिम सामान फिर्ता गर्न / गराउनका लागि सहजिकरण गर्ने।

**निर्देशन नं. २३ः कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र नियमावली, २०७७ को कार्यान्वयन सम्बन्धमाः-**

कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापनको लागि कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र नियमावाली, २०७७ जारी भै गृह मन्त्रालय अन्तर्गत कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको स्थापना समेत भैसकेको परिप्रेक्ष्यमा उक्त ऐनको दफा ५ बमोजिम कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधन मध्ये मुद्दाको रोहमा कसूरसँग सम्बद्धता भएका दसी प्रमाणको लागि प्रयोग हुने सम्पत्ति तथा साधन छुट्टयाई कसूरसँग सम्बन्धित सम्पत्ति तथा साधन मात्र अदालतमा पेश गरी अन्य सम्पत्ति तथा साधनको (कसूरसँग सम्वन्धित नभएको कुनै व्यक्तिको नीजि सम्पत्ति बाहेक) सम्वन्धमा काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्लाका सरकारी वकीलले उक्त विभागमा र अन्य जिल्लाका सरकारी वकीलले सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा बुझाउने गरी व्यवस्था गर्ने।

कसूरसँग सम्बन्धित भए पनि अदालतमा पेश गर्ने अवधीसम्म नासिने बिग्रने वा सुरक्षा / संरक्षण गर्न नसकिने सम्पत्तिका हकमा जिल्ला अदालत, विभाग, जिल्ला प्रशासन कार्यालय समेतसँग समन्वय गरी त्यस्ता सम्पत्तिको विस्तृत विवरण तयार गरी मूल्य खुलाई त्यस्तो मूल्य वरावरको रकम धरौटीमा राखी वा माथवर

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

G:\My Drive\प्रशासन शाखा आ.व. २०७९।८०\पत्रहरु\परिपत्र.docx

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.......................... शाखा)

पत्र संख्या :-

चलानी नं. :- १६६२

रामशाहपथ, काठमाडौं

मिति :-..........................

मानिसको जिम्मा लगाई त्यस्तो सम्पत्ति नासिन, बिग्रीन नपाउने गरी व्यवस्थापन गर्न गराउनका लागि सहजिकरण गर्ने।

त्यसैगरी कसूरसंग सम्बन्धित कुनै दसी जफतको मागदावी लिनु पर्दा कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को प्रयोग गर्ने।

**निर्देशन नं. २४: कर्तव्यको उजुरी परेको ज्यान सम्बन्धी कसूरको मुद्दा चलाउने हदम्याद सम्बन्धमा**

साविक मुलुकी ऐन, २०२० को ज्यान सम्बन्धीको महलको २० नं. तथा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा १८७ को उपदफा (३) मा भएको कानूनी व्यवस्था बमोजिम ज्यान सम्बन्धी कसूरमा कर्तव्यको उजुरी परेको तर अनुसन्धानबाट कर्तव्यवाला यही हो भन्ने पत्ता नलागेको अवस्थामा मात्र बीस वर्षको हदम्याद हुने सीमा रहेको छ। कसैको नाम किटान गरी कर्तव्यको उजुरी परेको वा अनुसन्धान गर्दा कर्तव्यवाला पत्ता लागेको वा कसूरदार आफै सावित भएको अवस्थामा हदम्यादको सीमा नरही जहिलेसुकै पनि हदम्याद रहन्छ। तसर्थ ज्यान सम्बन्धी कसूरको वारदातमा उल्लिखित अवस्था अर्थात् कर्तव्यमा उजूरी परेको तर अनुसन्धानबाट कर्तव्यवाला यही हो भन्ने पत्ता लाग्न नसकेको अवस्थामा बीस वर्ष भित्र मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने। कर्तव्यवाला किटान गरी उजूरी परेको वा कर्तव्यमा उजूरी परेको बीस वर्ष भित्र अनुसन्धानबाट कर्तव्यवाला यही हो भनी पत्ता लागेको वा कसूरदार आफै सावित भई पोलेको अवस्थामा जहिलेसुकै मुद्दा चलाउन सकिने हुँदा सोही अनुसार गर्ने गराउने।

**निर्देशन नं २५: पुनरावेदन सम्बन्धी कारबाही अगाडि नबढाई तोक आदेश गरी लगत कट्टा गर्ने सम्बन्धमा:**

मातहत कार्यालयबाट पुनरावेदन गर्ने नगर्ने प्रस्ताव सहित प्राप्त कतिपय मिसिल अध्ययन गर्दा पुनरावेदन सम्बन्धी कारबाही गर्न नपर्ने विषयमा समेत पुनरावेदन नगर्ने प्रस्ताव सहित निकासाका लागि महान्यायाधिवक्ताको कार्यालयमा मिसिल प्राप्त हुने गरेको सन्दर्भमा देहाय बमोजिम गर्ने:-

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८३४
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

G:\My Drive\प्रशासन शाखा\आ.व. २०७९।८०\पत्रहरु\परिपत्र.docx

महान्यायाधिवक्ताको कार्यालय

(............................ शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :- १६६२

मिति :-..........................

(क) मुलुकी अपराध संहिता, २०७४ लागू हुनु भन्दा पहिले अभियोजन गरिएका मुद्दामा हाल फैसला हुँदा संहिता बमोजिम अभियोग मागदाबी गरिए भन्दा कम सजाय भएतापनि केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम कम सजाय हुने कानूनी व्यवस्था रहेकाले यस्ता फैसला उपर पुनरावेदन सम्बन्धी कारबाही नगरी कार्यालय प्रमुखले सोही व्यहोराको तोक आदेश गरी लगत कट्टा गर्ने।

(ख) कुनै मुद्दामा मागदाबी बमोजिम कसूर कायम भएको तर कानूनले तोकेको सजायको सीमा भित्र रही स्वविवेकीय अधिकार अन्तर्गत सजाय तोकेको विषयमा पुनरावेदन गर्नुपर्ने मनासिव आधार कारण देखिई पुनरावेदन गर्नु पर्ने अवस्थामा पुनरावेदनको मस्यौदा गरी पठाउने तर यस्तो मुद्दामा पुनरावेदन गर्नु नपर्ने देखिएकोमा पुनरावेदन नगर्ने सम्बन्धी प्रस्ताव पठाउन नपर्ने। पुनरावेदन नगर्ने आधार र कारण खुलाई कार्यालय प्रमुखले तोक आदेश गरी मुद्दाको लगत कट्टा गर्ने।

(ग) कुनै मुद्दामा फैसला हुनु अगावै प्रतिवादीको मृत्यु भई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (१) बमोजिम अदालतबाट अभियोग माग दावी खारेज भएकोमा उपदफा (२) बमोजिम बिगो वा क्षतिपूर्ति भराउनु पर्ने अवस्था नरहे नभएकोमा पुनरावेदन सम्बन्धी कारबाही नगरी कार्यालय प्रमुखले सोही बमोजिम तोक आदेश गरी मुद्दाको लगत कट्टा गर्ने।

(घ) कुनै मुद्दामा कुनै प्रतिवादीका हकमा यस अघि अदालतमा अर्को कुनै मुद्दा चलेको भन्ने आधारमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४४, लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ बमोजिम थप सजायको माग दावी लिएकोमा अदालतबाट फैसला हुँदा यस्ता प्रतिवादीले अघि सजाय नपाएको भन्ने आधारमा माग दावी बमोजिम थप सजाय नगरेकोमा प्रचलित कानून

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८३४
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

G:\My Drive\प्रशासन शाखा\आ.व. २०७९।८०\पत्रहरु\परिपत्र.docx

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(.................................. शाखा)

पत्र संख्या :-
चलानी नं. :- १८६२

रामशाहपथ, काठमाडौं
मिति :-..........................

बमोजिम थप सजाय गर्नलाई प्रतिवादीले अघि कुनै मुद्दामा सजाय पाएको हुनुपर्ने अनिवार्य व्यवस्था गरेको देखिदा यस्ता माग दाबी नठहरेको हकमा पुनरावेदन सम्वन्धी कारबाही गर्न उपयुक्त नहुने भएकाले सोही व्यहोराको तोक आदेश गरी लगत कट्टा गर्ने।

(ङ) अर्धन्यायिक निकाय वा अधिकारी जस्तै डिभिजनल वन अधिकृत, प्रमुख जिल्ला अधिकारी लगायतका कानूनले तोकेको अर्धन्यायिक निकाय वा अधिकारीले गरेको फैसला उपर जिल्ला अदालतमा कानून बमोजिम पुनरावेदन परी सो अदालतबाट समेत सुरु फैसला सदर भएको र न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (३) को खण्ड (ख) र (ग) को अवस्था विद्यमान नभएका मुद्दाहरुमा उच्च अदालतमा पुनरावेदन वा निवेदन लाग्न सक्ने कानूनी व्यवस्था देखिँदैन। तसर्थ यस्ता मुद्दाहरुमा भएको फैसला कानूनतः अन्तिम हुने भई पुनरावेदकीय कारबाही गर्नुपर्ने अवस्था नभएकोले जिल्ला सरकारी वकील कार्यालयको प्रमुखले सोही व्यहोरा जनाई तोक आदेश गरी लगत कट्टा गर्ने।

**निर्देशन नं. २६ः पुनरावेदन गर्ने हदम्याद सम्बन्धमाः-**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (४) मा "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि फैसला भएको मितिले एक वर्षको अवधि नाघेपछि पक्षले फैसला भएको स्वतः थाहा पाएको मानिने छ" भन्ने कानूनी व्यवस्था रहेको छ। सो सम्बन्धमा गाण्डिव काफ्ले विरुद्ध उच्च अदालत पाटन समेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दा (०७८-WH-०१७६) मा सर्वोच्च अदालतबाट मिति २०७८/०१/०८ मा भएको आदेशमा फैसलाको पूर्ण पाठ तयार भई प्रमाणीकरण भएको दिनलाई फैसला भएको मिति मानिने भन्ने व्याख्या भएको छ। तसर्थ फैसलाको पूर्ण पाठ तयार भई प्रमाणिकरण भएको मितिले एक वर्ष पुग्ने मिति भन्दा अगावै फैसलाको जानकारी प्राप्त गरी पुनरावेदन/निवेदन सम्बन्धी कारबाही भई नसकेको भए मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८३४
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

G:\My Drive\प्रशासन शाखा आ.व. २०७९।८०\पत्रहरु\परिपत्र.docx

# महान्यायाधिवक्ताको कार्यालय

(.................................. शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं :- १८६२

मिति :-...........................

१३४ को उपदफा (४) को कानूनी व्यवस्था तथा सर्वोच्च अदालतबाट माथि उल्लिखित मुद्दामा भएको व्याख्यालाई ध्यानमा राखी फैसलाको जानकारी प्राप्त नभएको भएपनि अदालतबाट फैसला भई फैसलाको पूर्ण पाठ तयार भई प्रमाणीकरण भएको मितिबाट एक वर्ष व्यतित भएपछि सोही संहिताको दफा १३४ को उपदफा (१) अनुसारको पुनरावेदन/निवेदन म्याद कायम गरी पुनरावेदन/निवेदन सम्वन्धी कारवाही गर्ने गराउने।

**निर्देशन नं. २७: साक्षी उपस्थित गराउने एवं सोधपुछ तथा जिरह गर्ने सम्बन्धमा:-**

नेपाल सरकार वादी भई दायर भएका मुद्दाहरूमा अदालतमा बकपत्रका लागि साक्षी उपस्थित गराउने र सरकारी बकील उपस्थित भई वादीका साक्षीलाई सोधपुछ र प्रतिवादीका साक्षीलाई जिरह गर्ने कार्य प्रभावकारी रुपमा हुन नसकेको भन्ने गुनासो आउने गरेको छ। अदालतबाट साक्षी उपस्थित गराउन पटक-पटक आदेश हुँदा समेत साक्षी उपस्थित नगराउने वा निष्कृय रहने परिपाटीलाई अन्त्य गर्न जरुरी छ। तसर्थ अदालतबाट आदेश भई तोकिएको मितिमा अनिवार्य रूपमा साक्षी उपस्थित गराउने, त्यसरी साक्षी उपस्थित गराउन नसकिएमा फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम ३० बमोजिम गर्ने गराउने तथा साक्षी बकपत्र गराउदा अनिवार्य रुपले सरकारी बकील स्वयं उपस्थित भई प्रभावकारी रुपमा वादीका साक्षीसँग सोधपुछ र प्रतिवादीका साक्षीसँग जिरह गर्ने।

**निर्देसन नं. २८: कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई नियन्त्रण लिने सम्बन्धमा**

लक्ष्मी (नानी) थापा विरुद्ध रुकुम जिल्ला अदालत, रुकुम पश्चिम समेत भएको बन्दीप्रत्यक्षीकरण समेत (रिट नं. ०७६-WH-०३८०) मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७।०३।२१ मा "अब उप्रान्त कसूरजन्य कार्यको आरोप लगाई नियन्त्रणमा लिएका बालबालिकालाई अनुसन्धानको लागि निगरानी कक्षमा राख्न अदालतको अनुमति माग गर्दा अनिवार्य रूपमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २१ को उपदफा (७) बमोजिम एक पटकमा पाँच दिनमा नबढ्ने गरी बढीमा एकाईस दिनसम्म म्याद थपको माग गर्ने, निजहरुको तत्काल सोधपुछ

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

G:\My Drive\प्रशासन शाखा\आ.व. २०७९।८०\पत्रहरू\परिपत्र.docx

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.............................. शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :- १६६२

मिति :-.............................

गराउन र सोही कसूरमा अन्य उमेर पुगेका व्यक्ति भए निजहरुको छुट्टै मिसिल खडा गर्न आवश्यक व्यवस्था मिलाउन भनी सबै जिल्ला सरकारी वकील कार्यालय तथा प्रहरी कार्यालयहरुलाई सूचित गर्न महान्यायाधिवक्ताको कार्यालयलाई जानकारी दिनु" भन्ने निर्देशनात्मक आदेश भएकोले उक्त निर्देशनात्मक आदेश बमोजिम गर्ने गराउने।

**निर्देशन नं. २९: कसूरको अनुसन्धानको दायरामा आएका बालबालिका विरूद्ध अभियोजन गर्दा र पुनरावेदन सम्बन्धी कारबाही गर्दा छुट्टै मिसिल तयार गर्ने सम्बन्धमा**

अभियोजन गर्दा अभियोजन गरिएका सबै व्यक्तिको उमेर खुलेको आधिकारिक कागज मिसिलमा राख्नुपर्ने कानूनी व्यवस्था रहेको छ। आरोपित बालबालिका र बालबालिका हुन भन्ने विश्वास गर्ने मनासिब आधार भएका व्यक्तिको उमेर खुलेको आधिकारिक कागज कतिपय मिसिलमा संलग्न रहेको पाइदैन। बालबालिकालाई वयस्क देखाई बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ प्रतिकूल उमेर पुगेका व्यक्तिसँगै अभियोजन गर्ने कार्य कार्वाहीयोग्य विषय भएको (०७८- WH-०१९१) तर्फ ध्यानाकर्षण गराउँदै बालबालिका संलग्न कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाका हकमा उक्त नियमावलीको नियम ११ बमोजिम छुट्टै अभियोजन गर्ने / गराउने।

बालबालिका र वयस्कलाई एउटै अभियोगपत्रबाट मुद्दा चलाइएको भएमा मुद्दा पुर्पक्षको क्रममै रहेको भए अदालतसँग समन्वय गरी बालबालिकाको हकमा तत्काल छुट्टै मिसिल तयार गरी बाल न्याय कार्यविधिको अवलम्बन गरी बाल इजलासबाट मुद्दाको सुनुवाई हुने व्यवस्था गर्न पहल गर्ने।

बालबालिका र वयस्क व्यक्तिका हकमा एउटै मुद्दाबाट फैसला भइसकेको भए बालबालिकाको हकमा छुट्टै नक्कल मिसिल तयार गरी बाल न्याय कार्यविधि अवलम्बन गरी पुनरावेदन सम्बन्धी कारबाही गर्ने।

**निर्देशन नं. ३०: बालबालिका विरुद्धका कसूरमा बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम अभियोजन गर्ने सम्बन्धमा:-**

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

C:\My Drive\प्रशासन शाखा\आ.व. २०७९।८०\पत्रहरु\परिपत्र.docx

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(.................................. शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :- 1862

मिति :-..............................

मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ मा बाल यौन दुरुपयोग सम्बन्धी कसूर र सजायको व्यवस्था गरिए तापनि सो संहिता सामान्य कानून हो। हाल बालबालिका विरुद्ध हुने कसूरजन्य कार्यलाई विस्तृत रुपमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ मा बाल हिंसा र बाल यौन दुर्व्यवहार गरी अलग अलग कसूरको व्यवस्था भएको र सोही ऐनको दफा ७२ मा सजाय सम्बन्धी व्यवस्था गरिएको छ। साथै सोही ऐनको दफा ६७ को उपदफा (२) मा बाल यौन दुर्व्यवहारको कसूर ठहर भएमा स्वत: नैतिक पतन कायम हुने व्यवस्था समेत भएको हुँदा बालबालिका विरुद्ध हुने कसूरमा अभियोजन गर्दा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ अनुसार अभियोजन गर्ने / गराउने।

**निर्देशन नं. ३१: मुद्दाको लगत कट्टा गर्ने सम्बन्धमा:-**

नेपाल सरकार वादी भई चलेका, नेपाल सरकारको हक हित वा सरोकार रहेका वा नेपाल सरकार उपर परेका मुद्दा तथा निवेदनको दायरी लगत कट्टा गर्ने सम्बन्धमा अन्तिम आदेश वा फैसला मिति वा त्यस्तो आदेश वा फैसला प्राप्त गरेको मितिका आधारमा लगत कट्टा गर्ने सम्बन्धमा सरकारी वकील कार्यालयहरुमा एकरुपता नभएको अनुगमन तथा निरीक्षणको क्रममा देखिएको हुँदा अदालतबाट सुनुवाइ भई अन्तिम आदेश वा फैसला भएको मितिलाई आधार मानी दायरी रजिष्ट्ररमा मुद्दाको लगत कट्टा गरी तथ्यांक र मुद्दाको कारवाहीको विवरण अद्यावधिक गर्ने।

**निर्देशन नं. ३२: रिट निवेदनको मिसिल र अभिलेख व्यवस्थापन गर्ने सम्बन्धमा:-**

नेपाल सरकार उपर परेको रिट निवेदनमा अदालतबाट सो निवेदनमा सुनुवाइ भई अन्तिम आदेश भए पछि सो रिट निवेदन सम्बद्ध सक्कल फाइल सम्बन्धित निकायमा फिर्ता गरी सोको अभिलेख राख्ने । रिट निवेदनको मिसिल विपक्षी निकायमा फिर्ता पठाउने । निवेदनमा विपक्षी बनाइएका धेरै निकाय भएमा निवेदनसँग प्रत्यक्ष सरोकार राख्ने निकायमा फिर्ता पठाइ सोको अभिलेख राख्ने ।

**निर्देशन नं. ३३: सरकार वादी मुद्दाको मिसिल र अभिलेख व्यवस्थापन गर्ने सम्बन्धमा:-**

नेपाल सरकार वादी भई चलेका वा नेपाल सरकार उपर परेका मुद्दामा अदालतबाट अन्तिम फैसला भए पश्चात सम्बन्धित मिसिलमा रहेको अभियोगपत्र, तद्गत

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५ G:\My Drive\प्रशासन शाखा\आ.व. २०७९।८०\पत्रहरु\परिपत्र.docx
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय
नेपाल

(............................................ शाखा)

पत्र संख्या :-

चलानी नं. :- १६६२

रामशाहपथ, काठमाडौं

मिति :-..............................

अदालतबाट भएका फैसलाको प्रतिलिपि समेत समावेश गरी अलग्गै फाइल खडा गरी सो मूल मिसिल अनुसन्धान गर्ने निकायमा पठाइ सोको अभिलेख राख्ने।

२०८०।०२।०२

(लोकराज पराजुली)
सहन्यायाधिवक्ता

**अवगतार्थः**
माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय,
श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरु।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८३४, ४२००८३५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(............ कर्मचारी प्रशासन ........ शाखा)

पत्र संख्या :- ०८०/०८१ (निर्देशन)

चलानी नं. :- ६५८

रामशाहपथ, काठमाडौं

मिति :- २०८०/०८/०४

विषयः निर्देशन सम्बन्धमा।

उच्च सरकारी वकील कार्यालय, सबै।
विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
जिल्ला सरकारी वकील कार्यालय, सबै।

महान्यायाधिवक्ताको कार्यालय, व्यवस्थापन समितिको निर्णय समेतका आधारमा माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८०/०८/०४ मा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम निम्न निर्देशन जारी भएको छ। साथै प्रस्तुत निर्देशन यस कार्यालयको च.नं. १७६३ मिति २०७८/०१/०२, च.नं. १९७४ मिति २०७८/०३/२९ र च.नं. १६७३ मिति २०८०/०२/०२ को पत्रबाट जारी निर्देशनको निरन्तरता भएकाले यस अघि जारी भएका उल्लिखित निर्देशनहरु र प्रस्तुत निर्देशन कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

**निर्देशन नं. ३४: सहकारी ठगी मुद्दाको मिलापत्र सम्बन्धमा:-**

विनोद थापा मगर विरुद्ध महान्यायाधिवक्ताको कार्यालय समेत भएको बन्दीप्रत्यक्षीकरण (०७९-WH-००७७) समेतको रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट भएको परमादेश तथा महान्यायाधिवक्ताको कार्यालयको मिति २०८०/०४/०४ को निर्णय बमोजिम गठित समितिले पेश गरेको सरकार वादी फौजदारी मुद्दामा मिलापत्रको क्षेत्र विस्तार सम्बन्धी अध्ययन प्रतिवेदनले सहकारी ठगी अन्तर्गत सहकारी संस्था वा सहकारीका संचालकबाट सर्वसाधारण व्यक्तिको हानि नोक्सानी भएका मुद्दा समेत मिलापत्र गर्न सकिने गरी क्षेत्र विस्तार गर्न उपयुक्त हुने भनी उल्लेख गरेको कुरा समेतलाई विचार गर्दा सहकारी संस्था वा त्यसका संचालक वा कर्मचारीबाट सर्वसाधारण व्यक्तिको सम्पत्तिको हानि नोक्सानी हुनेगरी ठगी गरेकोमा सहकारी ऐन अन्तर्गत

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(............कर्मचारी प्रशासन............ शाखा)

पत्र संख्या :- ०८०/०८१ (निर्देशन)

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :- २०८०/०८/०४

अभियोगपत्र दायर भएको मुद्दामा समेत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ तथा यस कार्यालयबाट मिलापत्र सम्बन्धमा जारी मापदण्ड समेतको अधीनमा रही मिलापत्र सम्बन्धी कारवाही अगाडि बढाउने।

२०८०।८।४।२

(खेमराज ज्ञवाली)
सहन्यायाधिवक्ता

अवगतार्थ:

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।
श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरू।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(..........कर्मचारी प्रशासन.......... शाखा)

पत्र संख्या :- ०८१/०८२ (निर्देशन)

चलानी नं. :- ६५१

रामशाहपथ, काठमाडौं

मिति :- २०८१/०६/०८

ने.सं. ११४४ ञलागा ७

विषयः निर्देशन सम्बन्धमा।

उच्च सरकारी वकील कार्यालय, सबै।

विशेष सरकारी वकील कार्यालय, काठमाडौं।

जिल्ला सरकारी वकील कार्यालय, सबै।

महान्यायाधिवक्ताको कार्यालय, व्यवस्थापन समितिको निर्णय समेतका आधारमा माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८१/०६/०८ मा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम निम्न निर्देशन जारी भएको छ। साथै प्रस्तुत निर्देशन यस कार्यालयको च.नं. ७५८ मिति २०८०/०८/०४ को पत्रबाट जारी निर्देशनको निरन्तरता भएकाले यस अघि जारी भएका निर्देशनहरु र प्रस्तुत निर्देशन कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

**निर्देशन नं. ३५:**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) तथा नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनु पर्ने मापदण्ड, २०८० बमोजिम मिलापत्र गराउन आदेश दिंदा सम्बन्धित सरकारी वकील कार्यालयले देहाय बमोजिम गर्नेः

(क) मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २१ अन्तर्गतको सर्वसाधारणको ठगी, अनुचित लेनदेन, सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी सम्बन्धी आपराधिक विश्वासघात, सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी सम्बन्धी ठेक्का वा करारको काममा फरक पार्ने सम्बन्धी मुद्दा, सर्वसाधारणको सम्पत्ति हानि, नोक्सानी भएको मुलुकी अपराध संहिता, २०७४ दफा २८५ बमोजिमको आपराधिक उपद्रब सम्वन्धी मुद्दा कानून बमोजिम मिलापत्र गराउन आदेश दिने,

(ख) यस कार्यालयको मिति २०८०।०४।११ को निर्णय बमोजिम जारी भएको नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनु पर्ने मापदण्ड, २०८० को दफा ११ खारेज गरी मिलापत्र हुने मुद्दामा अभियोग माग दावी वा फैसलामा नै प्रत्येक प्रतिवादीको हकमा बिगो रकम यकिन भएको रहेछ भने आफ्नो दायित्वमा रहेको बिगो रकमको हकमा पीडित र सम्बन्धित प्रतिवादीले मिलापत्र गर्न चाहेमा यस्ता प्रतिवादीको हकमा आंशिक मिलापत्र गराउन आदेश दिने ।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(...........कर्मचारी प्रशासन.... शाखा)

पत्र संख्या :- ०८१/०८२ (निर्देशन)

चलानी नं. :- ६५१

रामशाहपथ, काठमाडौं

मिति :- २०८१/०६/०८

ने.सं. ११४४ ञलागा ७

(ग) सिंहबहादुर तामाङ्ग विरुद्ध महान्यायाधिवक्ता कार्यालय समेत भएको ने.का.प. २०८०, अंक ७ निर्णय नं. ११९३५ को मुद्दामा सर्वसाधारण शब्द भित्र कानूनी व्यक्ति वा संस्था समेत पर्ने भनी व्याख्या भएको सन्दर्भमा मिलापत्रका लागि संगठित संस्था (कानूनी व्यक्ति) समेतलाई सर्वसाधारण मानी मिलापत्र गराउन आदेश दिने ।

**निर्देशन नं. ३६:**

सर्वोच्च अदालतबाट नेपाल राष्ट्र बैंकको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दिव्यकुमार श्रेष्ठ समेत भएको बैकिङ्ग कसूर मुद्दा (०७९-RF-००२४) मा मिति २०८०।०३।२४ मा अभियोगपत्र दायर हुँदा कर्जा चुक्ता भइसकेको देखिएको अवस्थामा समेत उक्त कार्य बैंकिङ कसूर अन्तरगत पर्ने भनी गम्भीर कसूर कायम गरी सजायका लागि माग दावी गरेको कार्य न्यायोचित समेत नदेखिने भनी प्रतिवादीहरुले अभियोग दावीबाट सफाई पाउने गरी फैसला भएको सन्दर्भमा ऋण लिएका व्यक्तिले ऋण चुक्ता नगरेको कारणले उत्पन्न भएको बैङ्किग कसूर वा सहकारी ऐन अन्तर्गतको कसूरको सम्बन्धमा मुद्दा दायर हुनु भन्दा अगाडि तिर्नु पर्ने सावाँ, ब्याज भुक्तान गरेको प्रमाण पेश गरेको मुद्दामा सामान्यतया अभियोजन नगर्ने । यस्ता मुद्दामा अभियोजन गरिएको भएपनि सम्वन्धित बैंक वा वित्तिय संस्था वा सहकारी संस्था वा पीडित व्यक्ति र प्रतिवादीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ (२) तथा नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनु पर्ने मापदण्ड, २०८० बमोजिम प्रक्रिया पूरा गरी मिलापत्र गर्न चाहेमा मिलापत्रको लागि आदेश दिने ।

**निर्देशन नं. ३७:**

महिला र पुरुष दुवै जना नावालक भएको र वावु आमाको मञ्जुरी नलिई विवाह गरेको वा भागी अर्को स्थानमा गई वैवाहिक सम्बन्ध कायम गरेको जरियाबाट उठान भएको मुद्दामा कतिपय सन्दर्भमा जवरजस्ती करणी, शरीर वन्धक तथा अपहरण, एकीकृत कसूर जस्ता विषयमा समेत जाहेरी पर्ने र अभियोजन हुने गरेको देखिन्छ। यसै सन्दर्भमा सर्वोच्च अदालतबाट मिति २०७९।०७।२८ मा परिवर्तित नाम संगिताको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सन्तोष कुमार यादव भएको (०७५-CR-२६३८) अपहरण तथा शरीर वन्धक र जवरजस्ती करणी मुद्दामा "जवरजस्ती करणी (Statutory Rape) र बालविवाह (Child Marriage) मा हुन सक्ने करणीको उद्देश्य, पृष्ठभूमि, तयारी, कार्य र मान्यतामा नै आधारभूत रुपमा फरक रहन जाने हुनाले

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(............कर्मचारी प्रशासन..... शाखा)

पत्र संख्या :- ०८१/०८२ (निर्देशन) रामशाहपथ, काठमाडौं

चलानी नं. :- ६५१

मिति :- २०८१/०६/०८

ने.सं. ११४४ अलागा ७

जबरजस्ती करणी (Statutory Rape) लाई बालविवाहको सन्दर्भमा उमेर मात्रको सिमावद्ध गर्न सकिने अवस्था रहँदैन" भनी व्याख्या भएको छ। बालबालिकाको सर्वोत्तम हितलाई संरक्षण गर्नु नेपाल सरकारको कर्तव्य हो । यस्तो अवस्थामा अनुसन्धान र अभियोजन गर्दा अधिक अपराधिकरण गरी नाबालकलाई धेरै मुद्दा चलाउने भन्दा सुधार गर्ने गरी अनुसन्धान र अभियोजन गर्नु उचित हुन्छ। बालविवाह बाहेक अन्य विषयहरु बालविवाहको परिणामस्वरुप सृजना भएको परिस्थितिको कारण उत्पन्न भएको र अन्य कसूर गर्ने गराउने मनसाय राखी कार्य भएको रहेनछ भने अधिक अपराधिकरण नहुने गरी बालविवाहको कसूरमा मात्र अनुसन्धान र अभियोजनको कारवाही अगाडि बढाउने।

**निर्देशन नं. ३८:**

मुद्दाको अनुसन्धानको क्रममा कुनै शंकित उपर पक्राउ पूर्जी जारी नभएको वा अनुसन्धानको क्रममा हिराशतमा नराखी अनुसन्धान भएकोमा अभियोजन गर्दा त्यस्ता व्यक्तिलाई अभियोगपत्र साथ उपस्थित गराउन नसकेकोमा अभियोगपत्रमा निजको हकमा फरार प्रतिवादी भन्ने वाक्यांशको सट्टामा "अनुपस्थित प्रतिवादी" भनी उल्लेख गर्ने।

**निर्देशन नं. ३९:**

अनुसन्धानको क्रममा प्रचलित कानून बमोजिम बैंक खाता वा सम्पत्ति रोक्का राखिएकोमा, अभियोगपत्रमा त्यस्तो बैंक खाता वा सम्पत्तिबाट पीडितलाई बिगो वा क्षतिपूर्ति भराइपाउने वा जफत गरिपाउने माग दाबी लिनुपर्ने अवस्था रहेनछ भने अनुसन्धानको क्रममा रोक्का राखेको बैंक खाता वा सम्पत्ति अभियोगपत्र दायर गर्दाकै बखत वा पक्षको अनुरोधमा अनुसन्धान गर्ने निकायमा फुकुवाको लागि लेखी पठाउने। साथै रोक्का राखेको सम्पत्ति वा बैंक खाताबाट पीडितलाई बिगो वा क्षतिपूर्ति भराई पाउने माग दाबी लिइएको रहेछ भने बिगो वा क्षतिपूर्ति भराई पाउने माग दाबी लिइएको हदसम्मको बैंक खातामा रहेको रकम वा सम्पत्ति रोक्का राखी अन्य सम्पत्ति फुकुवाको लागि अनुसन्धान गर्ने निकायमा लेखी पठाउने ।

२०८१/०६/०८

(पुष्पराज बास्तोला)
उपन्यायाधिवक्ता

**अवगतार्थः**

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।

श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरू।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.......कर्मचारी प्रशासन........ शाखा)

पत्र संख्या :- ०८१/०८२ (निर्देशन)

चलानी नं :- ६५१

रामशाहपथ, काठमाडौं

मिति :-२०८१/०७/०६

ने.सं. ११४४ कौलागा ५

विषयः निर्देशन सम्बन्धमा।

उच्च सरकारी वकील कार्यालय, सबै।

विशेष सरकारी वकील कार्यालय, काठमाडौं।

जिल्ला सरकारी वकील कार्यालय, सबै।

महान्यायाधिवक्ताको कार्यालय, व्यवस्थापन समितिको निर्णय समेतका आधारमा माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८१/०७/०५ मा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम निम्न निर्देशन जारी भएको छ। साथै प्रस्तुत निर्देशन यस कार्यालयको च.नं. ६५१ मिति २०८१/०६/०८ को पत्रबाट जारी निर्देशनको निरन्तरता भएकाले यस अघि जारी भएका निर्देशनहरु र प्रस्तुत निर्देशन कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

निर्देशन नं. ४०. फैसला कार्यान्वयनको चरणमा समेत मिलापत्र गर्न पाउने सम्बन्धमा

सर्वोच्च अदालतको ०८१-WH-००३५ को बन्दीप्रत्यक्षीकरण (राजकुमार पुर्कुटी विरुद्ध काठमाडौं जिल्ला अदालत समेत) मुद्दामा मिति २०८१/०५/३१ मा भएको परमादेशको आदेश समेतलाई मध्येनजर गर्दै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७(२) बमोजिमका मुद्दामा पीडित र प्रतिवादी बीच जुनसुकै अवस्थामा मिलापत्र हुन सक्ने भएकोले फैसला कार्यान्वयनको चरणमा समेत मिलापत्र गर्न पाउँ भनी पीडित, जाहेरवाला र प्रतिवादीको संयुक्त निवेदन परेमा तत् सम्बन्धमा फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनु पर्ने मापदण्ड, २०८० बमोजिम आवश्यक प्रकृया अवलम्बन गरी फैसला कार्यान्वयनका लागि लगत कायम रहेको जिल्लाको सरकारी वकील कार्यालयले मिलापत्र गराउन आदेश दिने। यस्तो आदेश दिंदा फैसला कार्यान्वयन गर्ने जिल्लाको सरकारी वकील कार्यालयमा सम्बन्धित मुद्दाको मिसिल नभएको अवस्थामा मिसिल रहेको सम्बन्धित सरकारी वकील कार्यालयबाट प्रतिलिपि मिसिल समेत मगाई आवश्यक कारवाही गर्ने।

२०८१/०७/०६

(सूर्यराज दाहाल)

सहन्यायाधिवक्ता

अवगतार्थः

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।

श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरू।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(कर्मचारी प्रशासन शाखा)

पत्र संख्या :- ०८१/०८२ (निर्देशन)

रामशाहपथ, काठमाडौं

चलानी नं. :- ३०६९

मिति :-२०८२/०१/३१

ने.सं. ११४५ वछलागा २

विषयः निर्देशन सम्बन्धमा।

उच्च सरकारी वकील कार्यालय, सबै।

जिल्ला सरकारी वकील कार्यालय, सबै।

महान्यायाधिवक्ताको कार्यालय, व्यवस्थापन समितिको निर्णय समेतका आधारमा माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८२/०१/२८ मा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम निम्न निर्देशन जारी भएको छ। साथै प्रस्तुत निर्देशन यस कार्यालयको च.नं. ७५१ मिति २०८१/०७/०६ को पत्रबाट जारी निर्देशनको निरन्तरता भएकाले यस अघि जारी भएका निर्देशनहरु र प्रस्तुत निर्देशन कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

**निर्देशन नं ४१:** बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) ऐन, २०८२ को दफा १० ले मूल ऐनको दफा २६ पछि २६क. थप गरी चेक अनादर सम्बन्धी मुद्दामा मिलापत्र गर्ने सम्बन्धमा गरेको व्यवस्थाको कार्यान्वयनको लागि स्पष्टता र एकरूपता कायम गर्न देहाय बमोजिम गर्ने:

(१) चेक अनादर सम्वन्धी कसूरमा अनुसन्धानको क्रममा मिलापत्र गर्दा:

(क) अनादर भएको चेकको बिगोका सम्बन्धमा जाहेरवाला (धारक) र प्रतिवादीले रकम लेनदेन गरी वा चित्त बुझाई चेकको बिगोका सम्बन्धमा दावी जिकीर नरहेको भनी जाहेरवाला र प्रतिवादीले अनुसन्धान गर्ने प्रहरी कार्यालयमा संयुक्त निवेदन दिएकोमा त्यस्तो निवेदन दर्ता भएकै दिन सम्बन्धित प्रहरी कार्यालयले अनुसन्धान स्थगित गरी बिगो लेनदेन सम्बन्धी आधिकारीक कागज, सम्बन्धित मिसिल र संयुक्त निवेदन मिसिल संलग्न गरी अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकील कार्यालय समक्ष पेश गर्ने,

(ख) खण्ड (क) बमोजिम निवेदन सहित प्राप्त भएको मिसिल कागजात तोकिएको सरकारी वकीलले अध्ययन गरी सम्बन्धित व्यक्तिलाई बुझ्दा अनादर भएको चेकको बिगो प्राप्त गरेको वा बिगो दावी नरहेकोमा त्यस्तो मुद्दामा अभियोजन नगर्ने निर्णय गरी प्रतिवादी हिरासतमा रहेको भए हिरासतबाट छाडी दिन अनुसन्धान अधिकारीलाई निर्देशन दिने,

(ग) खण्ड (ख) मा जुनसुकै कुरा उल्लेख भएता पनि मिलापत्रको लागि प्राप्त हुन आएको संयुक्त निवेदन वा मिसिल कागजात अध्ययन गर्दा जाहेरवाला (धारक) ले बाउन्स भएको चेक बमोजिमको रकम प्राप्त नगरेको वा चेकको बिगोका सम्बन्धमा जाहेरवालाले चित्त

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(कर्मचारी प्रशासन शाखा)

पत्र संख्या :- ०८१/०८२ (निर्देशन)
चलानी नं. :- ३०८६

रामशाहपथ, काठमाडौं

मिति :-२०८२/०१/३१
ने.सं. ११४५ वछलागा २

नबुझाएकोमा कानून बमोजिम अनुसन्धान जारी राख्न निर्देशन दिन वा मुद्दा चलाउने निर्णय गर्न कुनै बाधा पर्ने छैन,

(२) चेक अनादर सम्वन्धी कसूरमा अदालतमा मिलापत्र गर्दाः
अदालतमा विचाराधिन चेक बाउन्स (चेक अनादर) मुद्दाका हकमा जाहेरवाला र प्रतिवादीको तर्फबाट पर्न आएको संयुक्त निवेदन उपर सम्बन्धित सरकारी वकील कार्यालयले फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनु पर्ने मापदण्ड, २०८० को प्रकृया पूरा गरी मिलापत्रको आदेश सहित संयुक्त निवेदन मिलापत्रका लागि सम्बन्धित अदालत समक्ष पत्रसाथ पठाउने ।

(३) कानून बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका अन्य सरकारवादी मुद्दाका हकमा अदालतमा मिलापत्र गर्ने प्रकृया र अनुसन्धान कै क्रममा विगो बुझाएको, राफसाफ वा चुक्ता गरेको हकमा मुद्दा नचलाउने निर्णय गर्ने सम्बन्धमा साविकको व्यवस्था बमोजिम गर्ने ।

०१/३१

.....................
(पुष्पराज बाँस्तोला)
उपन्यायाधिवक्ता

**अवगतार्थः**
माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।
श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरू।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(......कर्मचारी प्रशासन...... शाखा)

पत्र संख्या :- ०८१/०८२ (निर्देशन)

रामशाहपथ, काठमाडौं

चलानी नं. :- ३१२६

मिति :- २०८२/०२/०२

ने.सं. ११४५ वछलागा ४

विषयः निर्देशन सम्बन्धमा।

उच्च सरकारी वकील कार्यालय, सबै।

जिल्ला सरकारी वकील कार्यालय, सबै।

यस कार्यालयको व्यवस्थापन समितिको निर्णय समेतका आधारमा माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८२/०१/२८ मा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम निर्देशन जारी भएको व्यहोरा विदितै छ। उक्त निर्देशन कार्यान्वयन गर्ने प्रयोजनार्थ यस कार्यालयबाट च.नं. ३०७९ मिति २०८२/०१/३१ को पत्र मार्फत सबै उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरुमा निर्देशन जारी गरिएको अवस्था छ। सो जारी निर्देशन नं ४१ को दफा १ को खण्ड (ख) को सट्टामा देहायको खण्ड (ख) को व्यहोरा राखी निम्न निर्देशन जारी भएकोले प्रस्तुत निर्देशन कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ। ।

निर्देशन नं. ४१ को दफा १ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:

(ख) खण्ड (क) बमोजिम निवेदन सहित प्राप्त भएको मिसिल कागजात तोकिएको सरकारी वकीलले अध्ययन गरी सम्बन्धित व्यक्तिलाई बुझ्दा अनादर भएको चेकको विगो प्राप्त गरेको वा विगो दावी नरहेकोमा त्यस्तो मुद्दामा अभियोजन नगर्ने निर्णय गरी निकासार्थ माथिल्लो सरकारी वकील कार्यालयमा पठाउने र प्रतिवादी हिरासतमा रहेको भए हिरासतबाट छाडी दिन अनुसन्धान अधिकारीलाई निर्देशन दिने ।

२०८२/०२/०२

(पुष्पराज बाँस्तोला)

उपन्यायाधिवक्ता

अवगतार्थः

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।

श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरू।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(कर्मचारी प्रशासन शाखा)

पत्र संख्या :- ०७९/०८० रामशाहपथ, काठमाडौं

चलानी नं. :- २०२३ मिति :- २०८०/०३/०६

**विषयः अभियोग पत्र अपलोड सम्बन्धमा।**

उच्च सरकारी वकील कार्यालय, सबै।

विशेष सरकारी वकील कार्यालय, काठमाडौं।

जिल्ला सरकारी वकील कार्यालय, सबै।

सरकारी वकील कार्यालयहरूबाट अभियोगपत्र आफ्नो कार्यालयको तथा महान्यायाधिवक्ताको कार्यालयको वेभसाइटमा अनिवार्य रुपमा अपलोड गर्नका लागि यस कार्यालयबाट निर्देशन जारी गरिएकोमा सो को अनलाइन अनुगमन गर्दा देखिएको २०८० बैशाख देखि ऐ. असार ५ गतेसम्मको अवस्थाको विवरण पाना ९ यसैसाथ संलग्न छ। सबै कार्यालयहरूले यो विवरण गम्भिरतापूर्वक अध्ययन गर्न, अभियोग पत्र अपलोड नगर्ने कार्यालयहरूले तुरुन्त अपलोड गर्न तथा अपलोड भएका अभियोगपत्रहरू अध्यन गर्दा देखिएका कैफियत एवं त्रुटी सुधार गर्नेतर्फ ध्यान दिनका लागि जानकारी गराईन्छ। साथै उच्च सरकारी वकील कार्यालयहरूले मातहतका जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस सम्बन्धमा भएको कार्यको अनुगमन गरी आवश्यक निर्देशन दिनुहुनका लागि समेत जानकारी गराईन्छ।

(लोकराज पराजुली)
सहन्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.....कर्मचारी प्रशासन..... शाखा)

पत्र संख्या :- ०७९/०८०

चलानी नं. :- ३०९५

रामशाहपथ, काठमाडौं

मिति :- २०८०/०३/२६

विषयः अधिकार प्रत्यायोजन भए बमोजिम गर्ने/गराउने सम्बन्धमा।

श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरु, महान्यायाधिवक्ताको कार्यालय,
श्री उच्च सरकारी वकील कार्यालय सबै,
श्री विशेष सरकारी वकील कार्यालय काठमाडौं,
श्री जिल्ला सरकारी वकील कार्यालय सबै।

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी माननीय महान्यायाधिवक्ताबाट आफूमा निहित अधिकार मातहतका सरकारी वकीलले प्रयोग र पालना गर्ने गरी यस अघी प्रत्यायोजन भएको अधिकारमा मिति २०८०/०४/०१ बाट लागू हुने गरि देहाय बमोजिम हेरफेर गर्ने गरी मिति २०८०/०३/२१ मा निर्णय भएकोले सो बमोजिम गर्न/गराउनका लागि अनुरोध गरिन्छ।

क. मुद्दा चलाउने/नचाउने निर्णय गर्ने/नगर्ने तथा मिलापत्र गर्न आदेश दिने/नदिने सम्बन्धमाः

१. खण्ड ७१) सङ्ख्या २, मिति २०७८/०१/१३को नेपाल राजपत्रभाग ४ मा प्रकाशित सूचनाको,-

(क) प्रकरण १ को खण्ड (ङ) र (च) को सट्टा देहायका खण्ड (ङ) र (च) राखिएका छनः-

"(ङ) खण्ड (क) बमोजिम प्राप्त मिसिल मध्ये आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका अन्य ज्यान मुद्दा, वारदातवाट कसूर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका अन्य मुद्दा र प्रतिवादी खुलेको भए पनि निजको मृत्यु भइसकेको मुद्दामा मुद्दा नचलाउने अन्तिम निर्णय जिल्ला सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने,

(च) सुरक्षित कारोवार ऐन, २०६३ बमोजिमको कसूर सम्बन्धी मुद्दा र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) मा उल्लिखित कसूर बाहेक सो ऐन बमोजिमका अन्य कसूर सम्बन्धी मुद्दामा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका हकमा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित मुद्दा चल्ने वा नचल्ने

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(............................................ शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७९/०८०

चलानी नं. :- ३०९५

मिति :-.............................

निर्णयको लागि प्राप्त मिसिल अध्ययन गर्दा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनुपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,"

(ख) प्रकरण ५ को सट्टा देहायको प्रकरण ५ राखिएको छः-

"५. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका मुद्दामा मिलापत्र गर्न आदेश दिन सक्ने अधिकार सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३३ मा उल्लिखित शर्तको अधीनमा रही देहायका सरकारी वकीलले प्रयोग गर्ने:-

(क) जिल्ला अदालतमा विचाराधीन मुद्दामा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले,

(ख) उच्च अदालतमा विचाराधीन मुद्दामा सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले,

(ग) वैदेशिक रोजगार न्यायाधीकरणमा विचाराधीन मुद्दामा विशेष सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले,

(घ) सर्वोच्च अदालतमा विचाराधीन मुद्दामा महान्यायाधिवक्ताको कार्यालयमा सो मुद्दा रहेको महाशाखाको नायब महान्यायाधिवक्ताले।"

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका नेपाल सरकार वादी हुने मुद्दामा अनुसन्धानकै चरणमा प्रतिवादीले पीडितलाई बुझाउनुपर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाई वा अन्य कुनै शर्तमा मुद्दाको कारबाही अगाडी नबढाउन पीडित र प्रतिवादी दुवै पक्ष सहमत भै दिएको निवेदन बमोजिम मातहतको जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी प्राप्त भएका मिसिलमा मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने। विशेष सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुने यस प्रकृतिका मुद्दामा सम्बन्धित नायब महान्यायाधिवक्ताले मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्ने।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(................................ शाखा)

पत्र संख्या :- ०६९/०८०

चलानी नं. :- ३०५५

रामशाहपथ, काठमाडौं

मिति :-.................................

ख. पुनरावेदन गर्ने/नगर्ने सम्बन्धमाः

तीन वर्ष वा सो भन्दा कम कैद सजाय वा पच्चिस लाख रुपैया सम्म विगो दावी लिई अभियोग पत्र दायर भएको मुद्दामा जिल्ला अदालतवाट भएको फैसला उपर पुनरावेदन नगर्ने अन्तिम निकासा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले दिने।

पुनश्चः माथि खण्ड क मा उल्लेख भएको अधिकार प्रत्यायोजन सम्बन्धमा खण्ड ७३) सङ्ख्या १७ मिति २०८०/०३/२५ को नेपाल राजपत्र भाग ४ मा सूचना प्रकाशन भएको तथा उच्च अदालत र विशेष अदालतमा विचाराधिन मुद्दामा क्रमशः उच्च सरकारी वकिल कार्यालय र विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तले मिलापत्र गर्न आदेश दिन सक्ने अधिकार खण्ड ७१) सङ्ख्या २, मिति २०७८/०१/१३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचनाको प्रकरण १ को देहाय खण्ड (ञ) मा उल्लेख भए वमोजिम निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतमा कामकाज गर्ने सरकारी वकीलले प्रयोग गर्न सक्ने व्यहोरा समेत अनुरोध छ।

अवगतार्थः

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।

२०८०।०३।२६

.....................

(लोकराज पराजुली)

सहन्यायाधिवक्ता

सहन्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(............कर्मचारी प्रशासन............ शाखा)

पत्र संख्या :-०८०/०८१
चलानी नं. :-१८२

रामशाहपथ, काठमाडौं
मिति :- २०८०/०५/०४

विषयः प्रदेश सरकार तथा स्थानीय तहको लिखित जवाफ तथा प्रतिरक्षा सम्बन्धमा।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

यस कार्यालयको व्यवस्थापन समितिको मिति २०७५/०५/२७ को निर्णयानुसार सरकारी वकील कार्यालयले गर्नुपर्ने लिखित जवाफ तथा प्रतिरक्षा सम्बन्धी काम कारवाहीका सम्बन्धमा प.सं. ०७५/०७६ चं.नं. ४७२ मिति २०७५/०५/२९ र पं.सं. ०७५/०७६ च.नं. ७७१ मिति २०७५।०५।२९ बाट निम्नानुसार परिपत्र जारी गरिएको व्यहोरा अवगत नै हुनुपर्दछः-

१. नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निज मातहतका सरकारी वकिलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ भनी नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा उल्लिखित व्यवस्था अनुसार सरकारी वकीलहरुले नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका मुद्दा, संघीय कानून बमोजिम स्थापित कार्यालयहरु तथा त्यस्ता कार्यालयहरुमा कार्यरत रहँदाका बखत आफ्नो कार्य सम्पादनको सिलसिलामा संघीय निजामती कर्मचारीले गरेको कुनै कामको सम्बन्धमा त्यस्ता कर्मचारी उपर परेको मुद्दामा त्यस्ता कार्यालय तथा कर्मचारीको तर्फबाट लिखित जवाफ पेश गर्ने, प्रतिनिधित्व गर्ने वा बहस पैरवी गर्ने गराउने।(प.सं. ०७५/०७६ च.नं. ४७२ मिति २०७५/०५/२९ को परिपत्र)

२. स्थानीय तहको तर्फबाट मुद्दामा प्रतिरक्षा गर्न, लिखित जवाफ तयार गर्ने, कानूनी परामर्श दिने, कुनै कानूनी लिखत तयार गर्ने तथा त्यस्तो लिखत दायर गर्ने कार्य नगर्ने, नगराउने।

उपरोक्तानुसारको परिपत्र जारी भएको भएपनि अद्यापि स्थानीय तह तथा प्रदेश सरकारका कार्यालयमा कार्यरत संघीय निजामती कर्मचारीका तर्फबाट सरकारी बकील कार्यालयले लिखित जवाफ पेश गर्ने नगर्ने र सरकारी बकीलहरुले प्रतिरक्षा गर्ने नगर्ने भन्ने बारेमा दुबिधा रहेको देखिएकोले उक्त

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(..............कर्मचारी प्रशासन शाखा)

पत्र संख्या :- ०८०/०८१ रामशाहपथ, काठमाडौं

चलानी नं. :- १८२ मिति :- २०८०।५।५

परिपत्र अनुसार त्यस्ता संघीय निजामती कर्मचारीको तर्फबाट लिखित जवाफ पेश गर्ने तथा प्रतिरक्षा गर्ने कार्य नगर्न, नगराउन पुनः स्पष्ट पारिएको व्यहोरा निर्देशानुसार जानकारी गराईन्छ।

बोधार्थः

श्री सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौंः मिति २०७५/०५/२९ मा यस कार्यालयबाट मातहतका सरकारी वकील कार्यालयहरुलाई जारी गरीएको प.सं. ०७५/०७६ च.नं. ४७१ र ४७२ का परिपत्रहरुको प्रतिलिपि यसैसाथ संलग्न रहेको व्यहोरा समेत अनुरोध छ।

(बाबुराम भट्टराई)
सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..........कर्मचारी प्रशासन..... शाखा)

पत्र संख्या :- ०८०/०८१(परिपत्र)

रामशाहपथ, काठमाडौं

चलानी नं. :- ५१४

मिति :- २०८०/०६/०४

विषयः पुनरावेदन सम्बन्धी कारवाही उचित समयमा सम्पन्न गर्ने सम्बन्धमा।

उच्च सरकारी वकील कार्यालय, सबै।
विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
जिल्ला सरकारी वकील कार्यालय, सबै।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (४) ले उक्त संहिताको अनुसूची १ र २ मा उल्लिखित सरकार वादी फौजदारी मुद्दामा थाहा पाएको मानिने मिति तथा पुनरावेदन/निवेदन गर्ने म्याद सम्बन्धमा गरेको कानूनी व्यवस्था तथा तत् सम्बन्धमा थप स्पष्ट पारी ०७८-WH-०१७६ नं. को बन्दी प्रत्यक्षीकरण मुद्दामा सर्वोच्च अदालतबाट मिति २०७८/०१/०८ मा भएको आदेश समेतको रोहमा उक्त कानूनी व्यवस्था तथा आदेशलाई ध्यानमा राखी पुनरावेदन/निवेदन सम्बन्धी कारवाही उचित समयमै सम्पन्न गर्नका लागि यस कार्यालयको प.सं. ०७९/८० (निर्देशन) च.नं. १६७३ मिति २०८०/०२/०२ को पत्रबाट जारी भएको निर्देशन नं. २६ को बारेमा जानकारी भएकै हुनुपर्छ।

कतिपय सरकारी वकील कार्यालयले अदालतबाट पठाइएको फैसलाको जानकारी बुझ्न विलम्ब गरी पुनरावेदन/निवेदन सम्बन्धी कारवाही उचित समयमा गर्ने नगरेको भन्ने गुनासो यस कार्यालयमा आउने गरेको छ। पुनरावेदन/निवेदन सम्बन्धी कारवाहीका लागि यस कार्यालयमा प्राप्त हुने कतिपय मिसिलहरू सम्बद्ध कागजातहरू मिसिलमा संलग्न नराखी म्याद नघाएर आउने गरेको पाइएकाले उक्त गुनासो गलत हो भन्न सकिने अवस्था पनि छैन। त्यसर्थ यस कार्यालयबाट जारी भएका पूर्व निर्देशन/परिपत्र समेतलाई ध्यानमा राखी पुनरावेदन/निवेदन म्याद व्यतित नहुनेतर्फ सजग रही पुनरावेदन/निवेदन सम्बन्धी कारवाही उचित समयमा सम्पन्न गर्न मिति २०८०/०५/१९ को निर्णयानुसार पुनः जानकारी गराइन्छ। साथै हालसम्म पुनरावेदन/निवेदनको म्याद बाँकी नरहेको मुद्दामा पुनरावेदन/निवेदन गर्ने नगर्ने निकासाका लागि

☎: ४२००८००, ४२००८०१, ४२००८११, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(........ कर्मचारी प्रशासन ..... शाखा)

पत्र संख्या :- ०८०/०८१ (परिपत्र)

रामशाहपथ, काठमाडौं

चलानी नं. :-

मिति :- २०८०/०६/०४

यस कार्यालयमा नपठाई सम्बन्धित उच्च तथा विशेष सरकारी वकील कार्यालयले देहाय बमोजिम गर्न गराउनका लागि समेत सोही मितिको निर्णयानुसार जानकारी गराइन्छः

१. आफू मातहतका जिल्ला सरकारी वकील कार्यालय र आफ्नो कार्यालयका समेत हालसम्म पुनरावेदन गर्ने म्याद समाप्त भईसकेका के कति मुद्दा (फैसला) छन् फैसला गर्ने अदालतबाट अभिलेख भिडाई यकिन गर्ने/गराउने,

२. पुनरावेदनको म्याद समाप्त भईसकेका मुद्दाहरू यस कार्यालयमा निकासाको लागि नपठाई सोही व्यहोरा प्रमाणित गरी सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने उच्च सरकरी वकील कार्यालयका प्रमुखले प्रमाणित गरी यस्ता मुद्दाको विवरण यस कार्यालयमा पठाउने,

३. कानून र माथी उल्लिखित प्रतिपादित सिद्धान्तको पालना नगरी पुनरावेदन गर्ने म्याद व्यतित गराउनमा को कुन कर्मचारी वा सरकारी वकीलको संलग्नता रहेको देखिन्छ सो को आधार र कारण सहित नाम नामेसी खुलाई पेश गर्ने,

४. अब उप्रान्त कानून बमोजिम पुनरावेदन गर्ने म्याद ननाघ्ने व्यवस्था मिलाउन कार्यालय प्रमुखलाई जिम्मेवार बनाई, गैर जिम्मेवार पूर्ण काम गर्ने अधिकारीलाई कानून बमोजिम विभागीय कारवाहीको प्रकृया अगाडी बढाउने,

५. माथी प्रकरण नं. १,२,३ र ४ बमोजिमको कार्य यो पत्र प्राप्त भएको मितिले १५ दिन भित्र सम्पन्न गर्ने।

(बाबुराम भट्टराई)
सहायक न्यायाधिवक्ता

अवगतार्थः
माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।
श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरू।

बोधार्थः
पुनरावेदन शाखा, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(..........कर्मचारी प्रशासन...... शाखा)

पत्र संख्या :- २०८०/०८१

चलानी नं. :- ६५१

रामशाहपथ, काठमाडौं

मिति : २०८१/०६/०८

ने.स .११४४ थलागा ७

विषयः अधिकार प्रत्यायोजन भए बमोजिम गर्ने /गराउने सम्बन्धमा।

श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरु, महान्यायाधिवक्ताको कार्यालय।

श्री सहन्यायाधिवक्ताज्यूहरु,

उच्च सरकारी वकील कार्यालय सबै।

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले आफूमा निहित अधिकार सरकारी वकीलले प्रयोग र पालना गर्न पाउने गरी देहाय बमोजिमका अधिकारहरु मिति २०८१/०६/०४ गते देखि लागू हुने गरी प्रत्यायोजन गर्ने निर्णय भएकाले सो बमोजिम गर्न/ गराउनका लागि अनुरोध गरिन्छ।

१. नेपाल सरकार वादी हुने मुद्दामा सर्वोच्च अदालतबाट भएको फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ११ बमोजिम पुनरावलोकन गर्ने वा नगर्ने अन्तिम निर्णय सम्बन्धित नायब महान्यायाधिवक्ताले गर्ने।

२. नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा सम्बन्धित अदालतबाट अभियोग माग दावी बमोजिम सबै प्रतिवादीको हकमा कसूर ठहर भई सजाय भएको तर जफतको माग दावी लिइएका साधन वा सम्पत्ति जफत नहुने वा सो विषयमा फैसलामा नबोलेकोमा सो हदसम्म पुनरावेदन गर्नुपर्ने अवस्था नभएमा पुनरावेदन नगर्ने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने।

३. मुलुकी अपराध संहिता ,२०७४ को परिच्छेद 20 (चोरी तथा डाँका सम्बन्धी कसूर ) बमोजिमको कसूरमा सम्बन्धित अदालतबाट अभियोग माग दावी बमोजिम सबै प्रतिवादीको हकमा कसूर ठहर भई सजाय भएको तर माग दावी लिइएको बिगो मध्ये बरामद भएको बिगो मात्र भराउने गरी फैसला भएकोमा सो हदसम्म पुनरावेदन गर्नुपर्ने अवस्था नभएमा पुनरावेदन नगर्ने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने।

४. अभियोजन गर्दाका वखत प्रचलनमा रहेको कानून बमोजिम जरिवाना वा क्षतिपूर्तिको माग दावी लिइएकोमा फैसला हुँदाको बखत त्यस्तो कानून निष्क्रिय/खारेज भएको कारण जरिवाना वा क्षतिपूर्ति भराउने ठहर नभएको वा सो सम्बन्धमा फैसलामा नबोलेको अवस्था भएकोमा पुनरावेदन नगर्ने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने।

२०८१/०६/०८

पुष्पराज बास्तोला

उपन्यायाधिवक्ता

अवगतार्थः

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.......कर्मचारी प्रशासन...... शाखा)

पत्र संख्या :- २०८१/०८२ (परिपत्र)

चलानी नं. :- ४०७८

रामशाहपथ, काठमाडौं

मिति :- २०८२/०१/३१

ने.स .११४५ बछलागा २

विषय :परिपत्र सम्बन्धमा।

उच्च सरकारी वकील कार्यालय ,सबै,
जिल्ला सरकारी वकील कार्यालय ,सबै।

देहायका विषयहरुका सम्बन्धमा देहाय बमोजिम गर्न सबै सरकारी वकील कार्यालयलाई निर्देशन सहित परिपत्र जारी गर्ने भनी यस कार्यालयबाट मिति २०८२/०१/२८ मा भएको निर्णयानुसार गर्नु गराउनु हुन अनुरोध गरिन्छ।

१. मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ अनुसार आत्महत्या दुरुत्साहन मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा:-

क. आत्महत्या दुरूत्साहन कसूरमा अनुसन्धान प्रतिवेदन सहित प्राप्त हुन आएको मिसिल अध्ययन गर्दा आत्महत्या गर्नुपर्ने बाध्यात्मक अवस्थाको सृजना गर्नेगरी दुरुत्साहन गर्ने प्रत्यक्ष प्रमाण वा व्यवहार,आत्महत्या गर्ने व्यक्तिलाई मानसिक, शारीरिक वा भावनात्मक यातना दिइएको प्रमाण, सुसाइड नोट, म्यासेज वा विद्युतीय वार्तालाप जस्ता प्रमाणबाट सामाजिक/पारिवारिक दबाब वा अपमानजनक व्यवहार गरेको पुष्टी भएमा मात्र मुद्दा चलाउने,

ख. कानूनी कर्तव्यको पालना गर्दा गरेको पत्राचार वा कानूनी कारवाही गरेको कारणले कसैले आत्महत्या गरेमा त्यस्तो कार्यका उपर आत्महत्या दुरुत्साहन कसूर पुष्टी नहुने हुँदा मुद्दा नचल्ने निर्णय गर्ने ।

२. बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) ऐन, २०८२ को दफा ८ ले मूल ऐनको दफा १७ मा संशोधन गरी मूल ऐनको दफा १७ को उपदफा (१) पछि उपदफा (१क) थप गरी "दफा ३क बमोजिमको कसूरमा चेक अनादर गरेको प्रमाणित भएको मितिले एक बर्षभित्र जाहेरी दिन सकिनेछ र त्यसरी जाहेरी परेको मितिले छ महिनाभित्र सम्बन्धित जिल्ला अदातल समक्ष मुद्दा दायर गरिसक्नु पर्नेछ" भन्ने उल्लेख भएकोले अनुसन्धानमा रहेका चेक अनादर सम्बन्धी बैंकिङ कसूर मुद्दामा अनुसन्धान

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(..........कर्मचारी प्रशासन...... शाखा)

पत्र संख्या :- २०८१/०८२ (परिपत्र)

चलानी नं. :- ३०७८

रामशाहपथ, काठमाडौं

मिति :-..............................

अधिकारीसँग समन्वय गरी हदम्याद गुज्रन नपाउने गरी समयमै अनुसन्धान गर्न लगाई कानून बमोजिम अभियोजन सम्बन्धी निर्णय गर्नु ।

३. सहकारी ऐन, २०७४ बमोजिम अदालतमा दायर भई बिचाराधिन रहेका मुद्दाहरुमा सम्बन्धित सहकारीका बचतकर्ताहरुले सम्बन्धित प्रहरी कार्यालय समक्ष दिएको जाहेरी दरखास्त वा निवेदन वा बचतकर्ताहरुको ठगीएको बचत रकम दिलाई भराई पाउने अभियोगदावी लिइएको विवरण बचतकर्ताहरुको हिसाब दायित्व मिलान गर्ने क्रममा दोहोरो नपरोस भन्ने उद्देश्यले समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट माग भई आएमा त्यस्तो विवरण समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयलाई उपलब्ध गराउने सहकारी ऐन, २०७४ अन्तर्गत सहकारी ठगी मुद्दामा यस पछि अभियोगदावी प्रस्तुत गर्नु पर्दा सहकारी ठगीको वारदात सम्बन्धित सहकारी संस्था "समस्याग्रस्त सहकारी" को सूचीमा सूचीकृत भए मध्यको हो होईन र अभियोगदावी प्रस्तुत गर्नुपर्ने देखिएको सम्बन्धित सहकारीका बचतकर्ताको बचत रकम (विगो) असुल उपर वा हिसाब मिलान गरी पाउँन समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा निवेदन परे नपरेको र निवेदन परेको भए सो निवेदन उपरको कारबाही के भएको छ सो समेतको जानकारी समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयबाट प्राप्त गरी सो समेतलाई दृष्टिगत गरी प्रचलित कानून बमोजिम अभियोजन सम्बन्धी कार्य गर्नु।

२०८१/०९/३१

..............................
पुष्पराज बाँस्तोला
उपन्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(.........कर्मचारी प्रशासन......... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :- १०६

मिति :.......२०८२/०४/१५

नेपाल संवत ११४५ गुंलाथ्व: ७

विषय: परिपत्र।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।

श्री विशेष सरकारी वकील कार्यालय, काठमाण्डौ।

श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त विषयमा यस कार्यालय मातहत रहेका सरकारी वकील कार्यालयहरूको कार्यलाई नियमित, व्यवस्थित गराउनको लागि विभिन्न परिपत्र गरिएको भएता पनि कतिपय कार्यालयहरुबाट सो को पालना भए गरेको नदेखिंदा देहाय बमोजिम गर्न गराउन हुन निर्देशानुसार अनुरोध छ।

देहाय:

१. उच्च सरकारी वकील कार्यालय र विशेष सरकारी वकीलमा कार्यरत सहन्यायाधिवक्ता वा सो सरहको भूमिकामा रहने सरकारी वकीलले आफू कार्यरत कार्यालय छाडी अन्यत्र जिल्ला जानुपर्ने भएमा अनिवार्य रूपमा महान्यायाधिवक्ताको कार्यालयाबाट सहमति लिने।

२. उच्च सरकारी वकील कार्यालयले आफ्नो मताहतका कार्यालयको निरिक्षण/अनुगमन गर्न जानु अघि कति दिनका लागि कुन-कुन जिल्लामा जाने हो सो को पूर्व जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिएर मात्र जाने तथा यसरी जाँदा सवारी साधन लैजाने भए सोको समेत जानकारी गराउने।

३. जिल्ला सरकारी वकील कार्यालयका कार्यालय प्रमुखले आफू कार्यरत रहेका कार्यालय छाडेर आफ्नो जिल्ला भन्दा बाहिर जानुपर्दा सम्बन्धित उच्च सरकारी वकील कार्यालयसँग सहमति लिने र सो को जानकारी महान्यायाधिवक्ताको कार्यालय समेतलाई गराउने ।

४. जिल्ला सरकारी वकील कार्यालयले कार्यालयमा रहेका सवारी साधन सरकारी कामको लागि आफ्नो जिल्ला भन्दा बाहिर लिई जानु परेमा उच्च सरकारी वकील कार्यालयबाट अनिवार्य रुपमा सहमति लिने।

५. यस कार्यालयबाट भएका पूर्व निर्देशन, परिपत्र अनिवार्य रूपमा पालन, कार्यान्वयन गर्ने, सो गरे नगरेको सम्बन्धमा सम्बन्धित उच्च सरकारी वकील कार्यालयले समेत अनुगमन गर्ने ।

६. उच्च सरकारी वकील कार्यालय र विशेष सरकारी वकील कार्यालयमा कार्यरत सहन्यायाधिवक्ता वा सो सरहको भूमिकामा रहने सरकारी वकीलको विदा र काज स्वीकृत सम्बन्धित नायब महान्यायाधिवक्ताले गर्ने भनी व्यवस्थापन समितिबाट २०८२/०४/०८ मा निर्णय भएकोले सोही बमोजिम गर्नु हुन।

सादर अवगतार्थ:

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय,
महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं।

वोधार्थ:

नायब महान्यायाधिवक्ताज्यूहरुको सचिवालय,
महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं।

(विश्वास तिमिल्सिना)
सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(............................................ शाखा)

पत्र संख्या :- ०८२/०८३ (परिपत्र)

चलानी नं. :- 469

रामशाहपथ, काठमाडौं

मिति :- २०८२/०५/१८

विषयः परिपत्र सम्बन्धमा।

उच्च सरकारी वकील कार्यालय, सबै।
विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
जिल्ला सरकारी वकील कार्यालय, सबै।

महान्यायाधिवक्ताको कार्यालयको मिति २०८२/०४/२८ को निर्णयानुसार सबै सरकारी वकील कार्यालयहरुले मुद्दाको गम्भिरता र संवेदनशिलताको बिषयलाई ख्याल गरी कार्यालय प्रमुखले बहस प्रतिरक्षाको पूर्व तयारी गरी आवश्यकता अनुसार समूहमा प्रतिनिधित्व गर्ने व्यवस्था मिलाउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

२०८२/०५/१८

..........................
(पुष्पराज बाँस्तोला)
उपन्यायाधिवक्ता

अवगतार्थः

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।
श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरू।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..........प्रशासन.... शाखा)

पत्र संख्या :- २०८२/०८३ (परिपत्र)

चलानी नं. :- ४८४

रामशाहपथ, काठमाडौं

मिति :- २०८२/०५/२०

ने.स .११४५ अलाथ्व १३

विषय : परिपत्र सम्बन्धमा।

उच्च सरकारी वकील कार्यालय सबै,
विशेष सरकारी वकील कार्यालय, काठमाण्डौ,
जिल्ला सरकारी वकील कार्यालय ,सबै।

केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) मा *"कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसूरको मुद्दामा सजाय गर्नु पर्दा सोही कानून बमोजिम नै गर्नु पर्नेछ । तर कुनै फौजदारी कसूरको सजाय मुलुकी अपराध संहितामा लेखिए भन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ"* भन्ने व्यवस्था रहेको छ। तसर्थ, कुनै नेपाल कानून बमोजिम मुद्दा दायर हुँदाका बखत तोकिएको सजाय (कैद/जरिवाना) को दाबी गरिएकोमा पछि बनेको वा संशोधन भएको कानूनमा सो भन्दा कम सजाय (कैद/जरिवाना) हुने व्यवस्था भएकोमा नयाँ कानून वा संशोधित कानून बमोजिम सजाय हुने गरी फैसला भए उपर शुरु अभियोजन गर्ने सम्बन्धित सरकारी वकील कार्यालयबाट पुनरावेदन सम्बन्धी कारवाही नगरी सो मुद्दा कसूर कायम जनाई लगत कट्टा गरि फाईल व्यवस्थापन गर्नु भनी यस कार्यालयबाट मिति २०८२/०५/२० मा भएको निर्णयानुसार गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

पुष्पराज बाँस्तोला
उपन्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# १२. सरकार वादी फौजदारी मुद्दा मिलापत्र सम्बन्धी मापदण्ड, २०८०[१]

सरकार वादी फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ र सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३३ को अधीनमा रही देहाय बमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछः

१. सरकार चादी फौजदारी मुद्दा मध्ये मिलापत्र हुने प्रकृतिका मुद्दामा मिलापत्रका लागि पेश भएको निवेदन बमोजिमको मुद्दा सम्बन्धित कार्यालयमा चालू अवस्थामा रहे नरहेको एकिन गरेर मात्र दर्ता गर्ने,

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) मा उल्लेखित मिलापत्र हुने प्रकृतिको (सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि नोक्सानी वा वैदेशिक रोजगार सम्बन्धी कसूर वा बैंकिङ्ग कसूर अन्तर्गतको चेक बाउन्स आदि) मुद्दा भए नभएको यकिन गर्ने,

३. मिलापत्र गर्न पेश भएको संयुक्त निवदेनमा देहायका कुराहरु भए नभएको यकिन गर्ने,

(क) मिलापत्रको निवेदनमा पीडित र प्रतिवादीहरुको हस्ताक्षर र सहिछाप,

(ख) पीडित र प्रतिवादी बीच के कस्तो शर्तमा मिलापत्र गर्न मञ्जुर भएको हो सो विषय मिलापत्रको निवेदनमा स्पष्ट रुपमा उल्लेख भएको,

(ग) पीडित र प्रतिवादीको पहिचान खुल्ने आधिकारिक कागजात वा परिचयपत्र संलग्न भएको,

(घ) मिलापत्र गर्दा पीडितले प्रतिवादीबाट विगो, हर्जाना तथा अन्य रकम कुन कुन प्रतिवादीबाट कुन कुन पीडितले के कसरी प्राप्त गरेको हो वा गर्ने हो स्पष्ट उल्लेख भएको,

(ङ) मिलापत्रको संयुक्त निवेदनमा उल्लेख गरे बमोजिमका कागजात तथा अवस्था भए नभएको यकिन गर्ने,

४. मिलापत्रको निवेदन बमोजिम पीडित र प्रतिवादीलाई मिलापत्रको मतलब र परिणाम समेत जानकारी गराउने,

५. मिलापत्रको प्रकृया अगाडि बढाउन मञ्जुर भए पीडित र प्रतिवादीको सनाखत गराई तोकिएको सरकारी वकीलले सहिछाप गर्ने,

६. सनाखत गर्ने सरकारी वकीलले सनाखत गर्दा नाम, पद, कार्यालय र मिति समेत उल्लेख गरी कार्यालयको छाप समेत लगाउने,

७. अभियोगपत्र दायर गर्दा पीडितलाई प्रतिवादीबाट प्रचलित कानून बमोजिम बिगो, हर्जाना तथा अन्य

---

१ मिति २०८०।११।०४ को व्यवस्थापन समितिको बैठकबाट भएको निर्णय।

रकम भराउन मागदाबी गरिएको भए पनि पीडित र प्रतिवादी बीच मिलापत्र गर्दा अभियोगपत्रमा उल्लेख गरे भन्दा कम बिगो, हर्जाना तथा अन्य रकम बुझाउने गरी वा पूरै बिगो, हर्जाना तथा अन्य रकम छाडि मिलापत्र गर्न पीडित र प्रतिवादी सहमत भई सो व्यहोरा निवेदनमा उल्लेख गरी निवेदन दिएको अवस्थामा सो बमोजिम मिलापत्र गर्न आदेश दिन सकिने,

८. मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका सरकार बादी फौजदारी मुद्दामा प्रतिवादीको पुनरावेदन परेको तर प्रत्यर्थी झिकाउने आदेश नभई सकेको अवस्थामा पनि मिलापत्र सम्बन्धी प्रकृया अगाडि बढाउन सकिने (महान्यायाधिवक्ताको कार्यालयको मिति २०७७।१२।०६ को निर्देशन नं. ३ मा यस सम्बन्धमा उल्लेख गरिएको),

९. एक भन्दा बढी पीडित भएको मुद्दामा मिलापत्र सम्बन्धी प्रकृया अगाडि बढाउँदा महान्यायाधिवक्ताको कार्यालयको मिति २०७७।१२।०६ को निर्देशन नं. ४ अनुसार प्रचलित कानून बमोजिम मिलापत्र हुने प्रकृतिका मुद्दामा धेरै पीडितहरु रहेका तर केही पीडितले मात्र जाहेरी दिएको वा मुद्दामा सरोकार देखाएको अवस्थामा अदालत वा सरकारी वकील कार्यालयबाट खोजी गर्दा उपस्थित नहुने वा मुद्दासँग सरोकार नराख्ने पीडितहरुले मिलापत्रको लागि निवेदन नदिएको भए पनि मुद्दामा सरोकार राख्ने पीडित आफैले वा सम्पर्कमा आएका वा नआएका पीडितका तर्फबाट पीडितका एकासगोलका परिवारका सदस्य वा कानून बमोजिमका संरक्षकले आ-आफ्नो हकमा मिलापत्र गर्न निवेदन दिएमा सम्बन्धित सरकारी वकील कार्यालयले मिलापत्रको प्रकृया अगाडि बढाउने। सम्पर्कमा नरहेका वा सम्पर्कमा आउने अवस्था नदेखिएका पीडितका हकमा त्यस्ता पीडितहरुको नोक्सानी भए अनुसारको रकम, सोमा कानून बमोजिम लाग्ने हर्जाना र अन्य खर्च समेत प्रतिवादीले सुरक्षित राखेको (धरौटी वा अन्य उपायबाट) र त्यस्ता पीडितहरु पछि सम्पर्कमा आएका बखत त्यस्तो रकम प्राप्त गर्न सक्ने देखिएमा उपस्थित भएका पीडित र प्रतिवादीको निवेदन परेमा समेत मिलापत्रको लागि कारवाही अगाडि बढाउने,

१०. एक भन्दा बढी प्रतिवादी भएका मुद्दामा प्रतिवादीहरु मध्येका कुनै व्यक्तिले मात्र मिलापत्रको प्रकृयामा सहमत भई पीडितसँग मिलापत्रको संयुक्त निवेदन दिएको तर कुनै प्रतिवादी फरार रहेको वा मुद्दा मुलतवीमा रहेको वा मिलापत्रको प्रकृयामा सहभागी नभएको अवस्थामा पीडितले त्यस्ता प्रतिवादीका हकमा समेत दावी छाडि मिलापत्र गर्न मञ्जुर रहेको व्यहोरा स्पष्ट उल्लेख गरेको अवस्थामा मिलापत्र गर्न सकिने गरी आदेश दिने,

११. मिलापत्र हुने मुद्दामा अभियोग माग दाबी वा फैसलामा नै प्रत्येक प्रतिवादीको हकमा विगो रहको यिकन भएको रहेछ भने आफ्नो दायित्वमा रहेको विगो रकमको हकमा पीडित र सम्बन्धित प्रतिवादीले मिलापत्र गर्न चाहेमा यस्ता प्रतिवादीको हकमा आशिक मिलापत्र गराउन आदेश दिने,[1]

१ महान्यायाधिवक्ताको कार्यालयको मिति २०८१।०६।०८ को निर्देशन नं ३५ (ख)।

१२. मिलापत्रको निवेदन दिन स्वयम् पीडित का प्रतिवादी उपस्थित हुन सक्ने अवस्था भएकोमा सोको आधार कारण उल्लेख गरी प्रमाण सहित मिलापत्र गर्ने प्रयोजनका लागि पीडितले निजको नजिकको हकवालालाई मंजुरिनामा दिएको अवस्थामा मिलापत्रको प्रकृया बगाडि बढाउने,

१३. मिलापत्रको निवेदनमा उल्लेख गरे बमोजिम पीडितलाई प्रतिवादीले बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाउँदा दस लाख रुपैंयासम्म भएमा पीडितले सो रकम बुझेको भरपाइ वा कागज संलग्न भए नभएको यकिन गर्ने,

१४. मिलापत्रको निवेदनमा उल्लेख गरे बमोजिम पीडितलाई प्रतिवादीले बुझाउनु पर्ने विगो, हर्जाना तथा अन्य रकम लेनदेन गर्दा दस लाख रुपैया भन्दा बढी विगोका हकमा बैंकिंग प्रणाली वा विद्युतीय माध्यम मार्फत बुझाएको देखिने निस्साको सक्कल प्रति (बैंक भौचर, बैंक स्टेटमेन्ट, रसिद आदि) भएमा मात्र मिलापत्रको प्रकृया अगाडि बढाउने,

१५. प्रतिवादीले अदालतबाट भएको आदेश बमोजिम धरौटी राखेको र पीडितलाई बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम सो धरौटी रकमबाट लिनेदिने शर्त राखी मिलापत्र गर्न पीडित र प्रतिवादी सहमत भई निवेदन दिएमा सो बमोजिम मिलापत्रको प्रकृया अगाडि बढाउने,

१६. पीडितलाई बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम वापत प्रतिवादीले रकमको सट्टामा जग्गा वा अन्य सम्पत्ति दिने शर्त गरी मिलापत्र गर्न पीडित र प्रतिवादी सहमत भई निवेदन दिएमा सो बमोजिमको अवस्था भएको मिसिलबाट देखिएमा मिलापत्रको प्रकृया अगाडि बढाउने,

१७. प्रतिवादी र पीडित बीच पीडितलाई बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम अदालतमा मिलापत्र गर्दाका बखत रकम लेनदेन गर्न शर्त राखी मिलापत्रको निवेदन दिएकोमा मिलापत्रको प्रकृया अगाडि बढाउने,

१८. मिलापत्र हुने नहुने आदेश कार्यालय प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलबाट मात्र गर्ने,

१९. मिलापत्रको निवेदन सनाखत भएको मितिले सामान्यतया तीन दिन भित्र मिलापत्र सम्बन्धी निर्णय गर्नु पर्ने,

२०. मिलापत्रको आदेश दिने निर्णय भए वा नभएको जानकारी पीडित र प्रतिवादीलाई गराई मिसिल संलग्न गर्ने,

२१. मिलापत्रको आदेश दिने निर्णय भएकोमा सो आदेशको प्रतिलिपि र आवश्यक कागजात सम्बन्धित अदालतमा यथाशीघ्र पेश गर्ने,

२२. मिलापत्र हुने गरी आदेश भएकोमा सोको आदेश पर्चा अनुसूची- १ र तथ्यांकको विवरण अनुसूची- २ बमोजिम गरी अभिलेख राख्ने,

२३. मिलापत्रको आदेश दिने सम्बन्धी कार्य गर्दा प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही यस मापदण्ड बमोजिम गर्ने गराउने।

अनुसूची १

श्री .......... वकील कार्यालय, ..........

मिलापत्रको आदेश सम्बन्धी निर्णय

आर्थिक वर्ष:

निर्णय नं.:-

१. जाहेरवालाको नामः ..........

२. वारदात मिति र स्थानः ..................................................

३. प्रतिवादीको नाम, थरः ....................

४. मिलापत्रको निवेदन दर्ता मिति: ................

५. दर्ता नं: .....................

६. मुद्दाः- ...........

७. मुद्दा विचाराधीन रहेको अदालत:- ..........

८. अदालतको मुद्दा नं: ....................

९. सनाखत गर्न तोकिएको सरकारी वकील:

पद : .......... सनाखत मितिः ..........

१०.राय पेश गर्न तोकिएको सरकारी वकील:

पद : .......... राय पेश गरेको मितिः ..........

११.कार्यालय प्रमुख समक्ष प्राप्त मितिः ..........

१२.मिलापत्र सम्बन्धमा भएको निर्णय व्होराः ............................... .................................. ..................... ............................. ................................ ....................................................... .................................. ............................ ..................... .......................... ...................................... ............. .................................... ................ ......................................... .......................... ................................................................. ..................... .............. ..................................................... ................................................. .................... ..................... ......................................... ...................................... ........................

हस्ताक्षर ..............................

आदेश दिने सरकारी वकीलको नाम: ................

पद: ................

मिति: ................

( ५ )

अनुसूची २

..... सरकारी वकील कार्यालय .........

मिलापत्र सम्बन्धमा भएका कारवाहीको विवरण

| सि नं | जाहेरवालाको नाम | प्रतिवादीको नाम | मुद्दा | अदालतको मुद्दा नं. | पीडितको संख्या | प्रतिवादीको संख्या | मिलापत्रको आदेशको निर्णय | | अदालतबाट मिलापत्र | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | हुने | नहुने | भएको | नभएको | |
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | |

# १३. वि.स. २०८२ साल भदौ २४ गतेको घटनाबाट क्षति पुगेका सरकारी वकील कार्यालयहरू

<table>
<tr><th>क्र.स.</th><th colspan="2">क्षति पुगेका सरकारी वकील कार्यालयहरू</th></tr>
<tr><td>१</td><td colspan="2">महान्यायाधिवक्ताको कार्यालय</td></tr>
<tr><td>२</td><td>उच्च सरकारी वकील कार्याल, विराटनगर</td><td rowspan="7">उच्च सरकारी वकील कार्यालयहरू<br>कुलः ७</td></tr>
<tr><td>३</td><td>उच्च सरकारी वकील कार्याल, राजविराज</td></tr>
<tr><td>४</td><td>उच्च सरकारी वकील कार्याल, हेटौंडा</td></tr>
<tr><td>५</td><td>उच्च सरकारी वकील कार्याल, पोखरा</td></tr>
<tr><td>६</td><td>उच्च सरकारी वकील कार्याल, बुटवल</td></tr>
<tr><td>७</td><td>उच्च सरकारी वकील कार्याल, तुलसीपुर</td></tr>
<tr><td>८</td><td>उच्च सरकारी वकील कार्याल, नेपालगंज</td></tr>
<tr><td>९</td><td colspan="2">विशेष सरकारी वकील कार्यालय, काठमाडौं</td></tr>
</table>

| क्र.स. | क्षति पुगेका सरकारी वकील कार्यालयहरू | |
|---|---|---|
| १० | जिल्ला सरकारी वकील कार्यालय, मोरङ्ग | जिल्ला सरकारी वकील कार्यालयहरू<br>कुलः १६ |
| ११ | जिल्ला सरकारी वकील कार्यालय, सप्तरी | |
| १२ | जिल्ला सरकारी वकील कार्यालय, सिरहा | |
| १३ | जिल्ला सरकारी वकील कार्यालय, सर्लाही | |
| १४ | जिल्ला सरकारी वकील कार्यालय, मकवानपुर | |
| १५ | जिल्ला सरकारी वकील कार्यालय, चितवन | |
| १६ | जिल्ला सरकारी वकील कार्यालय, तनहुँ | |
| १७ | जिल्ला सरकारी वकील कार्यालय, कास्की | |
| १८ | जिल्ला सरकारी वकील कार्यालय, नवलपरासी (बर्दघाटसुस्ता पश्चिम) | |
| १९ | जिल्ला सरकारी वकील कार्यालय, रुपन्देही | |
| २० | जिल्ला सरकारी वकील कार्यालय, दाङ | |
| २१ | जिल्ला सरकारी वकील कार्यालय, कैलाली | |
| २२ | जिल्ला सरकारी वकील कार्यालय, कञ्चनपुर | |
| २३ | जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट | |
| २७ | जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं | |
| क्षति पुगेका कुल सरकारी वकील कार्यालयहरूः २४ | | |